# संघीय संसद
# राष्ट्रिय सभा
# चौधौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २५ जेठ २०८०
# बिहीवार
# बैठक सङ्ख्या- १४

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १३:०१ बजे प्रारम्भ भयो ।

(१३:०५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

(१३:०५ बजे, माननीय भैरव सुन्दर श्रेष्ठले टेबुल ठोकेर केही कुरा राख्न खोज्नुभएको)

(१३:०५ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, मैले अलिकति सदनको हाम्रो सदनको ध्यानाकर्षण गराउन चाहन्छु अध्यक्षज्यूमार्फत । सरकारलाई पनि । मैले यो हाम्रो राष्ट्रिय सभाको नियमावलीको नियम ६ को (५) मा प्रष्ट व्यवस्था के छ भन्दा सदन चलिरहेको बेला सरकारको तर्फबाट सम्बन्धित मन्त्री अथवा कुनै मन्त्रालयको विषयमा सदन चलिरहेको छ । त्यसको बारेमा कुरा राख्नुपर्दाखेरि सम्बन्धित मन्त्रीको अनिवार्य उपस्थिति भनेर नियममा उल्लेख भ'को चाहिने छ । हिजो मैले समय लिएर बोलिरहेको बेला सत्तापक्षकै माननीय सांसदज्यूले नियम आपत्ती गरेर मन्त्रीज्यूको उपस्थिति छैन भनेर भन्नुभएको थियो । त्यतिखेर मैले पनि त्यही रोष्ट्रमबाट उभिएर के भनेको

थिएँ भन्दा सर्ट टाइमको निम्ति माननीय मन्त्रीज्यू बाहिर जानुभएको होला भन्ने लागेको थियो तर पनि बिचमा चाहिँ म बोल्दै गर्दाखेरि नियम आपत्ती गरिसकेपछि मन्त्रीको उपस्थिति भएन र एकातिर बजेटका सन्दर्भमा हामी छलफल गरिरहेका छौं । आर्थिक वर्ष २०८० र ०८१ का सन्दर्भमा हामी छलफल गरिरहेका छौं । मन्त्रीको उपस्थिति अनिवार्य भएर हाम्रो नियमले भन्छ र मन्त्रीको उपस्थितिविना बैठक नचलाइयोस् भनेर ध्यानाकर्षण गराउँदा पनि मन्त्री आइहाल्नुहुन्छ भनेर कस्तो स्थिति भयो भने सत्ता पक्षकै माननीयज्यूहरू मन्त्रीज्यूकै खोजीमा दौडादौड भएको स्थिति चाहिँ भयो । त्यस्तो स्थितिमा बैठक चाहिँ अगाडि चाहिँ भयो । अब यही रूपमा अगाडि बढाउने हो यसरी नै चलाउने हो भने वास्तवमा चाहिने हाम्रो यो नियमावलीको संसदको गरिमा पनि घट्ने नियमावली व्यवस्था गरेअनुरूप पनि माननीय मन्त्रीज्यूहरू नचल्ने हो भने नेकपा एमाले यस किसिमको सदन चलाउने सवालमाथि हामी बैठकमा सहभागी भएर बैठक चलाउने कुरामाथि मन्त्रीज्यूको अनुपस्थितिविना बैठक चलाउने कुरामा विषयमाथि हामी गम्भीर छौं । त्यो गम्भीर भएको विषयलाई मैले सम्माननीय अध्यक्षज्यूलाई ध्यानाकर्षण गराउन चाहन्छु । यसरी बैठक चलाउने कुरा अगाडि बढियो भने नेकपा एमाले यसरी चल्ने बैठकमा चाहिँ उपस्थिति नहुने कुराको म जानकारी गराउन चाहन्छु । धन्यवाद ।

(१३:०७ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, माननीय सदस्यले व्यक्त गर्नुभएको विचारमा म नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु र खास गरी राजस्वको यो आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुगमनमाथि सामान्य छलफल एकैपटक दुवै सदनतिर चल्ने यो व्यवस्था नै हो । यस्तो अवस्थामा एक जना मन्त्रीलाई दुवैतिर खोज्दा त पक्कै पनि पाउन सकिँदैन । यसकारण हामी व्यावहारिक हिसाबले सरकारको मन्त्री अनिवार्य रूपमा हुनै पर्छ । नहुँदा नचल्ने हाम्रो परम्परा पनि हो । यो विषय अझै गम्भीर छँदै छ । र म नेपाल सरकार र खास गरी अर्थमन्त्रालय र अर्थमन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु । नेपाल सरकार अर्थ मन्त्रालयका उपसचिवभन्दा माथिल्लोस्तरका अधिकृत अनिवार्य रूपमा नोट गरेर त्यहाँ बस्नुपर्यो यहाँको यो नोट नगर्दाखेरि यसको जवाफ कसरी दिन सक्छ? यस कारण बैठक सुरु भएबाट अन्त्यसम्म नेपाल सरकारको अर्थ मन्त्रालयको यो विषयमा छलफल हुँदा उपसचिव वा सोभन्दा माथिल्लोस्तरको अधिकृत अनिवार्य रूपमा यहाँ बसेर सबै रिपोर्ट टिपोटहरू गर्नुपर्यो । म यो निर्देशन दिन्छु ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय अनिता देवकोटा ।

(१३:०९ बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूमार्फत म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । भारतको नेपाली राजदूतावासको नाम शाही नेपाली राजदूतावास लेखिएको छ । गणतन्त्र आएको ८ वर्ष पुग्दासम्म पनि राजदूतावासको नाम सुधार नहुनु राम्रो भएन । यस्ता नामहरू अन्य कुन कुन देशमा छन् । ती सबैको यथाशीघ्र सुधार हुनुपर्यो । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**:- माननीय कुमार दसौदी ।

(१३:०९ बजे) **माननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, यो लोकतन्त्रमा निर्वाचनको असाध्यै महत्त्व हुन्छ । हामी आवधिक निर्वाचनमा जान्छौं निर्वाचन अङ्गालेका छौं तर यो बजेटको चाहिँ अन्तिम त्यो अनुसूचीमा के राखिएको रै'छ भने निर्वाचन कार्यालयलाई हटाउने र त्यो कार्यलाई अन्त कतै जिल्ला प्रशासनमा गाब्ने भनिएको रैछ । अब निर्वाचन स्वच्छ नभइकिन कुनै पनि कुराहरू अगाडि बढ्न सक्दैनन् । भोलि एउटा भोटको जित हार हुन्छन् । निर्वाचन असाध्यै महत्त्वपूर्ण कति चाहिँ मतदाता नामवली छुट्या छ । त्यसको कामको व्यवस्थापन कति गर्नपर्ने हुन्छ । यस्तो महत्त्वपूर्ण कुरा चाहिँ आवधिक निर्वाचनमा निर्वाचन कार्यालय खारेज गर्ने कुरा गलत हो । यसलाई चाहिँ खारेज नगरियोस् । निर्वाचन कार्यालय यथावत राखियोस् ।

**सम्माननीय अध्यक्ष**:- माननीय खिमलाल देवकोटा ।

(१३:१० बजे) **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, प्रमुख पार्टीका शीर्षस्त नेताहरू बसेर नक्कली भुटानी शरणार्थीको विषयलाई नतन्काउने, विषयान्तर

गर्ने भन्ने सहमति भएको बजार हल्ला छ । सत्य तथ्य के हो? संसदलाई जानकारी गराइयोस् ।

दोस्रो विषयः अदालतले पटक पटक निर्देशन र संसदमा निरन्तर आवाज उठाउँदा पनि फेवातालको संरक्षणमा सरकार उदासीन हुनुले ताल अतिक्रमणकारीहरूलाई नै राजनीतिक दल र सरकारकै संरक्षण रहेको मेरो बुझाइ छ । हैन छैन भने सरकार यसमा किन बोल्दैन?

तेस्रो विषयः सांसद मेयर वा विभिन्न भेषमा सहकारी क्षेत्रमा दलाल माफियाहरू प्रवेश गरेर सहकारीको मर्म र भावनामाथि नै प्रहार गरेका छन् । सहकारी क्षेत्रको पवित्र भावनालाई जोगाउन सहकारी सुदृढीकरण अभियान सञ्चालन गरियोस् । सहकारीका ठगहरूलाई हदैसम्मको कारबाही होस् ।

चौथो विषयः वीरगञ्जको सिर्सिया नदी प्रदूषणबाट आजित भई । वीरगञ्जका युवाहरू आन्दोलित छन् । हारगुहार गर्न पैदल हिँडेरै काठमाडौं आएका छन् । सरकारले यस विषयलाई गम्भीरतापूर्वक लिई नदी संरक्षणमा ध्यान दिओस् । हस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय दिपा गुरुङ्ग ।

(१३:११ बजे) **<u>माननीय श्री दिपा गुरुङ्ग (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोयद, मान्छे बिरामी भएपछि अस्पताल भर्ना हुनुपर्छ । भर्ना भएको बिरामीको लागि कम्तीमा एक जना कुरुवाको आवश्यकता पर्छ तर कुरुवालाई बस्नको निम्ति कुनै ठाउँ नहुनु अस्पतालको बाहिर प्यासेजमा बस्नुपर्ने बाध्यता देखिएको छ । राजधानीको ठुल्ठुला अस्पतालमा यस्तो समस्या देखिएको छ । बिरामीको कुरुवा लामो समयसम्म चिसो भुँइमा बस्न पर्दा आफैं बिरामीको जोखिममा पर्ने र शौचालयलगायत नुहाउने, सरसफाइ गर्ने ठाउँ नपाउने, ओड्ने ओछ्याउने सामान सुरक्षित नहुने कुरुवा घरको अभावमा देखिएको जटिल समस्या हो । स्वास्थ्य संस्था स्थापना सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० ले नै बिरामी कुरुवाको लागि कुरुवाघर हुनुपर्ने भनिएको छ । निर्देशिकाको परिच्छेद- ४ अन्तर्गत अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा बिरामीको कुरुवा बस्ने व्यवस्था हुनुपर्छ भनिएको छ तर ठुला ठुला अस्पतालहरूमा यसको अभाव देखिएको हुनाले समस्याको समाधान गर्नको निम्ति अध्यक्ष महोदयमार्फत स्वास्थ्य मन्त्रीको ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय दिल कुमारी रावल थापा "पार्वती" ।

(१३:१२ बजे) **माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, हालै भारतले नयाँसंसद भवनमा जारी नक्सा नेपालको कपिलवस्तु, लुम्बिनी क्षेत्रसहित अन्य देशसमेतको भूभाग समेटेर भारतको नयाँसंसद भवनमा जारी नक्साको विषयमा हाम्रो देशका प्रधानमन्त्रीज्यूले कमजोर प्रस्तुति देखियो । संसारमा संस्कृति नक्सा हुँदैन । यो नक्सा इतिहास हो कि भविष्यको कल्पना हो? यो भारतको हेपाहा प्रवृत्ति हो । प्रधानमन्त्रीज्यूले प्रत्यक्ष भेटमा यो गलत हो भन्न नसक्नु, परराष्ट्र मन्त्रीले त्यसबारेमा जानकारी छैन भनेर भारतीय भूमिमा अन्तर्वार्ता दिनु सरकारको गम्भीर कमजोरी हो । यसबारेमा अन्य देशले विरोध जनाइ सकेको अवस्था छ । यस विषयमा भारत सरकारसँग कूटनीतिक नोटमार्फत जवाफ माग गर्न अध्यक्षज्यूमार्फत सरकारसँग माग गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय नरपति लुवार ।

(१३:१३ बजे) **माननीय श्री नरपति लुवार (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- अध्यक्षज्यू, सर्वप्रथम त राजकोट नगरपालिका- २ मा हिजो जिप दुर्घटना हुँदा दुइटै लोग्ने स्वास्नीको मृत्यु भा'को छ । मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । र एक जना घाइते घाइतेको स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । सँगसँगै फुर्कोट हाइड्रोपावरबारेमा जुन नेपाल सरकार भारतमा सम्झौता गर्यो । यो सम्झौता कर्णालीवासी मात्रै नभएर । नेपाली जनताको हितमा छैन । यो अध्यक्षज्यूमार्फत यो सम्झौता तुरुन्तै खारेज गर्नपर्छ भन्ने नेपाल सरकारसँग ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय प्रकाश पन्थ ।

(१३:१४ बजे) **माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, पृथ्वी राजमार्ग मुग्लिन पोखरा खण्ड विस्तार हुँदै छ । अझै केही वर्ष लाग्ने देखिन्छ सम्पन्न हुनको लागि । घाम लाग्दा धुलो र पानी पर्दा हिलोले यात्रुहरू, पैदल यात्रुहरू र स्थानीय बासिन्दालाई समेत निकै सास्ती र दुःख भैरहेको छ । दुर्घटनाहरू पनि बढिरहेको छ । म

यसतर्फ नेपाल सरकार र सम्बन्धित निकाय र आयोजनाको लागि समेत ध्यानाकर्षण गराउँदछु ।

यसै गरी वर्षायाम मनसुन हुँदै छ । बाढीपहिरो, डुबानलगायत बिपतलाई जनतालाई बचाउन जिउधनको रक्षा गर्नको लागि नेपाल सरकार गृह मन्त्रालयलगायत सम्बन्धित निकायहरूले विगत पूर्वको तयारी सम्बन्धमा कस्तो कामहरू गरिरहेको छ? गृहमन्त्रीमार्फत, यसै संसदबाट यसै सदनबाट जवाफ चाहन्छु । स्पष्ट हुन चाहन्छु ।धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१३:१५ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- अध्यक्षज्यू, हालै भारतले एउटा नक्सा अखण्ड भारत भनेर आफ्नो नयाँ संसद भवनमा सार्वजनिक गरेको चाहिँ छ । हाम्रो देशको प्रधानमन्त्री भारत भ्रमणकै ग'को बेला पनि त्यो विषयमा कुरा राखें भनेर हिजो चाहिँ आफ्नो बोल्ने क्रममा यहाँ राखुभ'को छ तर त्यो अखण्ड भारत भन्ने नक्सामाथि नेपालको कपिलवस्तु र तिलौराकोट जमिनलाई त्यहाँ समेटेर सार्वजनिक गरिएको छ । र यसले नेपालको राष्ट्रियता, सार्वभौमिकता र भौगोलिक अखण्डतामाथि चाहिँ हाम्रो स्वाभिमानमाथि दखल पुऱ्याएको छ । यसको बारेमा नेपाल सरकारले तत्काल चाहिँ । भारत सरकारसँग यसको बारेमा स्पष्टीकरण माग गरियोस् भन्ने माग गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय महेश कुमार महरा ।

(१३:१५ बजे) **माननीय श्री महेश कुमार महरा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, २०७७ साल साउन महिनामा परेको अभिरल वर्षाको कारणले डडेल्धुरा जिल्लाको आलिताल गाउँपालिकाको वडा नम्बर ७ मा बलौचा खिन्ने..... बस्तीहरू पहिरोमा परेर ४२ घरधुरीहरू ध्वस्त भए र केही अरू विस्थापित भए । तर मैले यो कुरा पटक पटक सदनमा उठाएँ कुनै सुनुवाइ भएन । अहिले ती विस्थापित परिवारहरू घरधुरीका परिवारहरू चाहिँ गाउँपालिकाको कार्यालय घेरिरहेका छन् र यो गाउँपालिकाले पनि गर्न सक्दैन र प्रदेशले पनि सक्दैन । यी फाइलहरू यी चाहिँ तलबाट टिप्पणी उठाएर संघीय सरकारमा आइसकेको छ । त्यसो भएको कारणले म अध्यक्ष महोदयमार्फत तत्काल ती पीडित

परिवारलाई चाहिने त्यो बस्ती स्थान्तरणको व्यवस्था गरियोस् भनेर म ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय रामचन्द्र राई ।

(१३:१६ बजे) **माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, मेरो घरै छेउमा हेटौंडा सिमेन्ट उद्योग छ । हेटौंडा सिमेन्ट उद्योगमा ३५/४० वर्षसम्म काम गर्ने कर्मचारीहरूलाई सेवा निवृत्तपछि पाउने उनले पाउने उपदानलगायतका रकमहरू एक वर्षदेखि भुक्तानी नदिएर राखिरहेको छ । म उद्योग मन्त्रालयलाई त्यो कर्मचारीहरूको भुक्तानी व्यवस्था मिलाओस् । उनको घरमा पीडा छ । त्यो पीडा समाधान गरोस् । र त्यो उद्योगलाई समयानुकूल इन्हान्स गर्न पुग्ने गरी रकम विनियोजन गरी व्यवस्था गरीकन त्यो उद्योगलाई व्यवस्थित सञ्चालन गरोस् भनेर उद्योग मन्त्रालयको ध्यानाकर्षण गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय डाक्टर विमला राई पौडयाल ।

(१३:१७ बजे) **माननीय डा. विमला राई पौडयाल (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, पहिलो कुरा त लामो खडेरी र बढ्दो तापक्रमले तराईमा जनजीवन अस्तव्यस्त भएको छ । स्कुल, कार्यालयहरू बन्द छन् । बिरामीहरू बढ्दै छन् । सरकारले जनतालाई बचाउन के तयारी गरेको छ? जनचेतनाको साथै राहत उदारको कामलाई कसरी व्यवस्थित गर्दै छ? त्यसको जानकारी चाहन्छु ।

दोस्रोः भारतले संसद भवनमा कपिलवस्तु, लुम्बिनी देखाएर सांस्कृतिक नक्सा हो भन्दा हुन्छ भने हाम्रो पनि नयाँ संसद बन्दै छ । यो नयाँ संसद भवनमा हामीले पनि ग्रेटर नेपाल भनेर दार्जिलिङ र सिक्किम देखाउन मिल्ने कि नमिल्ने । परराष्ट्र मन्त्रीले अझै पनि यो विषयमा जान्दिन भन्ने कि कूटनीतिक नोट पठाउने? यसको पनि जवाफ चाहियो । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सिंग वहादुर विश्वकर्मा ।

(१३:१८ बजे) <u>**माननीय श्री सिंग वहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**</u>:- सम्माननीय अध्यक्षज्यू, सिन्धुपाल्चोक जिल्ला हेलम्बु पाँच पोखरी, इन्द्रवती गाउँपालिका र मेलम्ची नगरपालिकाबाट काठमाडौं पुग्ने सबैभन्दा छोटो दुरीको मुख्य सडकमार्ग साँखु, जर्सिङपौवा नाङ्लेभार सडक खण्डको थलिदेखि नाङ्लेभारसम्म सडक कालोपत्रे भैसकेको तापनि छाप भञ्याङदेखि .....शीलासम्मको सडक स्तरुन्नति नहुँदा वर्षायामको सँगै सडकको दुर अवस्था कारण वर्षेनीपिछे यात्रु र सवारीसाधनले सास्ती खेप्नुपरिरहेको छ भने दुर्घटनासमेत बढिरहेको छ । तसर्थ सबै स्तरोन्नतिको समयमै स्तरोन्नतिको लागि सम्माननीय अध्यक्षज्यूमार्फत सम्बन्धित निकायको ध्यान आकर्षित गराउन चाहन्छु । धन्यवाद ।

(१३:१९ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब आर्थिक वर्ष २०८०/०८१ को राजस्व व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलको क्रम जारी रहन्छ । माननीय सदस्यहरू, छलफलमा भाग लिन दलीय आधारमा प्राप्त भएको नामअनुसार बाँकी माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँदछु ।

माननीय महेश कुमार महरा । समय ७ मिनेट । यसपछि माननीय भगवती न्यौपाने ।

(१३:२० बजे) <u>**माननीय श्री महेश कुमार महरा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**</u>:- सम्माननीय अध्यक्ष महोदय, आज हामी ०८० र ०८१ को बजेटमाथि हामी छलफल गरिरहेका छौं । र सर्वप्रथम म जुन यो नेपालको अर्थतन्त्रमा देखेका चुनौतीहरू ती चुनौतीहरूलाई पहिचान गरेर र ती समस्या समाधान गर्ने गरी यो ०८०/०८१ को बजेट आएको छ भन्ने मलाई लाग्छ र त्यसो भएको कारणले म यो बजेटको चाहिँ समर्थन गर्दै केही आफ्नो कुरा सल्लाह सुझाव राख्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, यसरी यो बजेटलाई सरसर्ती हेदाखेरि यसका उद्देश्यहरू छन् । ६ ओटा उद्देश्यहरू छन् । जसमध्ये अब ७ मिनेटमा पूरे यहाँ भन्न सक्ने स्थिति पनि छैन । त्यसको उद्देश्य यसो हेर्दाखेरि जुन संघीयता सबलीकरण र सुशासनको विषय ल्याएको छ । यो अत्यन्तै राम्रो छ र यसै गरी यसका प्राथमिकतातर्फ हेर्दाखेरि कृषि, ऊर्जा र पर्यटनलाई लिएको छ । यो अत्यन्तै राम्रो छ । नेपालको अर्थतन्त्रलाई अगाडि बढाउनका निमित्त र हामी

आत्मनिर्भर हुनका निमित्त कृषि, ऊर्जा र पर्यटन नै मुख्य विषय हो त्यसो भएको कारण यो अत्यन्तै राम्रो छ । यो राम्रो हुँदाहुँदै पनि मेरा केही विषयवस्तु म यहाँ राख्न चाहन्छु ।

यसरी हेर्दा जुन हामीले यो सदनमा सिद्धान्त र प्राथमिकतामा छलफल गर्‍यौं र त्यो सिद्धान्त र प्राथमिकताअनुरूप नीति तथा कार्यक्रम आयो । नीति तथा कार्यक्रमलाई बोकेर बजेटले आउनुपर्ने हो तर केही अन्तरविरोध त्यहाँ देखियो । मैले त्यो किन भन्न खोजेंभन्दाखेरि मेरो सुदूरपश्चिम प्रदेशको एउटा मेडिकल कलेज त्यसलाई विश्वविद्यालय बनाउने भनेर नीति तथा कार्यक्रममा उल्लेख भयो भने यो बजेटमा आउँदाखेरि त्यसलाई प्रतिष्ठानको रूपमा सञ्चालन गर्ने त्यसलाई चाहिने एक सय शैयाको अस्पतालको रूपमा विकास गर्ने भनेर आयो । यसरी आउँदाखेरि यो चाहिँ सुदूरपश्चिमका जनतालाई अलमल्याउने कुरा हो भन्ने मलाई लाग्छ । हिजोदेखि केन्द्रीय शासनबाट उत्पीडनमा परेको सुदूरपश्चिम कर्णाली यी प्रदेशहरू फेरि पनि अहिले आउँदाखेरि नीति तथा कार्यक्रममा एउटा आउँछ बजेटले अर्को भन्छ । यसो गर्दाखेरि न त्यो विश्वविद्यालय हुन सक्छ न त ऊ प्रतिष्ठानको रूपमा नै सञ्चालनमा आउन सक्छ । यस्ता चुनौतीहरू हुनसक्छन् र यस्ता समस्याहरू आइपर्न सक्छन् । त्यसो भएको कारण यो के हो यसलाई चाहिने सम्माननीय अर्थमन्त्रीज्यूले यहाँ स्पष्ट पार्नुपर्छ । सुदूरपश्चिमका जनताहरूले पनि माग गरेका छन् । यो के हो त हामीप्रति किन यस्तो हिजो एकात्मक राज्य व्यवस्था हुँदाखेरि त हामी उत्पीडनमा पर्यौं पर्यौं र अहिले संघीय लोकतान्त्रिक गणतन्त्र आउँदाखेरि पनि हामीमा त्यस्तो विभेद किन? किन अलमल्याउन ? खोजियो भनेर प्रश्न गरिरहेका छन् । त्यसो भएको कारणले यो कुरा मैले यहाँ राखें । यसको जवाफ अर्थमन्त्रीले दिनुहोला ।

त्यसै गरी अर्को विषय के छ भन्दाखेरि सुदूरपश्चिम प्रदेशमा यो बजेटले खासै त्यस्तो बोकेको मैले देखिनँ । हिजोदेखि सुदूरपश्चिमका जुन योजनाहरू छन् । जुन चाहिँ गौरवका योजनाहरू छन् । तीमा पनि बजेटको व्यवस्थापन हुन नसकेको मैले देखेको छु । मैले कहाँनिर भन्न खोजें भने । सम्माननीय अध्यक्ष महोदय, जसरी महाकाली करिडोर छ । महाकाली करिडोर २०६६ सालमा सुरु भएको हो । यो चाहिँ १८ अर्बको परियोजना हो र त्यो काम सञ्चालन भैरहेको छ र ०८१/०८२ मा गएर यसलाई ट्र्याक ओपन गर्ने हो तर यो सम्भव छ कि छैन भन्दाखेरि जुन विगतको बजेटले पनि त्यो व्यवस्था गर्न सकेन । र यो यसपालिको बजेटले पनि ४५ करोड छुट्टाएको छ । अब त्यो ४५ करोडले त्यो सम्भव हुन सक्छ? त्यो ट्र्याक ओपन हुन सक्छ? हुन सक्दैन । हामीलाई लाग्छ त्यो हुन सक्दैन । यहाँ यसरी अलमल्याउने कुरा गर्नुहुँदैन । हिजो एकात्मक राज्यसत्ताले जो उत्पीडन थियो । त्यो उत्पीडन त गरेकै थियो र फेरि पनि यो गणतन्त्र आउँदाखेरि पनि किन हामीमाथि यस्तो

अपमान? किन यस्तो विभेद? त्यसो भएको कारणले यो मेरो विषय होइन । यो बजेट वक्तव्य हेरिसकेपछि त्यहाँका जनताहरूले मलाई फोन गरेर भने । यो हामीमाथि विभेद गरेको छ । हिजो पनि गरे । आज पनि गर्दै छन् । भनेर भनिसकेपछि म सुदूरपश्चिम जनताको आजाव उठाउँदै छु । त्यो महकाली करिडोरको विषय मात्रै होइन । सेती करिडोरमा पनि यस्तै छ । हुँदा हुँदा त्यो ३० करोड दैजी र ..... सडक भन्ने छ । यो २०४६/०४७ सालदेखि त्यो ट्र्याक ओपन भएको हो । अहिले त्यसलाई स्तरोन्नति भनेर ३० करोड छुट्टाइएको छ । त्यो ३० करोडले त्यहाँ केही हुनेवाला छैन । यस्तो पनि गर्न पाइन्छ? हुनत मेरो जिल्लाबाट पाँपाँचचोटि प्रधानमन्त्री पनि हुनुभएको छ । यो कुरा पनि आउँला तर त्यहाँ कुनै कालोपत्रे पनि हुन सकेको छैन र त्यो स्तरोन्नति पनि हुन सक्दैन । त्यसो भएको कारण यो कसरी मिलाउन सकिन्छ? म सम्माननीय अध्यक्ष महोदयमार्फत अर्थमन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु । यो कहाँ समेटिन्छ? यसलाई समेट्नुपर्यो । हैन भने यही तरिकाले गयो भने हामी समर्थन गर्न सक्दैनौं । यो कुरा मेरो कुरा मात्रै हैन । यो सुदूरपश्चिमी जनताको कुरा म यहाँ राख्दै छु ।

र त्यसै गरी जुन अस्पतालको कुरा पनि मैले राखें र अरू कुरा जुन चर्चित बहुचर्चित सेती परियोजना छ । यसमा पनि हरेक बजेटमा यसलाई समेट्ने गरिन्छ । यसो गरेर निर्णय गरिने छ भनेर त्यहाँ लेखिएको छ । तर यसलाई ठोस् रूपमा अगाडि बढाउन किन सकिरहेको छैन? सुदूरपश्चिमै भएको कारणले त्यो निर्णय हुन नसकेको हो? र यसो कुरा भनिरहँदा लाग्न सक्छ । कति सुदूरपश्चिमका कुरा उठायो भनेर लाग्न पनि सक्छ । त्यसो हैन । हिजोदेखि त्यो सम्झौता हुन्छ । एउटा त्यो राजनीतिक मुद्दा उठाएर एउटा आफू सरकारमा हुने बेला हामी गर्छौं यो गर्छौं भनेर नीति तथा कार्यक्रममा आउँछ । फेरि सरकार ढल्छ, फेरि अर्को आउँछ, त्यही मुद्दा उठाइन्छ । त्यो सुदूरपश्चिमको समृद्धिको लागि हो भनेर कुरा गरिन्छ तर अन्ततः आएर के हुन्छ त भन्दाखेरि अल्मल्याउने काम हुन्छ र त्यो अगाडि बढिरहेको छैन । त्यसो भएको कारण यसलाई चुनाबी एजेन्डा बनाएर मात्रै हुँदैन । म ध्यानाकर्षण गराउन चाहन्छु । सबै दलका आदरणीय नेताहरूलाई म चाहिँ ध्यानाकर्षण गराउन चाहन्छु । के चाहन्छु भने चुनाबको बेला हामी सुदूरपश्चिम दुर्गम भयो कर्णाली दुर्गम छ । त्यो केन्द्रीय सत्ताबाट हेपिएको छ । हामी त्यसलाई समृद्ध गर्छौं, बनाउछौं, भनेर नारा लगाउने जब आफू सत्तामा काठमाडौं यो उसमा पुगिसके भने नहेर्ने जो प्रवृत्ति छ । त्यो गलत छ । त्यसो भएको कारणले मैले यो बजेटमा आफ्ना केही सुझावहरू राखें । यो यी सुझावहरूलाई समेट्न सक्छन् कि सकिँदैन भन्दाखेरि अहिलेसम्मको परम्परा हेर्ने हो भने हामी जति बोले पनि जति यहाँ कुरा राखें पनि यो संशोधन हुनेवाला छैन । यो कुरा त बुझिएको छ र ह्रस्व र दीर्घ पनि चेन्ज हुँदैन

तर यहाँ पनि हामीले केही नयाँ गरौं । परम्परावादी भएर हामीअगाडि बढ्न सक्दैनौं कसरी नयाँ नेपाल बन्न सक्छौं? हिजोको प्रवृत्ति जे छ त्यही राखेर हुँदैन । केही नयाँ गरौं । माननीयहरूले उठाएका कुराहरूलाई माननीयहरूले राखेका सुझावहरूलाई जनताले दिएका सुझावहरूलाई

यसलाई संशोधन गरेर समृद्ध गरेर अगाडि बढाउन सक्छौं कि सक्दैनौं? यो हक्का नेताहरूले गर्नुपर्छ । यदि गरेनौं भने हामी संघीय लोकतान्त्रिक गणतन्त्रमा आउने । उही पुरानो एकात्मक राज्य व्यवस्था र उही संसदीय व्यवस्थाको भाषमा हामी चेन्जफेन्ज पनि ह्रस्व दीर्घ पनि गर्न सक्दैनौं भने के नेपाल बन्न सक्छौं? के हामी साँच्चैकै नयाँ नेपालको नेतृत्व गर्न सक्छौं? ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय भगवती न्यौपाने, माननीय भगवती न्यौपाने । समय १२ मिनेट । यसपछि माननीय कमला पन्त ।

(१३:२७ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, हामी आर्थिक वर्ष ०८०/०८१ को बजेटमा छलफल गरिरहेका छौं । माननीयज्यूहरूले सत्तापक्ष कै माननीयज्यूले भन्नुभो' वास्तवमा हामी छलफल गर्छौं । नेपाल सरकारका मन्त्रीज्यूहरूले सुन्नुभएको जस्तो गर्नुहुन्छ । तर यो केही हुँदैन । सच्चिँदैन । मैले पहिले पहिले पनि भनेको थिए । यसलाई परम्पराको रूपमा यस्तै परम्परा हो भनेर भन्ने गरिन्छ । हामीले गरेको बहस, हामीले दिएका सुझावहरू, हामीले औंलाएका कुराहरू, हामीले गरेका प्रश्नहरू सम्बोधन हुँदैन । त्यसैले यो छलफलको औचित्य के हो? बोल्नका निम्ति मात्रै बोल्ने हो कि? समावेश हुन्छ, सँच्चिन्छ भन्ने हो? परम्परा, पराम्परा कै रूपमा राख्ने हो कि? बदल्ने हो? त्यसैले यहाँ उठेका महत्त्वपूर्ण विषयहरू, बजेटमाथि भएका छलफलहरू सरकारले समेट्ने प्रतिबद्धता व्यक्त गर्न पर्छ । रचनात्मक सुझावहरूलाई समेट्ने प्रतिबद्धता व्यक्त गर्नुपर्छ । म यो सुझाव दिन चाहन्छु ।

अब म भन्न चाहन्छु । यहाँ धेरै पटक देशको बारेमा चिन्ता गर्दै गर्दा अर्थतन्त्रको विषयमा चिन्ता गर्दै गर्दा भन्ने पनि गरिन्छ । अनावश्यक रूपमा विरोध भयो कि? अनावश्यक रूपमा आलोचना गरियो । प्रतिपक्षका सांसदहरूले अनावश्यक रूपमा विरोध गरे । यहाँ राम्रा कुराहरू छन् । बजेटमा धेरै राम्रा कुराहरू छन् । तर यो बेकारको रूपमा विरोध आयो भन्ने जस्तो आशयबाट बोलिन्छ । म भन्न चाहन्छु । अमेरिकामा सन् १९३० मा त्यहाँ ठुलो आर्थिक मन्दी भयो । आर्थिक मन्दी हुँदै गर्दाखेरि खान नपाएर त्यहाँका जनताहरू भोकमरीले

सडकमा लडेको त्यस्तो खालको लड्ने अवस्था त्यस्तो अवस्था थियो । त्यो जटिल अवस्था हुँदै गर्दा अमेरिकाले उसले आफ्नो देशको अर्थतन्त्रलाई मर्मत गर्ने प्रतिबद्धता व्यक्त गर्‍यो । त्योभन्दा अगाडि देशको अर्थतन्त्रमा देखिएका कमजोरीहरू के हुन्? के कारणले देशको अर्थतन्त्रमा मन्दी आयो? त्यतिबेलाको मन्दीलाई ग्रेट डिप्रेसन पनि भनिन्छ । त्यस्तो खालको मन्दी किन आयो? भनेर भन्ने कुरा उसले कारण पत्ता लगायो । कारण पत्ता लगायो । सबै विज्ञहरूको पनि सल्लाह लियो ।

(१३:३० बजे) **पीठासीन**:- माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

**माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- र कारणहरू मध्येको कारण तीनटा कारण पत्ता लगायो । त्यो हो एउटा बैङ्किङ सिस्टम, अर्को अनुउत्पादक क्षेत्रमा लगानी गर्ने कुरा घरजग्गा कारोवारमा लगानी गर्ने कुरा र तेस्रो भनेको सेयर मार्केट । उनले तीनटा कारणले गर्दाखेरि मन्दी आएको कुरा पत्ता लगायो । र उसले त्यो अर्थतन्त्रलाई मर्मत गर्ने प्रतिबद्धता राख्यो । त्यसैले हाम्रो देशमा पनि जब मन्दीतिर हामी गइराखेका छौं । अर्थतन्त्रमा मन्दी आइराखेको छ । अनुउत्पादक क्षेत्रमा लगानी भइरहेको छ । त्यो विषयमा मतलब के कारणले गर्दाखेरि मन्दीतिर हामी गइराखेका छौं? हामी बहस गर्ने गर्छौं । हामी भन्ने गर्छौं । युक्रेन र रसियाको द्वन्द्वको कारणले गर्दाखेरि मन्दी आएको भनेर हामी भनिरहन्छौं । त्यही मात्रै कारण हो? हाम्रो घरेलु कारण छैन? यो विषयमा हामी नेपाल सरकार घोत्लिन तयार छैन । र प्रतिपक्षका अरू विज्ञहरूका अर्थशास्त्रीहरूका कुरा सुन्न पनि तयार छैन । र त्यो अनुसारको बजेट ल्याउन पनि सरकार तयार छैन । त्यो ढङ्गले छलफल गर्न पनि तयार छैन । अस्ति प्रतिनिधि सभामा एक जना माननीयज्यूले भन्नुभएको थियो । एउटा सम्मेलन गरौं । एउटा यो देशको अर्थतन्त्रलाई सुदृढ बनाउनका निम्ति मन्दीबाट देशलाई जोगाउनको निम्ति गोलमेच सम्मेलन गरौं भनेर एक जना माननीयज्यूले भन्नुभएको थियो । के सरकार त्यसो गर्न तयार हुन्छ? हुँदैन । तर उल्टो सरकारले के भन्छ भने अस्ति हिजो पनि माननीयज्यूहरूले उठाउनुभएको थियो । तथ्याङ्कसहित प्रस्तुत गर्नुभएको थियो । देशको अर्थतन्त्रको चित्र के छ भन्ने विषयमा, देशमा राजस्व कति उठिराखेको छ? आजसम्म कति उठिराखेको छ? सरकारको लक्ष्य कति छ? भन्ने सन्दर्भदेखि लिएर पूँजीगत खर्चको अवस्था, सिङ्गो देशको अर्थतन्त्रको अवस्थाको तथ्याङ्कसहित माननीयज्यूहरूले प्रस्तुत गर्नुभएको थियो । त्यसैले ती विषयहरूमा सरकार सुन्न तयार हुन्छ? हुँदैन ।

सरकारले त साँच्चै यहाँ कुरा भए जस्तै अहिलेको बजेट जो एउटा सरकार रोग पालेर एकदम हेलदी देखिन चाहन्छ । हेल्दी देखिन चाहन्छ । यो बजेटको आकार पनि मोटो छ । स्वस्थ छ बजेट भनेर भन्न चाहन्छ । तर रोग छ भन्ने कुरा स्वीकार गर्न सक्दैन । रोगको डाइग्नोसिस गर्नुपर्छ भन्ने कुरा  स्वीकार गर्न सक्दैन । त्यसो भ'को हुनाले विरोध किन गर्ने? विरोध किन गर्ने भन्ने मान्यता सरकारले राख्छ । म त भन्न चाहन्छु । नदी तर्दाखेरि एउटै डुङ्गामा बसिएको छ । डुङ्गा चलाउनेहरूले गल्ती गरे भने डुङ्गा चलाउनेहरूको अयोग्यता देखियो भने कुसलता देखिएन भने डुङ्गामा बस्नेहरू सबै डुब्छन् कि डुब्दैनन्? हामी डुब्छौं कि डुब्दैनौं? हामी सबै सबै नेपाली जनता डुब्छन् कि डुब्दैनन्? सिङ्गो देश डुब्छ कि डुब्दैन? सिङ्गो देश डुब्छ । त्यसैले यस्तो विषयमा चिन्ता गर्नुपर्छ कि पर्दैन? देशको अर्थतन्त्रको बारेमा चिन्ता गर्न जायज छ कि छैन? जायज छ । त्यसैले विरोध प्रतिपक्षहरू चाहिँ गठबन्धन भन्ने गठे भन्ने विरोध गर्ने जस्तो कुराहरू हामीले शालिनतापूर्वक भनेका छौं । हामीले हामी यदि सत्ता पक्षले चाहेको हो भने सत्ता पक्षले चाहेको हो भने शालिनतापूर्वक बस्नुहोस् । धैर्यतापूर्वक बस्नुहोस् । चुपचाप बस्नुहोस् । ज्ञानी भएर बस्नुहोस् । विरोध नगर्नुहोस् भन्ने चाहेको हो भने माफ गर्नुहोला त्यो सम्भव छैन । हामीले कमजोरीहरू उठाउँछौं । किन भने देशलाई यो दुख्दा हामी सबैलाई दुख्छ । अहिले देश दुखी रहेको छ । र म यो विषयमा यति मात्र भन्न चाहन्छु ।

हामी त संसारका उदाहरणहरू पनि दिन्छौं । हुँदो रहेछ नि त गरेदेखि । चीनमा चाइनामा चाहिँ कसरी आर्थिक सुधार भयो? आज चाइना कसरी आर्थिक प्रगति गरिराखेको छ? देनसाओङपिङले त्यहाँ त्यस्तै गरी जसरी अमेरिकामा आर्थिक मन्दी हुँदाखेरि जसरी चाहिँनी त्यहाँ अर्थतन्त्रको मर्मत गर्नको निम्ति अमेरिका लाग्यो । त्यसरी नै देनसाओपिङले त्यहाँको अर्थतन्त्र कमजोर किन हुन्छ भन्ने विषयमा कारणहरू पत्ता लगाउनुभो' र त्यो कारणहरूको मर्मत गर्नुभो', खोजि गर्नुभो' र त्योअनुसारको अर्थतन्त्रलाई सुधार गर्ने प्लानिङ गर्नुभो' । र त्यही कारणले गर्दाखेरि हाम्रो देशमा तयार छ सरकार? छैन सरकार त ढाँट्छ, सरकार झुक्याउँछ । ठिक ठाक छ भन्छ । तर यसले कता जाँदै छ देश? देश चाहिँ बर्बादतिर जाँदै छ । देश टाट पल्टँदै छ । अहिले यो वर्ष चाहिँ ट्रेजरी माइनसमा छ । अन्झै ३ खर्ब जति माइनसमा पुग्ने अर्थशास्त्रीहरूको अनुमान छ । किन भने राजस्वको चाहिँ लक्ष्यमा पुग्न सक्दैन । आजसम्मको राजस्व जति उठेको छ । जेठको १५ सम्मको राजस्व उठेको हेर्दाखेरि ७ खर्ब चाहिँ ८० अर्ब राजस्व उठेको छ । तर यो राजस्व सरकारले झन्डै १३ खर्बको राजस्व उठाउँछु भन्छ । सम्भव छ? छैन । त्यसैले गर्दा यी सम्भव छैन अनि यो वर्ष मात्रै साढे २ खर्ब जति ट्रेजरी माइनसमा जाँदै गर्दा आगामी वर्षको पनि हालत त्यस्तै हुन्छ । आगामी वर्ष पनि राजस्व त्यस्तै

गरी उठ्नेवाला छ । अनि त्यतिबेला ५ खर्ब जति ट्रेजरी माइसनमा जाँदाखेरि अनि देश सङ्कटमा पर्छ कि पर्दैन? देश टाट पल्टिन्छ कि पल्टिँदैन? अनि त्यतिखेरि हामी चिन्ता गर्ने कि न गर्ने? त्यसैले म सरकारलाई भन्न चाहन्छु । अब ३४/३५ दिन कति बाँकी छ । जसरी सरकारले लक्ष्य पेस गरेको छ । जसरी सरकारले उद्देश्य पेस गरेको छ । त्योअनुसार भएन भने ३४ औं दिनको दिनमा सरकार आएर यहाँ अर्थमन्त्री आएर हामीलाई जवाफ दिन सक्नुहुन्छ? पूरा गर्न नसक्दाखेरि सरकारको अर्थमन्त्रीज्यूले हामीलाई भन्न सक्नुहुन्छ? त्यसैले म यो भन्न, राख्न चाहन्छु ।

र मैले हिजो प्रधानमन्त्रीज्यूसँग एउटा प्रश्न गरेको थिए । जल विद्युत्को विषयमा जब भारत भ्रमणमा प्रधानमन्त्रीज्यूले नेपालको जल भविष्यसमेत भारतलाई सुम्पिनुभो' । मैले यो कुरो राखेको थिए । र म यो फेरि पनि राख्न चाहन्छु । यो बहसको विषय बनोस् । वास्तवमा संसारमा कुनै पनि देशहरू जल विद्युत् बेचेर धनी भएका छैनन् । मैले बेच्दै नबेच्ने भनेको छैन । तर आफ्नो देशलाई खपत गर्ने गरी विद्युत् उत्पादन गरेर अनि मात्रै चाहिँ बेच्न सकिन्छ । तर हाम्रो देशमा नेपालीहरूप्रति विश्वास गरिँदैन । नेपालीहरूले जलविद्युत् निर्माण गर्न सक्छन् कि सक्दैनन्? सेयर हाल्न सक्छन् कि सक्दैनन्? भन्ने विषयमा यी त प्रमाणित भइसकेको छ नि त । अपर तामाकोशी ४५६ मेगावाटको अपर तामाकोशी नेपालीहरूले बनाएका होइनन्? चिलिमे नेपालीहरूले बनाएका होइनन्? साना ठुला गरेर झन्डै सयओटा जति आयोजनाहरू जलविद्युत् आयोजनाहरू नेपालीहरूले बनाएका छैनन् ? त्यसैले नेपालीसँग त्यो सीप छैन? आज जनशक्तिको कुरा गर्ने हो भने पनि नेपालीसँग दक्ष जनशक्ति छ । हाइड्रो इन्जिनियरहरू अब्बल चाहिँ एउटा योग्यता राख्ने हाइड्रो इन्जिनियरहरू छन् । त्यसैले हामीले हाम्रो देशमा विद्युत् खपत गरौं । हाम्रो देशमा उद्योगहरू सञ्चालन गरौं । यातायातका साधनहरू विद्युत्बाट यातायातका साधनहरू सञ्चालन गरौं । घरमा, भान्सामा विद्युत् खपत गर्ने गरी त्यसरी चाहिँ एउटा योजना सरकारले बनाओस् भनेर हामीले भनेका छौं । तर त्यो नगरेर अनि फेरि पेट्रोलबाटै चल्ने साधनहरूलाई प्रोत्साहित सरकारले गर्छ । एकातिर नीति कार्यक्रम एउटा सुनाउँछ सरकार । अब विद्युत्बाट चल्ने होइन । अब चाहिँ पेट्रोलबाट चल्नेलाई निरुत्साहित गर्ने, विद्युत्बाट चल्नेलाई चाहिँ प्रोत्साहित गर्ने भनेर नीति कार्यक्रम चलाउछ। तर धेरैभन्दा धेरैले चलाउँन सक्ने गाडीहरू ५० देखि १०० किलोवाटका गाडीहरूलाई आज कर र अन्त शुल्क कर र भन्सार बढाएको छ । सरकारले के गर्न खोजिरहेको हो सरकारले? त्यसैले म भन्न चाहन्छु ।

आज प्रधानमन्त्रीलाई भनेको त्यही हो । विद्युत् हाम्रै नेपालमा उत्पादन गर्नुहोस् । नेपालीहरूबाटै उत्पादन गर्न सकिन्छ । नेपालीहरूबाटै निर्माण गर्न सकिन्छ । नेपालीहरूमाथि विश्वास गर्न पर्‍यो । नेपालीहरूमाथि भरोसा गर्नुपर्‍यो । यहाँ खपत गरौँन । अनि धनी त हामी त्यसरी भइन्छ होला नि? हामीले सरकारलाई गरेको प्रश्न त्यो हो ।

र म एउटा कुर भन्न चाहन्छु । सरकारले खर्च कटौती गर्छु भनेर प्रतिबद्धता गर्‍यो । तर खर्च कटौतीको कुरा गर्ने हो भने जुन शीर्षकमा खर्च कटौती गर्न पर्ने थियो । त्यो धेरै शीर्षकमा खर्च कटौती गर्न सकेको छैन । गरेको छैन । तर जुनमा नगर्नुपर्ने हो त्यसमा गरेको छ । निर्वाचनका आयोगमार्फत जिल्ला निर्वाचन कार्यालय जिल्ला प्रशासनको मातहतमा राख्ने कुरा खारेजयोग्य छ । सरकारले यो खारेज गर्नुपर्दछ । त्यस्तै महालेखाको प्रतिवेदनले ५०९ ओटा चाहिँ खारेज गर्नुपर्छ भनेको छ । तर सरकारले जम्मा चाहिँ २० ओटा खारेज गरेको छ । अनि अनावश्यक रूपमा विदेश भ्रमण जाने कुरालाई रोकिन्छ भनेर सरकारले जे भनेको छ सरकारले खर्च कटौतीको विषयमा भन्दै गर्दाखेरि तर हामीले देख्यौं । बजेट भाषणको तुरुन्तै भारत भ्रमणमा प्रधानमन्त्रीज्यू जाँदै गर्दाखेरि त्यहाँ जम्बो टोली लिएर जानुभो' । र कस्तो टोली लिएर जानुभो' भने असम्बन्धित मान्छेहरू लगेर सेल्फी खिच्ने मान्छेहरू, सामान्य कूटनीतिक मर्यादासमेत नजान्ने मान्छेहरूलाई लिएर जानुभो' । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय कमला पन्त । समय ७ मिनेट । त्यसपछि माननीय सिंग वहादुर विश्वकर्मा ।

(१३:४० बजे) **माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी सरकारको आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यका सम्बन्धमा छलफलमा जुटेका छौं । र धेरै कुराहरू बजेटले धेरै कुराहरू समेट्न प्रयत्न गरेको छ । केही कुराहरू छुटेका पनि छन् । र समेट्न खोजेकालाई पनि त्यति सन्तोष लाग्दो छैन । त्यसले गर्दा यो सैद्धान्तिक रूपमा कुरा गर्ने हो भने बजेट वक्तव्यमा आएका विषयहरू धेरै राम्रा विषयहरू पनि छन् । तर त्यसमा कसरी यसलाई पूर्णता दिन सकिन्छ भन्ने बारेमा ठोस् रूपमा बोल्न सकेको छैन । तर पनि यो प्रयत्तको निम्ति अर्थमन्त्रीज्यूलाई, नेपाल सरकारलाई म हार्दिक धन्यवाद दिन चाहन्छु । र यसको सकारात्मक पक्षलाई यहाँ छलफलमा उठेका सकारात्मक पक्षलाई चाहिँ सकरारले सम्बोधन गर्ने प्रयत्न गरोस् । म अनुरोध गर्न चाहन्छु । र यसमा सकारात्मक कुराहरूमा सुधारका कार्यक्रमहरू धेरै ल्याएको छ । यो सकारात्मक छ । सुधार गर्ने प्रयास

गर्ने प्रतिबद्धता जाहेर गरेको छ । र कृषिको ३० प्रतिशत आयात घटाउने प्रतिबद्धता जाहेर गरेको छ । यो अत्यन्त महत्त्वपूर्ण कुरा हो । हामी लगभग ९० प्रतिशत खाद्य सामाग्रीसहित पनि आयात गरेर खाने गरेका छौं । ३० प्रतिशत घटाउने भनेको धेरै ठुलो कुरा हो । यसलाई चाहिँ सकारात्मक रूपमा मैले लिएको छु । धन्यवाद छ ।

कृषिलाई प्राथमिकतामा राखेको बिउ, मललाई राखेको छ । तर यसलाई सिँचाइमा पनि विशेष जोड दियोस् भन्ने मेरो निवेदन छ । सिँचाइ विनाको कृषि उत्पादन बृद्धि गर्न ज्यादै कठिन छ । यसको बारेमा ध्यान दिइयोस् । र अर्को चाहिँ इन्धनको कटौती असाध्यै महत्त्वपूर्ण छ । इन्धनको कटौती गर्ने धेरै पक्षहरू हुन्छन् । तै पनि यसलाई चाहिँ इन्धन कटौती गर्नको लागि ऊर्जाको मार्फतबाट गाडी सञ्चालन गर्ने, यातायातका साधनहरू सञ्चालन गर्ने प्रतिबद्धता जाहेर गरेको छ । यो महत्त्वपूर्ण छ । तर इन्धन कटौती गर्दा गर्दै पनि गाडीहरू खरिद गर्नेमा विभेद छ । यसलाई सोँच्नुपर्छ । मध्यम वर्गीलाई मध्यम वर्गी परिवारलाई कि अनुकुल हुने ढङ्गको वातावरण निर्माण गर्नुपर्छ । यो म निवेदन गर्न चाहन्छु । बजेटका केही कुराहरू सकारात्मक भए पनि स्रोतको सुनिश्चितता छैन । कुन स्रोतबाट म यो काम गर्छु भन्ने कुराहो सुनिश्चतता छैन । यो सुनिश्चित गर्नुपर्‍यो । र बजेट वक्तव्यमा यो सुधार होस् म निवेदन गर्न चाहन्छु । विद्युतीय गाडीमा लगाइएको, बाझिएको कर नीति मैले अघि पनि राखे यो बाझिएको कर नीतिलाई चाहिँ अब सुधार गरियोस् । यो बाझियो । यो के के बाझियो । यो छोटो समयमा मैले भन्न सक्दिन । यो अर्थमन्त्रालयसँग मेरो विशेषत नेपाल सरकारसँग निवेदन छ । यो बाझिन हुँदैन । झन कमजोर वर्गलई हामी त लोकतन्त्रमा छौं । यी कुराहरू चाहिँ सुधार गरियोस् भनें ।

सङ्घीय सांसदलाई दिएको ५ करोड चाहिँ मेरो, हामीले अध्यक्ष महोदय, म यो निवेदन गरिहाल्छु । यो कुरो सङ्केत थाहा पाएर प्रधानमन्त्रीज्यूसँग बस्यौं । र हामी अर्थोक केही चाहँदैनौं प्रधानमन्त्रीज्यू विभेद नहोस् । यो सभा र समानुपातिक सांसद, प्रत्यक्ष निर्वाचित सांसद हाम्रो, हाम्रो सङ्घीय संसदको यो संविधानले दिएको अधिकार हो । त्यसले गर्दा विभेद नगरियोस् भन्दाखेरि यो हुँदैन भन्नुभा' थियो प्रधानमन्त्रीज्यूले यो कसरी भयो? हामीलाई चित्त बुझेको छैन । यो चाहिँ कार्यविधि कसरी बन्छ? कार्यविधि बनेर कसरी यसलाई विभेद नगरीकन यसलाई कार्यान्वयन गरिन्छ? यसको ठोस हामीलाई चाहिँ ठोस कुरा चाहिँ भन्नुपर्‍यो सरकारले । चित्त बुझ्दो कुरा गर्नुपर्‍यो । र सांसद एबिसी क्लासको छ? कुन क्लासका हो त नि? सङ्घीय संसदका राष्ट्रिय सभा र समानुपातिकका सांसदहरू कुन क्लासका हुन? यो क्लास जनाइदिनुपर्‍यो?

भन्दिनुपर्‍यो सरकारले कुन क्लासको हो? नभएदेखि यो एकदम घोर आपत्तिको कुरा छ । म आपत्ति प्रकट गर्न चाहन्छु ।

अर्को युवा पलायन रोक्न । युवा लक्षित कार्यक्रमको कमी छ । युवालाई रोक्छु भन्ने प्रतिबद्धता छ । तर कार्यक्रम के त? त्यो कार्यक्रम केही पनि छैन । बोलेर मात्र त भएन । ठोस कार्यक्रम आउनुपर्‍यो । यो आएको छैन । यसले सङ्केत के गर्छ भने यो बजेट वक्तव्य, वक्तव्यको रूपमा मात्रै सीमित नहोस् भन्ने म निवेदन गर्न चाहन्छु । महिला विकासको खारेजी । यसले के भन्छ? यसको वैकल्पिक उपायहरू के छन् त? हामी समतामुलक समाजको कुरा गर्ने महिला विकास कार्यक्रमहरू हामीले सेडालाई प्रतिबद्धता गरेका छौं । संस्थागत विकास भनेको महत्त्वपूर्ण विकास हो भन्ने कुरा हामीले भनेका छौं । संस्था खारेज गर्दै जाने, वैकल्पिक व्यवस्था नगर्ने, यो के आशयले गरिएको हो? जस्टिफाइ गर्नुपर्‍यो? हामी हाउसले चाहन्छ के भन्दा किन खारेज गरियो? र यसको वैकल्पिक व्यवस्था के हो? यो चाहियो ।

अर्को कुरा चाहिँ के भने बजेटमा जताततै करको मात्रा बढाइएकोले अवैध कारोबार बढ्न सक्छ । करको मात्रा बढाएपछि त अवैध ढङ्गबाट आयात गर्नुपरेन? अवैध ढङ्गलाई चाहिँ प्रोत्साहन गर्न खोजेको हो कि? भन्ने यसले सङ्केत गरेको छ ।

अर्को कुरा चाहिँ आर्थिक मन्दीलाई सुधारको बाटोमा लैजाने ठोस कार्यक्रम देखिएन । मन्दीलाई चाहिँ कसरी सुधार गर्ने त? माननीयज्यूहरू धेरैले कुरा उठाउनुभा'छ । म पनि यसमा थप्न चाहन्छु । र हामी दिगो विकासको लक्ष्य पूरा गर्नको लागि सुशासन ल्याउनको लागि भने दिगो विकासको लक्ष्य पूरा गर्ने र सुशासन (अध्यक्ष महोदय, म सिध्याउँदैछु ।) यसको के हो त?

र हिंसा विरुद्ध समुदायमा सञ्जाल निर्माण गरी परिचालन गरिने भनेको छ । कस्तो सञ्जाल हो? यसको के कार्यविधि हुन सक्छ? यी कुराहरूलाई पनि स्पष्ट गराइयोस् । अब अन्तमा अध्यक्ष महोदय, यो चुरेको कुरा चुरेलाई के गर्न खोजिएको? अहिले त्यो विज्ञहरूले के भनेको छ भने चुरेमा त्यहाँ बिच बिच भागमा अलि धेरै भा'का ढुङ्गा, गिट्टीहरूलाई चाहिँ निकाल्ने, त्यो एक मिटर मात्रै निकाल्ने भनेको छ । हामी चाहिँ चुरे दोहन भयो भने महाभारत के हुन्छ? र यो भयो भने हामी यत्रो खाद्यान्न बोकेको मधेश त्यसमा पनि फेरि पानी र जल र खाद्यान्नको भण्डार भनेर भन्छौं हामी मधेशलाई । मधेश दोहन भयो भने के हुन्छ? यसको बारेमा जसरी बजेटमा, वक्तव्यमा आएको छ । यो मलाई चाहिँ चित्त बुझेको छैन । त्यसले गर्दा यो जोगाउनेतिर चाहिँ सरकार जानुपर्‍यो । चुरे बचाउन पर्‍यो । चुरेलाई दोहन हुन दिन भएन ।

अध्यक्ष महोदय, अन्तमा खोलालाई जोगाउनको निम्ति, चुरे बचाउनको निम्ति खोला बचाउनुपर्‍यो । खोलामा हामीले जतासुकै गिट्टी, ढुङ्गा, बालुवा निकाल्यौं भने त्यो खोला कता बग्छ? त्यसमा ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सिंग वहादुर विश्वकर्मा । समय ११ मिनेट । त्यसपछि माननीय मृगेन्द्र कुमार सिंह यादव ।

**(१३:४८ बजे) <u>माननीय श्री सिंग वहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, आजको बैठकमा नेपाल सरकारको आर्थिक वर्ष ०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमान र बजेटमाथिको छलफलमा सर्वप्रथम म प्रस्तुत बजेटको स्वागत, सर्मथनसहित पूर्ण सफलताको लागि सरकारलाई शुभकामना दिँदै म आफ्नो धारणा राख्ने अनुमति चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, प्रस्तुत बजेट देशको वर्तमान आर्थिक अवस्था र आवश्यकताअनुरूप जनअपेक्षित छ । बजेटका मुख्य विषेशताहरू आगामी वर्षका आर्थिक वर्षमा ६ प्रतिशतको आर्थिक वृद्धिको प्रक्षेपण सरकारी निकायमा नयाँ संरचना र दरबन्दी सिर्जना नगर्ने, अवसर महिनामा रकमान्तर समाधान नगरिने र नयाँ सवारी फर्निचर खारेज, औषधि किन्न सबै खाले प्रोत्साहन तथा अतिरिक्त भत्ता खारेज । औषधिजन्य प्रयोगका लागि गाँजा खेतीको सम्भाव्यता अध्ययन गर्ने । १ सय रुपियाँमा कम्पनी खोल्न सकिने अवस्था । सन् २०२३ देखि २०३२ सम्मलाई पर्यटन दशकका रूपमा मनाइने । सन् १९२३ मा १० लाख पर्यटन भित्र्याउने । हिमाली पानीलाई ब्रान्डिङ गर्ने ९८ प्रकारका औषधि खोपलगायतका आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने, ..... ०८०/०८१ लाई युवा उद्यमशीलता प्रवर्धन वर्षका रूपमा मनाइने र दुई वर्ष भित्र सत प्रतिशत जनतामा विद्युत् सेवा पुर्‍याइने, सबै केन्द्रीय अस्पतालमा मृगौला प्रत्यारोपण गर्ने, पूर्व, पश्चिम राजमार्ग विस्तार गर्न ३१ अरब आविष्कार कोषका लागि १ अरब बजेट जग्गाको कित्ताकार्ड खोलाइने, त्रि. वि. खेल मैदानलाई अन्तर्राष्ट्रियस्तरको बनाइने, नदी किनारमा रहेका अव्यवस्थित बस्तीहरूलाई स्थानान्तर गरी भूमिहीनहरूलाई लालपुर्जा वितरण, किसानलाई रसायनिक मलमा ३० अरब अनुदान र न्यूनतम तीन महिना धान्ने गरी पेट्रोलियम भन्डारण र विस्तारजस्ता कार्यक्रमहरू बजेटका मुख्य विशेषताहरू रहेको देखिन्छ ।

सम्माननीय अध्यक्षज्यू, वर्तमान बजेटको उद्देश्य तथा प्राथमिकताहरू मुख्य गरेर अर्थतन्त्रलाई गतिशील, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने गुणस्तरीय सामाजिक विकास, सुरक्षा न्याय प्रत्याभूत गर्ने, लगानीमैत्री वातावरण, निजी क्षेत्रको मनोबल उच्च पार्ने र आय तथा रोजगारीको अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने, संघीयताको सबलीकरण र सुशासन कायम गर्ने, बजेट प्रणालीमा सुधार गरी, सार्वजनिक खर्चको प्राथमिकता अभिवृद्धि गर्ने र मुख्य प्राथमिकताहरू कृषि, ऊर्जा र पर्यटन क्षेत्रको विकास लगानी प्रवर्धन वित्तीय क्षेत्र सुधार औद्योगिक विकास र व्यापार सन्तुलन र सार्वजनिक वित्तीय प्रणालीमा सुधार गर्ने कुरा उल्लेख गरिएको पाइन्छ ।

सम्माननीय अध्यक्षज्यू, समग्र बजेट वर्तमान देशको आर्थिक अवस्थाअनुरूप जनप्रिय छ । तथापि केही विषयहरूमा चुनौती रहेको देखिन्छ । जस्तोः आर्थिक वृद्धिको लक्ष्य ६ प्रतिशत छ तर उद्योग कलकारखाना, घरेलु तथा साना उद्योग व्यवसाय र व्यापार प्रवर्धन सहुलियत कर्जा करको दायरा प्रोत्साहन र जस्ता विषय अपेक्षित कार्यक्रम उल्लेख नभएको देखिन्छ । बजेटका कार्यक्रमहरू अनुत्पादक क्षेत्रमा केन्द्रित भएको देखिन्छ । स्वास्थ्य बिमा, सामाजिक सुरक्षा, किसानहरूलाई योगदानमा आधारित पेन्सन नीति तथा कार्यक्रममा उल्लेख गरिएका कार्यक्रमहरू रसायनिक मल कारखाना स्थापना गर्न बहुवर्षीय योजना बनाइ लागु गर्ने । हेटौंडा कपडा, गोरखकाली रबर र बुटवल धागो उद्योग सञ्चालन गर्ने तिलगंगा अस्पतालमा उत्पादित लेन्स विश्व बजारमा ब्रान्डिङ गरिनेजस्ता कार्यक्रमहरू नसमेटिएको हो कि भन्ने लागेको छ । बजेटमा उत्पीडित अपेक्षित दलित समुदायको हक, अधिकारसँग सम्बन्धित संविधानको धारा ४० को कार्यान्वयन गर्न उनीहरूको पेसा व्यवसाय सुरक्षित विकास र सुनिश्चितता गर्ने भनिए तापनि बजेटको मात्रा के कति हो? उल्लेख भएको छैन र अहिले व्यापक जनगुनासो आएको छ । कार्यक्रममा संसदीय निर्वाचन क्षेत्र पूर्वाधार विकास समझदारीको विषय सम्बन्धमा पुनर्विचार गर्नुपर्ने देखिन्छ । विशेष गरेर बजेटको स्रोत वैदेशिक ऋण, अनुदान र आन्तरिक ऋणमा केन्द्रित रहेकोले बजेटमा उल्लेखित कार्यक्रमहरू कार्यान्वयनमा चुनौती आउने परिस्थिति सिर्जना होला कि? भन्ने लागेको छ । तसर्थ यी विषयमा केन्द्रित रहेर सरकारले प्रस्तुत बजेट प्रभावकारी र पूर्ण कार्यान्वयन गर्न सफल रहोस् भन्ने शुभकामना व्यक्त गर्दै आफ्नो भनाइ यहीँ अन्त्य गर्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय मृगेन्द्र कुमार सिंह यादव । समय ७ मिनेट । त्यसपछि माननीय तुल प्रसाद विश्वकर्मा ।

(१३:५५ बजे) **मानननीय श्री मृगेन्द्र कुमार सिंह यादव (जनता समाजवादी पार्टी, नेपाल)**:- सम्माननीय अध्यक्ष महोदय, यो ०८०/०८१ को वार्षिक बजेटमाथि छलफल गर्दा सबभन्दा पहिले विद्वान अर्थमन्त्री डाक्टर प्रकाशशरण महतजीलाई धेरै धेरै धन्यवाद ।

धेरै कर्णप्रिय नाराहरूसहित कार्यक्रमहरू ल्याउनुभएको छ । जस्तैः उत्पादनसाथमा अनुदान हातमा, रैथानेमा गर्व गरौं, खेतीबाढीमा प्राविधिक सेवा उत्पादनमा टेवा, पोषणयुक्त घाँसेबालीको विकास गरौं पशुजन्य उत्पादन बढाऊ, उत्पादन र रोजगारमा समृद्धिको आधार श्रमको समान राष्ट्रको अभियान, अबको जीवन स्वदेशमा नै, नेपाल घुमौं नेपाल चुनौं, ल्याउने, सिकाउने, टिकाउने गुणस्तरीय स्वास्थ्य उपचार जनताको अधिकार आवास तथा सहरी विकासमा बागमती नदीको सान सभ्यताको उत्थान, सिँचाइमा लगानी खेतीबारीमा पानी आधुनिक जीवनको आधार सूचना प्रविधि र सञ्चार, हरित अर्थतन्त्र दिगो विकासतन्त्र यस्ता यस्ता कर्णप्रिय नाराहरू लिएर त्यसको लागि धेरै धेरै धन्यवाद । म सधैं भन्ने गर्या छु । नीति जस्तो सुकै पनि होस्, कार्यक्रम जस्तो सुकै पनि होस्, नियत ठिक भएन भने त्यो केही काम लाग्नेवाला छैन । त्यसैले हेरौं पहिले अब कुन किसिमले कसरी पूरा गर्नुहुन्छ । कस्तो कार्यक्रम ल्याउनुहुन्छ । यो नाराहरूलाई चरितार्थ गर्नको लागि निश्चित रूपमा मेरो शुभकामना छ । सत्तापक्ष के हो । टेबुल ठठाउँला नै, पास गरौंला नै अब त्यो पछिको कुरा हो । तर केही कुरामा चित्त पनि बुझ्या छैन । धेरै यो बिसओटा संस्थाहरू खारेज जो भ'को छ । त्यो चाहिँ एकदम एउटा प्रधानमन्त्री कार्यालयको सचिवज्यू बैकुण्ठ अर्यालजीको संयोजकत्वमा एउटा समिति गठन गरेर हचुवाको भरमा गर्नुभ'को छ । भा'को छ यो त्यसको चाहिँ औचित्यामाथि विभिन्न कुनै ध्यान दिएको जस्तो लाग्दैनँ मलाई । अब कृषिकै कुरा गर्ने हो भने मैले चाहिँ दुई दुईपटक कृषि मन्त्रालयको नेतृत्व सम्हालेको छु । कृषि विकास बोर्ड जो किसानसँग दुध विकाससँग स्वायत्त क्रान्ति ल्याउने जबसम्म हरित क्रान्ति र स्वायत्त क्रान्ति आउँदैन । यो देशको विकास हुन सक्दैन । कृषिको विकास हुन सक्दैन । यो बोर्ड कुनै ज्यादा यसमा बजेट पनि छैन । ५ करोड ९० लाख वार्षिक बजेट हो । तर त्यतिको लागि चाहिँ किसानसँग दुध उत्पादक किसानहरू प्रत्यक्ष सरोकार छ । सहकारी दुध विकास सहकारीहरूसँग प्रत्यक्ष सरोकार छ । त्यसले चाहिँ मूल्य निर्धारण गर्नेमा टेवा पुऱ्याउँछ । त्यो विभिन्न नीति तर्जुमामा टेवा पुऱ्याउँछ तर चाहिँ त्यसले खारेज गर्यो ।

अर्को हामी प्रजातन्त्र भनिरा' छौं । प्रजातन्त्रमा आवधिक निर्वाचन स्वतन्त्र र निष्पक्ष निर्वाचन मुख्य आधार स्तम्भ हो प्रजातन्त्रको । तर जिल्ला निर्वाचन कार्यालय खारेज गरेर

जिल्ला प्रशासन कार्यालय सीडीओको एउटा इकाइको रूपमा राख्नु कतिसम्म उचित हो त्यो? यस्ता कुराहरूमा सरकारले ध्यान दियोस् ।

र अर्को कुरा म सधैं भन्ने गर्या छु । जनसङ्ख्याको आधारमा चाहिँ बजेट वितरण होस् । जहाँ जनसङ्ख्या बढी छ । निश्चित रूपमा आवश्यकता बढी छ । त्यहाँ तर अहिले चाहिँ प्रदेशहरूको बजेट वितरण भ'को छ । त्यसमा सबभन्दा बढी जनसङ्ख्या मधेस प्रदेशको र सरकारको अनुदान सबभन्दा कम मधेस प्रदेशमा । यो कति न्यायोचित भयो? त्यसैले त्यसैमा पनि सरकार पुनर्विचार गरोस् ।

अर्को कुराः यो महिला आधा आकास आधा धर्ती ओगटेको महिला मातृ शक्ति यो महिला विभाग चाहिँ खारेज गर्ने कुन उद्देश्यले किन चाहिँ गर्यो? कति खर्च बचाको हो सरकारले मितव्ययिताको आधारमा के गर्या हो? त्यसैले म यो कुराहरूमा ध्यान दिन अर्थमन्त्रीजीलाई यहाँ कृषि मन्त्रीजी उपस्थित हुनुहुन्छ । म दुध विकास बोर्डको सम्बन्धमा एकचोटि अर्थ मन्त्रालयसँग कृषि मन्त्रालयले एकदम गम्भीरतापूर्वक छलफल गरोस् । म यो आग्रह गर्न चाहन्छु । मसँग धेरै डकुमेन्टहरू पनि छ । म मन्त्रीजीलाई हस्तान्त्ररण गरौंला । यस सम्बन्धमा एकदम गम्भीरतापूर्वक विचार गर्नुस् । किसानसँग प्रत्यक्ष अहिले हामी चाहिँ भारतबाट मुर्रा राँगा ल्याको छ । त्यो दुध उत्पादन वृद्धि गर्नलाई नै हो । त्यस्ता दुध विकास जो नीति तर्जुमा छ । जो सबैमा समन्वयकारी भूमिका खेल्छ । कुनै खास त्यसको बजेट पनि छैन । त्यसले खारेज गर्ने हचुवाको भरमा भएको छ । यति भन्दै म बिदा हुन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय तुल प्रसाद विश्वकर्मा । समय ७ मिनेट । त्यसपछि माननीय नारायण प्रसाद दाहाल ।

(१४:०२ बजे) **<u>माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामी यो अहिलेको बजेटमा छलफल गर्न गइरहेका छौं । यहाँ धेरै माननीयज्यूहरूले पनि आफ्ना रायहरू व्यक्त गरिसक्नुभएको छ । र यो बजेट समग्र अध्ययनबाट यसको जुन प्रकृति हो । त्यो आरालो लागिरहेको छ । विगतको भन्दा अहिले झन् ओरालो लाग्दै गएको छ । र यस्तो अवस्थामा जुन किसिमले बजेटलाई ल्याएको छ । त्यो अत्यन्त एउटा गन्जागोल किसिमको छ । हिजो विमला राई पौडयाल माननीयज्यूले प्रस्तुत गर्नुभो' तथ्याङ्गत रूपमा । उहाँको अधिकांश कुरामा चाहिँ म सहमत छु । तर पनि देशलाई बजेट चाहिन्छ । राज्य

चलाउनुपर्छ । बजेट त पास गर्नै पऱ्यो । यो पनि बाध्यता छ हाम्रो बिचमा । त्यसैले यो बजेटहरूमा रहेका केही कमी कमजोरीहरू र मलाई खट्केका कुराहरू यहाँ बुदागत रूपमा राख्न चाहन्छु ।

पहिलो कुरा त, यहाँ चाहिनी माननीयज्यूहरूले पहिले पनि भनिसक्नुभो' । बुटवल धागो कारखानालाई सुचारू गर्ने त्यसलाई सञ्चालन गर्ने कुरो चाहिँ योजना लिएको छ, सरकारले बजेटमा । त्यसको लागि धन्यवाद छ । तर उतातिर गएर कपास विभाग बोर्ड चाहिँ खारेज गर्ने कुरा गरेको छ । कपास नभइकन धागो कहाँबाट बन्छ? यसको अर्थ त्यो चाहिँ कारखाना चलाए पनि कपास त बाहिरबाट ल्याउने होला? अनि फेरि हामी विदेशीको भरपर्ने? यस खालको योजना किन आयो? यो हुनुहुँदैन ।

अब त्यस्तै अर्को एउटा नयाँ कुरा चाहिँ आएको छ । नयाँ भनौं अहिले यसलाई बजेटमा परेको हुनाले अहिलेसम्म परेको थिएन । यो गाँजाको चाहिँ खेतिको सम्भाव्यता अध्ययन गर्ने भन्ने कुरा । यो कुरा चाहिँ राम्रो छ । यो बहुउपयोगी चिज हो यो गाँजा । र यसलाई सदुपयोग गर्न पर्छ । र सरकारीले यो लियो । यो चाहिँ राम्रो भयो भन्छु । तर यसको दुरुपयोगलाई रोक्नका लागि सरकारले मेकानिजम कति बनाउन सक्छ? विदेशीहरूको दवावमा गाँजा चाहिँ बन्द भएको हो नेपालमा । र गाँजा बन्द गराएर विदेशीहरूले ड्रक्स चाहिँ ऊ गरेका हुन् । त्यसलाई चाहिँ विस्थापित गर्ने र गाँजाको बहुउपयोगी औषधी गुण र औषधीय रूपमा यसलाई प्रयोग गर्ने हिसाबले यसको विकास गर्नु उक्त छ ।

अर्को भूमिहिनहरूलाई करिब २५ हजार कति लाई चाहिँ लालपुर्जा दिने भन्ने कुरा गरेको छ । त्यो चाहिँ राम्रो छ । तर ती २५ हजार मात्रै भूमिहिन छैनन् नेपालमा चाहिँ धेरै छन् । यसलाई निरन्तरता दिनुपर्छ । तर यसको साथ साथै ती भूमिहिनहरूलाई दिने लालपुर्जाको चाहिँ जो राजस्व अत्यन्त बढी राखिएको छ । धेरै चाहिँ लालपुर्जा धेरै ठाउँमा भूमिहिनहरूले चाहिँ लालपुर्जा लिन आउ भनेर चाहिँ बोलाउँदा पनि लिन गएको छैन । कारण के उनीहरूले त्यो लालपुर्जाको राजस्व तिर्न सक्ने चाहिँ खुबी उनीहरूसँग छैन । त्यसैले सरकारले तुरुन्त यसमा ध्यान दिनुपर्छ । र यो राजस्व घटाउनुपर्छ । यो चाहिँ सकारात्मक कुरा हो ।

अर्को, देशमा सहकारीहरू, सहकारीहरूको नाममा जनतामाथि ब्रह्म लुट भइरहेको छ । सरकार मुकदर्शक भएर हेरिरहेको छ । यो चाहिँ सहकारीहरूलाई नियमन गर्नको लागि सरकारले तुरुन्त कदम चाल्नुपर्छ । र यस बारे ध्यान दिनुपर्छ भन्ने मैले आफ्नो चाहिँ अनुरोध गर्न चाहन्छु ।

त्यस्तै विशेष आर्थिक क्षेत्रको कुरो लिएको छ । यो विशेष आर्थिक क्षेत्र कुन सर्तमा आएको छ भने मजदुरहरूले त्यहाँ चाहिँ युनियनहरू खोल्न नपाउने, उनीहरूले आफ्नो माग राख्न नपाउने, उनीहरूले केही गतिविधि गर्न नपाउने यो आधारमा ल्याइएको छ । त्यसो गर्दाखेरि मजदुरहरूको हक र अधिकारलाई हनन् गर्ने किसिमले यस खालको विशेष क्षेत्रहरू जुन ल्याइएको छ जुन लगत हुन्छ भन्ने मलाई लाग्छ ।

त्यस्तै चुन ढुङ्गा र गिट्टि बालुवाहरूको चाहिँ उत्खन्न गर्ने र बेच्ने चाहिँ ल्याएको छ । यो वातावरणीय चाहिँ हाम्रो प्रदुषणलाई वातावरणीय असरलाई जोगाउनको लागि यो रोक्नुपर्छ । चुन ढुङ्गा उत्खन्नलाई पनि रोक्नुपर्छ । र गिट्टी, बालुवालाई चाहिँ जुन विक्री गर्ने सरकारले लक्ष्य लिएको छ । यो चाहिँ लगत भइरहेको छ । यो चाहिँ हुनुहुँदैन । किन भन्दाखेरि अघिनै पनि बोल्ने वक्ता माननीयहरूले भन्नुभो' कि चाहिँ अब गिट्टी, बालुवाले गर्दाखेरि चाहिँ हाम्रो चुरेभावर चाहिँ धोस्त हुन्छ । मधेश चाहिँ मरभूमिमा परिणात हुन्छ । यो चाहिँ विदेशी निकासी गर्ने लक्ष्य राखेर लिएको छ । यो गलत छ । स्थानीय रूपमा देशभित्रै गर्नका लागि हामीले चाहिँ नियन्त्रित रूपमा त्यसलाई उपयोग गरौं । तर आय आर्जन गर्ने किमिले विदेशतिर चाहिँ निकासी गर्ने हिसाबले यो चाहिँ गिट्टि, बालुवा र चुन ढुङ्गाहरूको उत्खन्नलाई हामीले चाहिनी रोक्नुपर्छ भन्ने मैले आफ्नो मत जाहेर गर्न चाहन्छु ।

त्यस्तै विदेश स्थित कामदारहरूको स्थिति चाहिँ भयावह छ । उनीहरूको जीवन अपर्यादित र असुरक्षित छ । कयौं चाहिँ कामदारहरू चाहिँ लास बासमा बन्द भएर आउछ । विशेष गरेर साउदी अरब र मलेसियामा चाहिँ यो समस्या बढी छ । यता पट्टि चाहिँ सरकारको ध्यान जानुपर्छ भन्ने मलाई लाग्छ ।

र त्यसै गरी अर्को चाहिँ यहाँ अखण्ड भारतको कुरा पहिले पनि उठिसकेको छ । यो अत्यन्तै खतरनाक छ । र भारतको चाहिँ राजनीतिक रणनीतिअनुसारै आएको छ । र यो यसमा हिजो सम्माननीय प्रधानमन्त्रीज्यूले जुन किसिमको एउटा सहज जवाफ दिनुभो' त्यो चाहिँ चित्त बुझ्दो छैन । किन भन्दाखेरि अब अफगानस्तान, पाकिस्तान सिङ्गो चाहिँ तिब्बत र नेपाललाई र अन्य चाहिँ दक्षिण पूर्व एशियालाई समेटेर ऊ गरिएको छ । त्यो सांस्कृतिक नक्सा मात्रै होइन । यो चाहिँ रणनीतिक उद्देश्यअनुसार आएको छ । र उनको चाहिँ के किसिमले अगाडि बढ्छ भन्ने कुरामा हामी चनाखो हुनुपर्छ । र यसबारे सरकारको धारणा के हो? भारतमै पनि विपक्षी दलहरूले विरोध गरेका छन् । (माननीय अध्यक्षज्यूलाई एक मिनेट थप गर्नको लागि मैले अनुरोध गरें ।) भने हाम्रो चाहिँ देशमा चाहिँ सरकारले त्यसबारे केही बोलेको छैन । सरकारको धारणा चाहिँ आउनुपर्छ भन्नेमा मैले माग राख्न चाहन्छु ।

बौद्धपुरतात्विक सर्किटको कुरो आएको छ । त्यो ठिक छ । तर पुरातात्विक सर्किट मात्रै होइन । यो चाहिँ पश्चिम नवलपरासी, रुपन्देही र कपिलवस्तुलाई मिलाएर बौद्धपुरातात्विक सहरकै चाहिँ निर्माण गर्नुपर्छ त्यसखालको योजना चाहिँ आउनुपर्छ भन्ने कुरा मैले माग राख्न चाहन्छु ।

त्यस्तै शिक्षाको क्षेत्रमा चाहिँ प्लस टु चाहिनी वेवारिसे भएको छ अहिले । दश कक्षासम्म कमसेकम सरकारले बेहोरिरहेको छ । विषय शिक्षकहरू छन् । त्यहाँ चाहिँ दरबन्दीका शिक्षकहरू छन् । तर प्लस टुमा गइसकेपछि त्यहाँ न त दरबन्दीको शिक्षक छ । न के छ । त्यसो भ'र यो शिक्षाको क्षेत्रमा पनि सरकारले जिम्मा लिनुपर्छ । यो निजी ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय नारायण प्रसाद दाहाल । समय १० मिनेट । त्यसपछि माननीय नर बहादुर विष्ट ।

(१४:१० बजे) **माननीय श्री नारायण प्रसाद दाहाल (मनोनीत)**:- सम्माननीय अध्यक्ष महोदय, म सर्वप्रथम त म एउटा सानो खुसिकै कुरा जस्तो लाग्यो र मैले साटौं भन्ने लाग्यो । अहिले सदनभित्र जुनखालको अराजकताको स्थिति देखा पर्यो भनेर हामीले हिजो चिन्ता व्यक्त गरौं । आज त्यो अराजकता जहाँ जँहाबाट भयो भन्ने आशंका लागिराखेको थियो । त्यो ठाउँका माननीयज्यूहरूले बोल्दै जाँदा बोल्ने क्रममा चाहिँ क्षमायाचना मागेको सुने मैले लाइभमा त्यसको लागि सबैलाई धन्यवाद ।

सम्माननीय अध्यक्ष महोदय, आज हामी ०८०/८१ को आर्थिक वर्षको बजेट बारेमा छलफलमा जुटिरहेका छौं । बजेट आफैमा देशको समृद्धि, जनताको आर्थिक स्थिति र देशको राजनीतिक आर्थिक गन्तव्यको ऐना हो भन्ने गरिन्छ । माननीय अर्थमन्त्री प्रकाशशरण महतले यही जेठ १५ गते प्रस्तुत गर्नुभएको बजेटले देशको बिग्रदो आर्थिक अवस्थालाई सही दिशा दिन सक्ने सम्भावना बोकेको प्रष्ट देखिन्छ । आग्रह पूर्वाग्रह नराखिकन भन्ने हो भने देशका सबै क्षेत्र, राजदनीतिक, व्यावसायिक, व्यापारिक, वित्तीय सङ्घ संस्था, निजी क्षेत्र सबैको बुझाइमा बजेटले सही दिशा दिन सक्छ भन्ने नै छ । समस्या कार्यान्वयनको हो । यदि बजेटलाई कार्यान्वयन गर्न इमान्दार भएर तीब्र इच्छा शक्तिका साथ लागेमा देशको बिग्रदो आर्थिक अवस्थामा सापेक्षित सुधार भई दिगो विकासको लक्ष्य हासिल गर्न सकिन्छ भन्नेमा दुइमत छैन । त्यसकारण म यो बजेटको पूर्ण समर्थन गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, हुन त हामी राजनीतिक गर्ने सबै राजनीतिक पार्टी र व्यक्तिले संसारमा कुनै पनि कुरा पूर्ण हुँदैन भन्छौं । पूर्ण छैन पनि भन्छौं । यो वैचारिक प्रश्न पनि हो । हामी मानव जातिले संसारमा कतिपय अभिभाज्य बस्तुलाई कठित विवादित गरी द्वन्द्वको बिउ रोप्ने गरेका छौं । जस्तो धर्मकै कुरा गर्ने हो भने ईश्वर अभिभाज्य हो । तर हामीले विभाजित गर्छौं । अब हिन्दुमा, विष्णुमा, अल्लाहमा, बौद्धिस्टमा के मा, के मा भने जस्तै यस्तो क्षमता राख्ने हामी मानव जाति हौं भन्छु म । विभिन्न प्रकारका द्वन्द्वको बिउ रोप्ने गरेका छौं । र विभिन्न प्रकारका सकारात्मक तथा नकारात्मक टिप्पणी गर्ने गर्छौं । यसबाट हेर्दा यो बजेट पनि रूपमा सम्पूर्ण रूपमा पूर्ण छैन, हुँदैन पनि साथै हामी सबैको बुझाइ एउटै नहुन पनि सक्छ । तद्यापि अहिलेको कोभिडले थला परेको विश्व अर्थतन्त्र, रुस युक्रेन युद्धबाट प्रभावित विश्व व्यापार र विभाजित विश्व मानसिकता त्यसबाट विश्व व्यापारमा आएको मन्दी यसकारणले हाम्रो राजस्वलगायतका आम्दानीमा आएको गिरावट, विश्व अर्थतन्त्रमा नै जुन तरलताको अवस्था छ त्यसबाट पैदा भएको आर्थिक मन्दीबाट देशलाई बचाउन र आर्थिक विकासको सूचाङ्कलाई गति दिने उद्देश्य लिएर यो बजेट आएको छ । त्यसैले यो बजेटलाई कार्यान्वयन गर्ने इच्छाशक्ति तत्परता र दृढता सबैमा हुन उत्तिकै आवश्यक छ ।

सम्माननीय अध्यक्षज्यू, विगतमा कतिपय अवस्थामा प्रस्तुत गरिएका हावादारी कार्यक्रम र बजेटका कारणले जनतामा ठुलो अविश्वास छ । बजेटप्रति अविश्वास पैदा भएको छ । तर यस पटक यो बजेट वस्तुपरक, यथार्थ धरातलमा उभिएर आएकोले हावादारी हुनबाट बचेको छ । सपनामा उडाउँने नभई हाम्रो आर्थिक अवस्थाको यथार्थ धरातलमा उभिएर बनाइएको यो बजेटका निम्न विशेषतालाई सकारात्मक रूपमा लिन सकिन्छ ।

एक, पूँजिगत खर्चको प्रभावकारिता पढाउन र साधारण खर्चमा मितव्ययीता अपनाउने कुरा विभिन्न कार्यक्रमसहित जसरी प्रतिबद्धता जाहेर गरिएको छ । यो नै यो बजेको अहम र मुख्य विषय हो । बजेटमा पूँजीगत खर्च बढाउन, अनुउत्पादक खर्च कटौती गर्न गम्भीरताका साथ जोड दिएको छ । साथै आर्थिक क्षेत्रका क्षेत्र सुधार तथा विकास योजना समयमा सक्नका लागि सबै सम्बन्धित नीति, नियम तथा कानुनी सुधारको लागि पनि प्रतिबद्धतासहित घोषणा गरिएको छ ।

त्यस्तै कृषि अनुदान किसानको हातमा पुऱ्याउने लक्ष्यसहित रैथाने बालीको संरक्षणमा जोड, रासायनिक मलमा दोब्बर अनुदान तत्काल रासायनिक मल कारखाना स्थापना, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई उत्पादन साथमा अनुदान हातमा भन्दै कृषि उत्पादकत्वमा बृद्धि गरी आयात प्रतिस्थापन गर्ने उद्देश्यसहित कृषि उत्पादनमा आत्मनिर्भर बन्ने इच्छा उत्कट

इच्छा र कार्यक्रम, कार्यक्रम बिउ बिजनमा अनुदान, किसानलाई खेतबारीमै प्राविधिक उपलब्ध गराउने, कृषिमा युवाहरू स्टार्ट अप अनुदान, बाँझो खेतको प्रयोग, कृषि बिमा अनुदान, उखु किसानलाई थप अनुदानलगायतका जनपक्षीय कार्यक्रमहरू आएको छ ।

स्वास्थ्यमा ९८ प्रकारका औषधीलगायतका आधारभूत स्वास्थ्य सेवा निःशुल्क । सङ्घीय सबै अस्पतालबाट निःशुल्क मृगौला प्रत्यारोपणको व्यवस्थालगायत स्वास्थ्यमा संविधान प्रदत्त अधिकारको प्रतिबद्धता । २१ ओटा अनुत्पादक सार्वजनिक संस्थाको खारेजी, अत्यावश्यकबाहेक नयाँ सरकारी भवनमा नबनाउने, नयाँ सरकारी गाडी नकिन्ने, थोत्रा गाडी छ महिनामा लिलाम गर्ने, जस्तालगायतका एक वर्षमा २५ हजार अव्यवस्थित भूमिहिनलाई लालपुर्जा वितरण गर्ने, त्यस्ता बस्तीहरूलाई क्रमशः व्यवस्थित गर्दै लैजाने, एक घर एक खानेपानी धारा, कोखदेखि शोकसम्म सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरू, विद्यार्थीका लागि मतलब छात्रवृत्तिलगायतका जुन छन् । त्यस्तै ६ प्रतिशत आर्थिक बृद्धिदर हासिल गर्ने र मुद्रास्फीति ६ पोइन्ट ५ मा सीमित राख्ने अनुमानसहितका यी र यस्तै जनताका आर्थिक जीवनका सकारात्मक प्रभाव पार्ने दैनिक जीवनयापनमा सुधार ल्याउने वेरोजगारी कम गर्दै जाने, आत्मनिर्भर बन्न सिकाउने र बन्न प्रेरित गर्ने खालका सयौं कार्यक्रम हुनुको बजेटको विशेषताहरू हुन ।

समम्माननी अध्यक्षज्यू, यी र यस्तै प्रोग्राम ल्याउनुमात्र मुख्य कुरा होइन । यिनीहरूको इमान्दार कार्यान्वयन र जनताको जीवनमा प्रत्यक्ष प्रभाव पार्न सक्यौं भने नै बजेटको सफलता हो भन्ने भन सकिन्छ । त्यसकारण निम्न सुझावहरू सरकार र माननीय अर्थमन्त्रीलाई राख्न चाहन्छु ।

एक, सम्माननीय राष्ट्रपतिद्वारा प्रस्तुत नीति कार्यक्रम र अर्थमन्त्रीले प्रस्तुत बजेटका सिद्धान्त र प्राथमिकतामा उल्लेख केही खास विषय बजेटमा छुट्न गएका छन् जसलाई समावेश गर्न जरुरी देखिन्छ । एक, गोरखाली रबर उद्योग, हेटौडा कपडा उद्योग, बुटवल धागो उद्योग सञ्चालन गर्ने कुरा बजेटमा उल्लेख छैन र बजेट सुनिश्चित छैन ।

त्यस्तै विपन्न वर्गलाई वर्षायाममा ५० र हिउँदमा ३० यूनिट विजुली खपत गर्नेलाई निःशुल्क गर्ने भन्ने कुरा बजेटको त्यसको सुनिश्चित छैन । त्यस्तै नीति कार्यक्रमको १२७ नम्बर बुँदामा उल्लेखित सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरूको सेवा सुविधालगायतका विषयमा सम्बोधन गर्ने कुरा छुटेको छ । बजेटमा छुटाउन भएन । त्यस्तै साथै विद्यालयमा कार्यरत बालविकासका शिक्षकलाई तलब बढाउने र निरन्तर पाउने बजेटमा ग्यारेन्टी गर्नुपर्ने कुरामा गम्भीरताका साथ ध्यान जाओस् भन्न चाहन्छु ।

त्यस्तै विगतमा भ्रष्टाचारको स्रोत भनेर व्यापक विरोध भए पनि नेपाल सरकारले नै खारेज गरेको बजेट पुनः यस पटक, बजेटमा पुनः यस पटक संसदीय क्षेत्र पूर्वाधार विकासको नाममा ल्याउने कुराको सर्वत्र आलोचना भएको छ । यसले अन्य कैयौं राम्रा कार्यक्रमलाई ओझेलमा पारेको स्पष्ट छ । त्यसकारण यो कार्यक्रमलाई खारेज गर्न जोड्दार माग गर्दछु । बजेट, कयौं बजेटहरूलाई, यी कार्यक्रमहरूलाई कार्यान्वयन गर्न बजेटको सुनिश्चितता गर्नुपर्ने जरुरी देखिन्छ ।

त्यसै गरी औषधिजन्य प्रयोगका लागि भनेर गाँजाखेती गर्नलाई स्वीकृत दिने नीतिलाई कार्यान्वयन गर्न विशेष गम्भीर बन्न पर्ने हुन्छ । कतै यसैलाई नै अवैध धन्दाको रूपमा चलाएर तस्करी गर्ने र हाम्रा युवाहरूलाई यस धन्दामा लगाउने र मानसिक रूपमा बर्बाद गराउन सक्ने खतरा उत्तिकै छ । यसमा सरकार गम्भीर बन्न म हार्दिक अनुरोध गर्न चाहन्छु ।

विकास योजनालाई सहज ढङ्गले कर्यान्वयन गर्न हाल प्रचलनमा रहेको सार्वजनिक खरिद ऐनमा आवश्यक सुधार गर्न जरुरी छ । त्यस्तै २०६९ सालदेखि चितवन राष्ट्रिय निकुञ्जभित्र सञ्चालन भइरहेका विभिन्न होटलहरू बन्द भएपछि चितवनमा मात्र होइन देशमै पर्यटक आउन घटेको स्थिति छ । त्यसैले उक्त ठाउँमा पुनः होटेलहरू सञ्चालन गर्न नीतिगत निर्णय गर्न अनुरोध गर्दछु । जो राष्ट्रिय निकुञ्जभित्र धेरै होटलहरू चलेका थिए । त्यसलाई बन्द गरेपछि अहिले करिब करिब चितवनका व्यावसायीहरू, होटल व्यावसायीहरू पर्यटनहरू त्यसमा चाहिँ एउटा खालको ह्रास आ'को छ । र त्यो भएर त्यसलाई नीतिगत रूपले चाहिँ सुधार गरेर अगाडि बढ्न जरुरी देख्छु मैले ।

त्यस्तै हाल देखा परेको अन्तरमन्त्रालय समन्वयको अभाव र कतिपय ऐन, कानुनमा दोहोरो अर्थ लाग्ने भएकाले विकासका काम र बजेट कार्यान्वयनमा अफठ्यारो छ । यस विषमा अर्थ मन्त्रालयको पहलमा समस्या हल गरियोस् भन्ने सुझाव राख्न चाहन्छु । र रासायनिक मल, विद्यार्थीका पाठ्यपुस्तक, उखु किसानको अनुदान र विक्रीको रकम, धानको मूल्य तोक्ने काम समयमै गर्नेतिर सरकारको गम्भीर ध्यान जाओस् भन्ने माग पनि गर्न चाहन्छु ।

त्यस्तै अन्तमा यो बजेटलाई कार्यान्वयन गर्न जनताका, जनताका अपेक्षा पूरा गर्न सत्ता पक्ष, प्रतिपक्ष नभनी गम्भीर भएर लागौं । म यहाँ एउटा कुरा के पनि स्मरण गर्न चाहन्छु भने अस्ति यहि फागुनसम्म नै अहिले विपक्षीमा हुने साथीहरू जो पार्टीकै नेता अर्थमन्त्री हुनुहुन्थ्यो । यो दुई तीन महिनामा त्यस्तो के भयो? जो चाहिँ अहिले पुरै टाट पल्टियो भन्ने खालको जो कुरा आ'को छ । यसमा सबै अलि गम्भीर बनौं भन्ने मात्रै हो । सत्ता, प्रतिपक्ष भनेर होइन । त्यतातिर लाग्यौं भन्ने मेरो अनुरोध हो । पूर्वाग्राही नबनी सरकारलाई उचित सल्लाह दिऊ । र

इमान्दारिका साथ बजेट कार्यान्वयन गर्ने, गर्न जुटौं भने एपिरियस्स राख्दै आफ्ना भनाइ टुङ्गायाउछु । हवस् त, धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय नर बहादुर विष्ट । समय ८ मिनेट । त्यसपछि माननीय कुमार दसौंदी ।

(१४:२१ बजे) **<u>माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्यय वार्षिक अनुमानित बजेटमाथिको छलफलका क्रममा हामी भाग लिँदै छौं । म सर्वप्रथम यही जेठ १७ देखि २० गते सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" भारत भ्रमणमा गएर आउनुभो' थुप्रै कुराहरू यहाँ सदनमा पनि जानकारी गराइसकेको नेपाली र नेपालको सान र शिरमाथि उठेको छ । विकासमा नयाँ आयाम, ऊर्जा थपिएको छ । आज नेपाली, नेपाल एउटा स्वतन्त्र, सार्वभौमिता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई उच्च र छातीमाथि राखेर भारत र नेपालका प्रधानमन्त्री बिचको आपसी द्विपक्षीय सम्बन्ध विस्तार भएको छ । प्रतिबद्धतालाई केही मिडिया र युटुबर र सामाजिक सञ्जालहरूले, सम्मानित प्रतिनिधि सभाका माननीयहरूले मजाकमा उठाइरहेका छन् । भैंसी र राँगा नचिन्नेहरूको तर्क बहस सुन्दा गरिमामय सदनको ओझ घटेको छ । त्यसैले हामी सबै नेपाली जुन खालको एउटा ऐतिहासिक महत्त्व भारत र नेपाल बीचको चाहिँ सीमादेखि लिएर सम्पूर्ण सम्झौता ऐतिहासिक भयो । त्यसलाई आज उत्श्रृङ्खल गरेर जुन खालको चाहिँ नेपालीको शिर प्रधानमन्त्री एउटा पुष्पकमल दाहाल एउटा व्यक्ति होइन देशको प्रधानमन्त्री हो । उहाँमाथि जुन खालका प्रहार भइरहेका छन् । यो राष्ट्रमाथिको प्रहार हो । त्यसैले म जुन खालको उपलब्धी भा'को छ । म सम्माननीय प्रधानमन्त्रीको भारत भ्रमणको दललाई म धन्यवाद दिन चाहन्छु र बधाई दिन चाहन्छु ।

आज हामी यो नीति तथा बजेटमाथिको छलफल गरिरहेका छौं । यो निश्चित रूपमा बजेटले केही गुणात्मक विगतको निरन्तरताभन्दा मैले के भनेको छु । निरन्तरतामा क्रमभङ्ग छ यो बजेटमा । यसमा मैलिकता छ, यसमा आत्मनिर्भरता छ, यसमा दिगोपन छ, यसमा सुशासन छ । र अर्को अर्थमा म के भनौं भनेपछि यो बजेट संयुक्त सरकार अथवा गठबन्धन सरकारको भएको हुनाले यो माक्सबादी, वैज्ञानिक समाजवादी, प्रजातान्त्रिक समाजवादी र केही उदारवादको मिश्रण र यसको फ्युजन छ यसमा । यसले गर्न खोजेको आत्मनिर्भर अर्थतन्त्रको

विकास, कृषिलाई पहिलो प्राथमिकतामा, ऊर्जालाई पहिलो प्राथमितामा राखेको छ । र त्यसले थुप्रै खालका सुधारहरू छन् । कर प्रणालीमा सुधार औद्योगिक एवम् व्यावसायिक वातावरण सुधार र लगानी प्रवर्धन नीतिगत सुधारमा र शासकीय सुधार र प्रविधि कार्यविधि र प्रशासनिक सुधार, राजस्वमा चुवावट नियन्त्रण, साधारण खर्चमा मितव्ययीता, सार्वजनिक संस्थान खारेज गरेको छ । यहाँ केही माननीयज्यूहरूले पनि राख्नुभो' २० ओटा खारेज भएको छ । केही गर्न नपर्ने खारेज भएका छन् । केही गर्नै पर्ने थुप्रै छन् । हाम्रो समितिमा हामी ६९ ओटा सार्वजनिक विकास समितिका हामीले अध्ययन गरिराखेका छौं । कतिपय खारेज गर्न आयोगले दिएका सुझावहरूको आधारमा खारेज गर्नुपर्ने छ । र त्यसमा म केही सुधार गर्नुपर्ने छन् । केही खारेज गर्नुपर्ने छन् । केही जनताका आवश्यकतामा राख्नुपर्ने त्यस्तो परिमार्जन गरेर राख्नुपर्ने स्थिति छ ।

त्यसैले मुलुकको अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्न, चुनौतीलाई सम्बोधन गर्न, अर्थतन्त्रले गतिशील र पछाडि पारिएका वर्ग, क्षेत्र, लिङ्ग, जाति, भूभागलाई समेटेको छ समग्र रूपले यसले । र अझ विशेष रूपमा म अर्थमन्त्री र यो सरकारलाई के धन्यवाद दिन चाहन्छु त भन्दाखेरि कर्णाली प्रदेशमा पहिलो चोटी सातओटा प्रदेशको सबैभन्दा बढी बजेट परेको छ । त्यसैले म विशेष यो सरकारलाई र यो अर्थमन्त्रीलाई अझ विशेष धन्यवाद दिन चाहन्छु । प्राथमिकतामा पिछडिएको क्षेत्र पारिएको छ । र जनसङ्ख्या र पिछडिएको क्षेत्रको भन्ने थियो । र मधेशमा, मधेशलाई अझ सम्बोधन हुन सकेको छैन । मधेशलाई पनि सम्बोधन यो बजेटले थप गरोस् भन्ने म चाहन्छु ।

र यसका थुप्रै विशेषताहरू छन् । आगामी वर्ष फागुन मसान्तभित्र विनियोजन विधेयक, सिद्धान्त र प्राथमिकताको समावेश गर्ने भन्ने छ । र कार्तिकभित्र टेन्डर गरिसक्ने, मङ्सिरभित्र काम गरिसक्ने भन्ने छ । र अर्कोतिर शिक्षामा, स्वास्थ्यमा थुप्रै ठाउँमा सुधारहरू छन् । कानुन बनाउने यसको मुख्य चुनौती भनेको हामीलाई कार्यान्वयनको चुनौती बजेटहरू राम्रा छन् । राम्रो छ । नीति केहिले पनि नराम्रो आउँदैन । राम्रै आउँछ । योजना राम्रै आउँछ । तर कार्यान्वयन गर्ने जुन हाम्रो नेपालमा समस्या छ । त्यसलाई पनि समाधान गर्ने आँट र साहससहित कानुन र नियमलाई बदलेर ल्याउने भन्ने खालको यहाँ जुन प्रतिबद्धता छ । यो प्रतिबद्धताप्रति म विश्वास गर्न चाहन्छु ।

बजेटका चुनौती धेरै छन् । मैले अघि भने चुनौतीका समाधान गर्न सक्ने खालको यहाँ खाका छ । त्यसैले यो बजेट कार्यान्वयनको वर्ष हुने छ । हामी यहाँ थुप्रै प्रतिपक्षका माननीय साथीहरूले विरोध गर्नुभो' स्वभाविक ढङ्गले कमरेड माओले भन्नुभएको छ । हामीलाई प्रतिपक्षले

बेस्सरी गाली गऱ्यो भना हमी ठिक ठाउँमा हुन्छौं । जब प्रतिपक्षले हामीलाई प्रशंसा गर्छ । हामी गलत ठाउँमा गएको हुन्छौं भनेर भन्नुभएको थियो । आज त्यही भएको छ । यो बजेट राम्रो भएको कारण प्रतिपक्षले गाली गरेका छन् । ठाडे हात लगाएका छन् । उहाँको धर्म हो यो हामीले आपत्ति जनाउनुपर्दैन । उहाँलाई म विशेष धन्यवाद दिन चाहन्छु । किन भने हामीले राम्रो गरेका रहिछौं भन्ने कुराहरू प्रतिपक्षले विरोध गरेर हन्ड्रेड पर्सेन्ट यहाँ दश हजार मेगावट १० वर्ष इन्डियामा लिने सम्झौता भयो । त्यसमा पनि आपत्ति आयो । फुर्कोट कर्णाली बेच्यो भन्ने आयो । तर हामी यो राष्ट्रलाई बनाउनको लागि यो कङ्गाल यो देशलाई आर्थिक उन्नतिबाट माथि उठाउनको लागि २०७४ देखि यो आठ वर्षको पिरियडमा को जिम्मेवारी छ? अहिलेको संयुक्त सरकार मात्रै छ? नेकपा एमालेको तीन वर्ष शासनकालदेखि लिएर अहिलेसम्मको तपाईं हामीले सबैको जिम्मा लिने कि नलिने? त्यो लिन आँट गर्न सक्नुपऱ्यो यहाँ राज्य असफल हुँदै छ । कसको कारण हुँदैछ? माओवादीको कारणले? काँग्रेसका कारणले? राष्ट्र असफल तपाईं हामी सबैको कारणले हुँदैछ । तर यो राष्ट्रलाई सफल बनाउनको लागि हाम्रो राष्ट्रिय एकता, प्रतिबद्धता प्रतिबद्ध हुन सक्छौं कि सक्दैनौं? आज विदेश, भारत भ्रमणका चुनौती, सम्झौताबाट आत्तिएर, राम्रो गरेको आत्तिएर गाली गलौचको तरिकाले मैले अघि भने तर अपर अरूण कसको पालामा सम्झौता भयो? लोवर अरूण कसको पालामा सम्झौता भयो? यो व्यापार विजनेस हो । विजनेसलाई आकर्षक कसरी गर्ने वास्तवमा? राष्ट्रले फाइदा कसरी लिने? भन्ने उसमा चाहिँ सम्झौता भा'का छन् । यिनलाई के हामी राष्ट्रघात भनौं त? अरू तेस्रोलाई राष्ट्रघात भनौं? हाम्रो नैतिकता हुन्छ? त्यो हुँदैन । किन भने व्यापार र साझेदार हो । त्यसैले म आग्रह गर्न चाहन्छु । यो बजेटलाई म पूर्ण समर्थन गर्न चाहन्छु । किन भने हामी सफल भइसक्यौं किन भने प्रतिपक्षले ठाडो हात लाएर गाली गरेको छ । त्यसैले हामीले राम्रो गयौं । राम्रो आयो । र कार्यान्वयनको लागि पक्ष प्रतिपक्ष होइन समग्र राष्ट्रिय एकताबद्ध भएर लायौं । यही आव्हनसहित आफ्नो भनाइ अन्त्य गर्छु । हवस्त, धन्यवाद ।

**सम्मानिनीय अध्यक्षः**- माननीय कुमार दसौदी । समय ७ मिनेट । त्यसपछि माननीय अनिता देवकोटा ।

(१४:३० बजे) **माननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्मानिनीय अध्यक्षज्यू, यो हामी २०८०/८१ को बजेटका सन्दर्भमा छलफल गर्ने भनेर उभिएको छु । त्यही छलफल गरिरहेका छौं । अब यो बजेटमाथिको छलफल गर्ने भनेर भन्या छौं । अब

छलफल गरेर यसमा न कमा हट्छ, न फुलिष्टप हट्छ । न चाहिँ यसमा फेर बदल हुन्छ । न केही थपिने वाला छ । जे आ'को छ । भोलि त्यसैलाई थपडी बजार पास गर्ने हो । अहिले चाहिँ यसो भएन, उसो भएन भनेबाहेक केही छैन । यस्तो किन भइराख्या छ भन्ने सन्दर्भमा म आफुलाई व्यक्तिगत रूपमा लागेको कुरा के हो भने हामीले निरङ्कुन सामन्ती व्यवस्थाले हामीलाई चाहिँ नेपाल र नेपालीलाई अगाडि बढ्न दिएन भनेर त्यसको खण्डन गर्यौं, विरोध गर्‍यौं । लोकतान्त्रिक व्यवस्था ल्यायौं । व्यवस्था लोकतान्त्रिक ल्यायौं तर हामी लोकतान्त्रिक हुन सकेनौं । हाम्रो दिमागमा अहिले पनि त्यही सामन्ती संस्कारले जगडेको छ । र हाम्रो राज्य संस्था त्यसैमा सञ्चालित छ । यदि लोकतान्त्रिक व्यवस्थाअनुसार हामी लोकतान्त्रिक प्रणालीको व्यवस्था गरेर के गर्ने? हाम्रो आचरण व्यवहारमा त फरक छैन । यदि फरक हुन्थ्यो भने हामीले नीति ल्याउँदा, बजेट ल्याउँदा हरेक कुरा गर्दा जनताको पक्षमा, जनताको हितमा कसरी काम हुन्छ भन्ने कुरालाई ध्यानमा राखेर त्यो कुरामा चाहिँ रहेर हामी त्यसरी चाहिँ नीति कार्यक्रम ल्याउथ्यौं । त्यसरी बजेट बनाउथ्यौं । तर अहिले त्यस्तो भ'को छैन । त्यसकारण त्यो संस्कारै हामी सबैलाई जगडेर राखेको छ भन्ने मलाई व्यक्तिगत रूपमा मलाई त्यो लागेको छ । र अब यसबाट हाम्रा चाहिँ संस्कार हाम्रा चाहिँ उसलाई पनि चेन्ज गर्न पर्छ । हामी लोकतान्त्रिक अझै बन्न नसकेको कुरा मेरो आफ्नो ठम्याइ हो यो ।

अब यो बजेटका सन्दर्भमा त अब हेर्दा सबै चिज भा' जस्तो देखिने तर चाहिँ अलि बेस्सरी मसिनो गरी हेर्‍यो भने त्यहाँ केही होला जस्तो मलाई लाग्दैन । लगभग १७ खरब त्यही ५० अर्ब, साढे सत्र खर्बको लगभग हाराहारीको बजेट छ । अब अर्थमन्त्रीजीले त्यही बजेट किताबमा लेखुभा'छ । साढे बाह्र खर्ब चाहिँ साधारण खर्च ब्याज तिर्नै जाने भनेर लेखुभा' छ । अब साँढे सत्र खर्बको बजेटमा साँढे बाह्र खरब त्यो साधारण खर्च र त्यो सामान्य ब्याज तिर्नै जाने हो भने अब हाम्रो चाहिँ पूँजीगत खर्च, विकास खर्च कति भन्दा त्यही लगभग पाँच खरब ।

अब अघिल्लो वर्षको लाई हेर्ने हो भने अघिल्लो वर्षमा त्यही जम्माजम्मी ५४ पर्सेन्ट खर्च भा'छ । अब अहिले चाहिँ त्यो पाँच खरबमा पनि त्यही ५०/६० पर्सेन्ट खर्च हुने हो भने त कति हुने रहिछभन्दा त त्यही ३ खरबको हाराहारी । त्यसकारण हाम्रो उद्योग पनि चल्छ, बाटो पनि बन्छ । त्यसपछि गएर सब झिलिमिलि हुन्छ । शिक्षा, स्वास्थ्य राम्रो बन्छ । कसरी विश्वास गर्ने? कुनै छ यसमा विश्वास गर्ने आधार? म त त्यस्तो देख्दैन । त्यसकारण मैले त्यही भएर मैले के उठाउन खोजेको भने हामी विरोधका लागि विरोध होइन । अलिकति आज सटर बन्द भा'छ भनेर हामी भन्या छौं । मार्केटमा आर्थिक चलखेल किन हुन सकेन? हामीले के

गरेका छौं भनेपछि बैङ्कहरू खोल्न दिएका'छौं । बैङ्क खोल्ने मान्छे त्यही मान्छे सञ्चालक, ठेकेदार छ । त्यही मान्छे अन्तर्राष्ट्रिय व्यापारी छ । त्यही मान्छे बैङ्कको सञ्चालक छ । त्यसपछि उसले आवश्यक पऱ्यो ब्याज बढाइन्छ । आवश्यक पऱ्यो उसलाई रकम चलाउँछ । जनताले चाहिँ भनेको बेला न पैसा पाउछ न कुनै चलखेल कुनै केही गर्न सक्छ । त्यसलाई कम्तिमा निर्मम भएर सरकारले लागु गर्न सकोस् न कम्तिमा वान डिजिट एक अङ्कमा लगानी र एक अङ्कमा ब्याज उठाउने गरी जान सकोस् न । त्यो ढङ्गले सरकार आउन सक्यो भने त्यसपछि बल्ल जनताहरूले कम्तिमा आर्थिक चलखेल गर्न त सक्थ्ये । आर्थिक उन्नतिका केही ढोकाहरू खोल्न सक्थ्ये । त्यसबाट केही जनतामा चाहिँ आर्थिक अभिबृद्धिको आशा गर्न सकिन्थ्यो । त्यस्तो कहीँ छैन ।

अब हामीले कुनै पनि राष्ट्र समृद्ध हुनका लागि त्यसले सबभन्दा पहिले आफ्नो उत्पादकत्व बढाउनै पर्छ । उत्पादक नबढाइकन, आत्मनिर्भर नभइकन त्यो राष्ट्र समृद्ध बन्नै सक्दैन । यो हरेक राष्ट्रमा चाहिँ मतलब देखेका उदाहरणहरू हुन । तर हामीले चाहिँ उत्पादन बढाउनका लागि के छन् हाम्रो प्रोग्राम भन्दा? एउटा सामान्य झालेमाले खालका झाराटार्ने खालको कुराहरू राखेर त्यसलाई चाहिँ टार घा'छौं । एउटा स्पेसिफिक हामी यति सङ्कटमा छौं भने स्पेसिफिक उत्पादन बढाउन हाम्रो जब खरबौं बजेट खाद्यान्नमा हामी बाहिरबाट ल्याउछौं भने त्यो कुरालाई फोकस गर्नुपऱ्यो नि? हामीसँग साग, तरकारीलगायतका बस्तुहरूको चाहिँ अभाव छ भने त्यो कसरी बढाउने भन्ने त्यहाँ जानपऱ्यो नि? फलफुलको आवश्यकता त्यसबाट धेरै चाहिँ बाहिरबाट चाहिँ पैसो गा'छ । त्यो बढाउने कुरामा ध्यान जना पऱ्यो नि? तर सरकारको ध्यान उत्पादनमा गा'को छैन ।

त्यसैले यो हाम्रा चाहिँ जिजु बाजेहरू चाहिँ यसो नुन लिन जानुपर्ने भारत सीमातिर गा'को बेला फर्केर आउँदाखेरि केटाकेटी के खोज्छन् भनेर यसो भेलिसेली ल्याएर सट्ट छर्दिन्थ्ये । अनि सर्र चाहिँ टिपेर खान्थ्ये । त्यस्तै खालको चाहिँ जनतालाई छर्दिने र सब ल्या'छौं हेर । सब गऱ्या छौं । यस्तो राम्रो गऱ्या छ भनेर चाहिँ भन्ने हुँदाखेरि केही नहुने । किन भने यो कुरा अघिल्लो वर्षको बजेटले देखाइसक्या छ । किन भने अघिल्लो पटकको आर्थिक वर्षको बजेटमा ८ प्रतिशत हामीले चाहिँ जीडीपी ल्याउछौं भनेर भन्याथ्यौं । तर दुई पोइन्ट एक छ मात्र चाहिँ मतलब जीडीपी चाहिँ आएको छ । कम्तिमा त्यो भन्दा अघिल्लो सरकारले डबल डिजिटमा भन्याथ्यो । सात पर्सेन्ट त पुऱ्याथ्यो । नजिक नजिक त गाथ्यो । तर यो त नजिक पनि होइन एकदम खुट्टा जसरी तल ठाउँमा बस्यो । भने अहिलेको बजेटबाट हामी के आशा गर्न सक्छौं?त्यसैले मैले यो चाहिँ शीर्षकबाट यो बुँदा बुँदामा गएर छलफल गर्नुको कुनै आवश्यकता

औचित्य देखिन । यो खाली नारा त्यसपछि शब्दजाल, जनतालाई झुक्काउने, त्यसपछि गएर सबै छ भन्ने तर भोली अर्को वर्ष आउँदाखेरि आज बोलेका माननीयज्यूहरूले त्यो किताबमा राखेका कुराहरू हावादारी हुन्छन् कि विगतका थ्ये भन्ने कुरा त्यतिबेला चाहिँ मनन् गर्नुहुने छ । भन्ने म आफुलाई लागेको छ । र त्यो कुरामा यति सरकारको गम्भीर हुने हो भने यसमा केही करेक्सन गरेर अगाडि बढ्ने कोसिस होस् । ता कि यो सङ्कटको आर्थिक अवस्थाबाट मुलुकलाई झिक्न सकियोस् । जनताको आवश्यकतालाई सम्बोधन गरेर अगाडि बढ्ने कोसिस गरियोस् । त्यसो भो' भनी मात्रै हाम्रो मुलुकलाई ठिक ढङ्गले अगाडि बढाउन सक्छौं । यति कुरा भनेर म आफ्नो भनाइ टुङ्गाए । हवस्, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय अनिता देवकोटा । समय ७ मिनेट । त्यसपछि माननीय राजेन्द्र लक्ष्मी गैरे ।

(१४ः३८ बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्षज्यू, हामी आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यका बारेमा छलफलमा जुटेका छौं । निकै मेहेनत गरेर, यो बजेट कसरी समुदायको सरोकारको विषय बन्न सक्छ । स्रोत र साधनलाई समुचित उपयोग गर्दै नागरिकको सरोकारको विषयमा केन्द्रित भएर यो आर्थिक वर्ष २०८०/८१ को बजेट अर्थमन्त्रीज्यूले अत्यन्त मेहेनतका साथ ल्याउनुभएको छ । म यो बजेटको हार्दिक स्वागत गर्छु, समर्थन गर्छु, सफल रूपमा कार्यान्वयन होस् भन्ने शुभेच्छा व्यक्त गर्न चाहन्छु, सम्माननीय अध्यक्षज्यू ।

हामीलाई थाहा छ मुलुकको अर्थतन्त्र अत्यन्त धराशायी अवस्थामा छ । आर्थिक मन्दी अत्यन्त तीव्र गतिले बढिरहेको अवस्था छ । यो नेपालको मात्र होइन, विश्व परिभेष नै अहिले आर्थिक मन्दीको चपेटामा झेलिरहेको अवस्था छ । एकातिर रुस र युक्रेनको द्वन्द्व, अर्कोतिर कोभिडले थुलो थुलो पारेको हाम्रो अर्थव्यवस्था । यो अर्थव्यवस्थालाई कसरी चलायमान बनाउन सकिन्छ भनेर हर मजबुर प्रयासका साथ धेरै उपकरणहरू चलाएर अर्थमन्त्रीज्यूले लयमा ल्याउने प्रयास गर्नुभएको छ । त्यसैले यो बजेटको म स्वागत गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, बजेट राम्रा हुन्छन् । कार्यक्रम राम्राहरू हुन्छन् । हामी प्राथमिकता र सिद्धान्तका कुरा गर्यौं । त्यसपछि नीति र सिद्धान्तका कुरा गर्यौं । अब बजेट र वक्तव्यका कुराहरू हामी गर्दै छौं । अनि विनियोजत बजेटमा हामी छलफलमा जाने छौं । यो बजेट त्यतिखेर सफल हुने छ जतिखेर यो बजेट वक्तव्यमा काममा आएका कुराहरू सार्थक

रूपमा कार्यान्वयन हुने छन् । त्यतिखेर यो बजेट पूर्ण रूपमा सफल हुने छ भन्ने मलाई लाग्छ ।

अब हाम्रो ध्यान यो इच्छा शक्ति, यो बजेट कसरी कार्यान्वयन गर्न सकिन्छ भन्नेतर्फ हाम्रो इच्छा शक्ति लाग्नुपर्छ भन्ने मलाई लाग्छ । हामी यो बजेटमा कृषि, उर्जा, पर्यटनका क्षेत्र विकासका कुराहरू छन् । कृषिलाई प्राथममिकताका रूपमा राखेको छ । मल कारखाना खोल्ने प्राथमिकता छ । यो आगामी वर्षबाट अगाडि बढ्ने छ भन्ने छ । यहाँ कृषि मन्त्रीज्यू उपस्थित हुनुहुन्छ । यो साँच्चै अगाडि रूपमा बढ्ने हामीले विश्वस्त हुने आधारहरू के छन्? त्यो आधारहरू यहाँ देख्न पाइएको छैन । अहिले पनि रासायनिक मलका लागि कृषकहरू लामो लामबद्ध भएर यो गर्मीको मौसममा रासायनिक मल एक बोरा बोक्नको लागि अहिले पनि लामबद्ध छन् । अहिले पनि सहज रूपमा रासायनिक मलको उपलब्धता छैन । त्यतातर्फ सरकारको ध्यान जानुपर्छ भन्ने मलाई लाग्छ । त्यसै गरी कृषिलाई हामी उपादकत्व वृद्धि गर्ने कुरा गर्दै गर्दा फेरि त्यहाँ कृषिसँग सिँचाइका कुराहरू पनि हुन्छन् । सिँचाइसँग जोड्ने हाम्रा पूर्वाधारहरू निर्माणका कुराहरू पनि हुन्छन् । त्यतातर्फ सरकारको ध्यान जान जरुरी छ भन्ने मलाई लाग्छ ।

र सँगसँगै हामी रोजगारीका कुरा गर्छौं । रोजगारीका कुरा गर्दै गर्दा युवाहरूलाई स्वदेशमै रोजगारी दिने कुरा छ । तर योजनासहितका कुराहरू यहाँ आउन सकेका छैनन् । त्यसैले कृषिलाई रोजगारीसँग जोडेर, हाम्रा पर्यटन क्षेत्रहरूलाई रोजगारीसँग जोडेर हाम्रा योजनाहरू आउनुपर्छ भन्ने मलाई लाग्छ । हामीलाई वितरणमुखी लोकप्रियताका होडमा लाग्यौं भने हिजोको जस्तो सरकारले लोकप्रियताका आधारमा जुन बजेट विनियोजन गर्यौं, त्यसको असर अहिले परिरहेको छ । त्यसैले यो बजेटले अब एक दिनका लागि माछा र मासु होइन, एक दिनका लागि माछा र भात होइन, बल्छी सधैं माछा मार्ने बल्छी तयार गर्नुपर्छ भन्ने मलाई लाग्छ । त्यसैले त्यतातर्फ यो बजेटको ध्यान केन्द्रित हुनुपर्छ भन्ने मलाई लाग्दछ । त्यसै गरी लगानी प्रवर्धन औद्योगिक विकास र व्यापार सन्तुलनमा पनि यो बजेटले उल्लेख्य कुराहरू उठाएको छ । हामी आयातलाई निरुत्साहित गर्ने, निर्यातलाई प्रोत्साहन गर्ने कुरा हामी गरिरहेका छौं । त्यसैले अब हामी उपादकत्व वृद्धि गर्न सकेनौं भने फेरि आयातलाई विस्थापन गर्न हामी सक्दैनौं । त्यसैले उत्पादनलाई वृद्धि गर्नको लागि उत्पादनमा हामी बढी जोड दिन जरुरी हुन्छ भन्ने मलाई लागेको छ । त्यसै गरी हामी गुणस्तरीय भौतिक पूर्वाधार निर्माण डिजिटल र हरित अर्थतन्त्र प्रवर्धन, वातावरण संरक्षण, जलवायु परिवर्तन, विपद् व्यवस्थापन,

मानव संशाधन विकास र रोजगारी सिर्जना, वित्तीय सुधार, सार्वजनिक वित्तीय प्रणालीका सुधारहरू जस्ता महत्त्वपूर्ण कुराहरू यहाँ आएका छन् ।

सम्माननीय अध्यक्षज्यू, अहिले सरकारले अनावश्यक संरचनाहरू हटाउने भनेर २० वटा संरचनाहरू खारेज गरेको छ । यो हिम्मत गरेको छ । तर यो हिम्मत गर्दै गर्दा मलाई एउटा कुरा खड्केको छ, सम्माननीय अध्यक्षज्यू । विनातयारीका साथ, विनाएक्सरसाइजका साथ, विनाछलफलका साथ यी २० वटा संरचनाहरू हटाइयो कि भन्ने मलाई लाग्छ । एकातिर संरचनाहरू हटाउने कुरा गर्ने, अर्कोतिर सांसद विकास कोष वितरण गर्ने । जब प्रधानमन्त्रीको प्रतिबद्धता थियो यो हुँदैन भनेर राष्ट्रिय सभामा भन्नुभएको थियो । त्यसैले त्यतातर्फ पनि म ध्यान केन्द्रित गर्न चाहन्छु ।

त्यसै गरी दाङमा, म दाङतर्फ केन्द्रित गर्न चाहन्छु । स्रोत सुनिश्चितता हुनुपर्यो भन्ने मेरो कुरा छ । दाङ टरि गाउँ एयरपोर्ट स्तरोन्नतिको कुरा आएको छ । यो स्रोत सुनिश्चितता देखेको छैन । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान सेवा विस्तार, कर्णाली बजेट व्यवस्था, राप्ती राजमार्ग दाङ, सल्यान, रुकुमलाई स्तरोन्नति गर्ने यो ९० करोड भनेको यसमा स्रोतको सुनिश्चितता छ । लमही-भालुवाङ स्तरोन्नति, लुम्बिनी प्रदेशको राजधानी पूर्वाधार, दाङ जिल्ला देउखुरी उपत्यकाको प्रकरण सिँचाइलाई निरन्तरता दिने र बृहत् दाङ सिँचाइ आयोजनाको कुराहरू त आएका छन् । तर यसको स्रोत सुनिश्चितता छैन । यो हुनुपर्छ भन्ने मलाई लागेको छ । त्यसै गरी छुटेका योजनाहरूमा दाङको उत्तरी भेग हाई ड्याम निर्माणको कुराहरू, फोरलेन सडक घोराही तुलसीपुरका कुराहरू, चक्रपथ निर्माणको कुराहरू, सहिद मार्ग घोराही-होलरी जोड्ने, सहिद मार्ग घोराही मसिना हुँदै स्वर्गद्वारी जोड्ने बाटो, घोराही कमिरे चौर लुवार पानी हुँदै प्युठान जोड्ने यो पहुँच मार्ग, यी मार्गहरू पनि अहिले छुटेका छन् । त्यसैले यी मार्गहरूलाई पनि ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय राजेन्द्र लक्ष्मी गैरे । समय ११ मिनेट । त्यसपछि माननीय तुलसा कुमारी दाहाल ।

(१४:४५ बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, हामी ०८०/०८१ को कूल बजेटमाथि छलफल गरिरहेका छौं । सरकारले १७ अर्बभन्दा बेसीको बजेट ल्याएको छ । चालु खर्च ११ खर्ब ४२ अर्ब, पुँजीगत खर्च ३ खर्ब २ अर्ब, वित्तीय व्यवस्थापनमा ३ खर्ब ७ अर्ब र सरकारले बजेटको स्रोत

राजस्वमा चैं १२ खर्ब ४९ अर्ब, वैदेशिक अनुदानमा ५० अर्ब, आन्तरिक ऋणमा २ खर्ब ४० अर्ब, वैदेशिक ऋण २ खर्ब ४० अर्बको बजेटको स्रोत बनाएको छ । यो देश ओरालो लागिरह्यो भनेको बेलामा असारसम्म पनि कर्मचारीले तलब खान्छन् कि खाँदैनन् भनेर सन्सनी छाएको बेलामा यो हिक्मत गर्नु राम्रो कुरा हो । यो बजेटको म स्वागत गर्न चाहन्छु । र यहाँ हामी जनताले चुनेका जनप्रतिनिधि धेरै निराशावादी भयौं भने हाम्रा जनता अझैं निराशावादी होलान् । यसरी पनि हामीले सोच्नुपर्दछ । र हामी अभिभावकको हिसाबले पनि यो बजेटमा सरकारले अभिभावकको भूमिका निर्वाह खोजेको, लागेको देखिन्छ ।

केही नयाँ कुराहरू पनि आएका छन् । अहिलेसम्म नआएका साँच्चिकै नयाँ कुरा, केही नयाँ कुरा आएका छन् । अनलाइनबाट कम्पनी दर्ता गर्ने खारेजी गर्ने कुरा यो नयाँ कुरा हो । अहिलेसम्म आएको थिएन । अहिलेको सरकारले ल्याएको छ । खर्च कटौती गर्ने कुरा गरेको छ । र राजस्व बढाउने र कबाडी सामानहरूलाई हटाउने कुरा गरेको छ । यो पनि नयाँ कुरा आएको छ । र करको समस्या छ भन्ने कुरा आएको छ । समस्याको समाधान चैं ल्याएन । सरकारले ल्याउनुपर्दछ भन्ने मलाई लाग्छ । र अहिले हामी देशको सङ्कट नचिनेको बजेट भयो भने हामीले अझै देशलाई अगाडि बढाउनुको निम्ति धेरै काम गर्नुपर्ने देखिन्छ । युवा पलायनलाई कसरी रोक्ने? यो कुरा आउनुपर्दछ । मल कारखानाको कुरा आएको छ । ग्यारेन्टी गरिनुपर्दछ । ऋण चैं नउठिर'को बेलामा, राजस्व नउठिरहेको बेलामा कि त हामीले कर छोड्दिनुपर्दछ कि ब्याज छोड्दिनुपर्छ र पनि राजस्व उठाउन सकिन्छ । यो खालको केही राहत दिएर पनि हामीले बढाउन सकिन्छ भन्ने लाग्दछ । यो छुटेको कुराहरू आउनुपर्दछ ।

र अरू कुराहरू धेरै धेरै नयाँ कुराहरू पनि छन् । हामीले नेपाललाई कृषिप्रधान देश भनिरहँदा धेरै जनताले भन्थे कृषिप्रधान देशका किसानलाई चैं बजेट विनियोजन हुँदैन । अहिले कृषिमा धेरै पर्याप्त रूपमा सम्बोधन भएको देखिन्छ । बुँदा नम्बर ८८ मा रैथाने बालीलाई, रैथाने बाली जुन हामीले परम्परागत रूपमा रहेका बालीलाई प्रवर्दन गर्ने कुरा राखिएको छ । त्यसमा चैं म अझैं थप गरी स्पष्ट गरी भन्न चाहन्छु । हामी पाल्पा, गुल्मी, अर्घखाँची जिल्लाका किसानहरूको मुख्य नगदे बाली अधुवा, बेसार, टिम्मरो, अम्लिसोजस्तो खेतीहरू हामीले गर्दै आएका छौं । यो खेतीमा बृहत् गर्न, उत्पादन वृद्धि गर्न, बजार व्यवस्थित गर्न र युवाहरूलाई पलायन हुनबाट रोक्न, रोजगारीमा संलग्न गराउन प्राप्त बजेटको व्यवस्थापन गर्न आवश्यक छ । त्यसैले यहाँ माननीय मन्त्री हुनुहुन्छ । म कृषि मन्त्रीको ध्यानाकर्षण गर्न चाहन्छु । यति मात्रै गर्दा हामीले जिल्लाका सिङ्गो समुदायलाई हामीले आत्मनिर्भरतिर उन्मुख गराउन सक्छौं भन्ने मलाई विश्वास छ ।

र साथै म कृषिसँगै जोडेर जङ्गली जनावरको विषयमा अहिले बोलेको छ । जङ्गली जनावरमा विशेष गरी म बाँदरको विषयमा उठान गर्न चाहन्छु । बाँदरले नेपालको ४० जिल्लालाई प्रभावित गरेको छ । र किसानहरूले खेती लगाएर खान नपाएसी जमिन बाँजो छोडेर बेरोजगार भएर बस्न बाध्य छन् भन्ने हामीले चैं सुनेका छौं , देखेका छौं । त्यसैले गर्दा यो बाँदरलाई हामीले इको सिस्टमले चाहिने भएको त होला तर ४० जिल्लाका किसानहरू प्रभावित भएको हुनाले यसलाई हामीले नास नै गर्नुपर्छ । त्यसैले गर्दा नीति र कार्यक्रम ल्याउनको निम्ति म अनुरोध गर्दछु । यो कुराहरू म राख्न चाहन्छु ।

र अर्को कुरा २३८ मा सबै नागरिकहरूलाई आधारभूत स्वास्थ्य, त्यसमा बिमा सेवाको कुरा गरिएको छ । बिमा सेवा सरकारी र सामुदायिक स्वास्थ्य केन्द्रबाट गर्न सकिने कुरा राखिएको छ। र यो बिमाको क्षमतालाई हेर्दा मैले सरसर्ती हेर्दा हाम्रो पाल्पा जिल्लामा विशेष गरी तीनटा हस्पिटलहरूः सरकारी हस्पिटल, युनाइटेड मिसन हस्पिटल र लुम्बिनी मेडिकल कलेज छन् ।

(१४:५१ बजे) <u>पुनःपीठासीन</u>:- माननीय श्री अनिता देवकोटा ।

<u>**माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**</u>:- र हाम्रो सरकारी हस्पिटलको डेढ सय अनि युनाइटेड मिसनको चैं ३ सयभन्दा बेसी बिरामी जाँच्ने क्षमता छैन । र यो जिल्लामा हाम्रो यो हस्पिटलमा चैं गुल्मी, पाल्पा, अर्घखाँची, स्याङ्झा, बाग्लुङलगायतका मान्छेहरू उपचार गर्न आउने गर्नुहुन्छ । त्यसैले गर्दा यो स्वास्थ्य बिमालाई विधि बनाएर अथवा त्यसलाई फजुल रूपमा जान नदिने गरी रोकेर हामीले बिमा हामी लुम्बिनी मेडिकल कलेज प्रवासबाट पनि हामीले यो सेवा पाउनुपर्दछ । हाम्रो ५ जिल्लाका बिरामीहरू यसबाट चैं लाभ लिन सक्छन् । त्यसले गर्दा यस्ता अरू ठाउँहरू पनि होलान् । यो एउटा उदाहरणको लागि मात्रै मैले यहाँ राखें । र निजी मेडिकल कलेजबाट पनि बिमा सेवा अनि सुचारु गर्नुपर्छ भन्ने चैं मेरो माग छ । म ध्यानाकर्षण गर्न चाहन्छु ।

र साथै मैले योभन्दा अगाडि पनि के उठाएको थिएँ भने सामान्यभन्दा सामान्य मान्छेहरू प्रेसरले, सुगरले, क्यान्सरले मान्छेहरू चैं गाउँमै बसेर प्रेसरले ढलेर मरेको हामीले सुनेका छौं । सामान्यभन्दा सामान्य उपचारहरू हामीले वार्ड स्तरमै उपलब्ध गराउनुपर्दछ । क्यान्सर, सुगर, मृगौलाजस्ता कुराहरू चैं पहिचान गर्न सकिने सामान्य रोगको पहिचान गरेर सेवा लिन सकिने उपलब्धता वार्ड स्तरमै व्यवस्था गर्नुपर्ने छ । थप गर्नुपर्छ भन्ने मेरो माग छ ।

र बाल शिक्षाको योभन्दा अगाडि पनि हामीले कुरा उठाएका थियौं । बाल शिक्षा एउटा बच्चालाई हामीले घर शनिवार राख्दाखेरिमा बच्चाले चकचक गर्यो, हात भाच्यो, कसरी जोगाउने होला भन्ने ठुलो पिर हुन्छ । हाम्रा बच्चाहरू ती सहयोगीहरूले दिनभरि कसरी जोगाइदेका छन् होला? यति मेहेनत गरेर उनीहरू भोकाए कि, निदाए कि, दिशा पिसाब लाग्यो कि, सबै कुरालाई ख्याल गरेर बाल सहयोगीहरूले आज हाम्रा बच्चाहरूलाई हुर्काइरहेका छन् । लामो समयसम्म सेवा गरिरहेका छन् । त्यसैले बाल सहयोगीहरू ५ वर्ष या १० वर्षको मापदण्ड राखेर उनीहरूलाई सरकारले स्थायी गराइदिनुपर्दछ । म बाल सहयोगीहरूलाई स्थायी गराइदिनको निम्ति म यो जोडदार रूपमा माग गर्न चाहन्छु ।

र बुँदा ८४ मा कृषि क्षेत्रको रूपान्तरणको कुरा छ । मैले अगि पनि उठाएको छु । केही छैन भन्ने कुरा होइन धेरै छ । अहिले कृषि क्षेत्रमा उत्पादनमा बृहत् वृद्धि गर्ने कुरा आएको छ । कृषि उजहरूलाई भण्डार गर्ने कुरो आएको छ । बजारीकरण गर्ने कुरा आएको छ । हामीले यो काम प्रदेश स्तरमा गर्छौं कि? पालिका स्तरमा गर्छौं कि योजनासहित? । हामीले गर्यौं हैं भन्ने गरी आउनुपर्दछ । किटानका साथ आओस् भन्ने कुरा राख्न चाहन्छु ।

र अर्को कुरा हामीले छलफल गरिरहँदा साथीहरूले पनि उठाउनुभो' । म पनि उठाउँछु । ५ करोड, विगतका दिनहरूमा यो चैं राम्रो परिचालन भएन । यसले भ्रष्टाचारलाई प्रोत्साहित गर्यो भनेर छोडिएको थियो । अहिले फेरि आएको छ । र यो निर्वाचन विकास कोष, निर्वाचन विकास कोष यो विभेदकारी छ । यसले सबैलाई हेरेन । र जसले पाउनुहुन्छ उहाँहरू वडा स्तर वार्डको वडाध्यक्षले बाँड्नेभन्दा पनि तल हुनुहुन्छ । त्यसैले गर्दा यो खिसी टिउरी हुनेवाला छ । त्यसैले गर्दा म विकल्पका साथ के भन्छु भने एउटा जिल्लामा एउटा निर्वाचन क्षेत्र होला, दुइटा निर्वाचन क्षेत्र होला अथवा दशवटा पालिका होला । यो पालिका स्तरमा जाने गरी र अहिले मान्छेका मनहरू विक्षिप्त भएका छन् । मान्छेहरू अतालिएका छन् । हिंसा भएको छ । मान्छेले सुसाइडहरू गरिरहेका छन् । घटनाहरू घटिरहेका छन् । त्यस्तो खालको मान्छेहरूलाई संरक्षण गर्न, बाँच्न, यो देशमा बाँच्न सकिन्छ भनेर आधारभूत कुराहरू दिन सक्ने गरी यो बजेट स्थानीय तहमा नै राख्दा उपयुक्त हुने, स्थानीय तहमा जाँदाखेरिमा उपयुक्त हुने देख्दछु । यो कुराहरू म यहाँ राख्न चाहन्छु ।

र महिलाहरूको निम्ति संरक्षणको कुराहरू गरिएको छ । आज पनि महिलाहरू विवश छन् । कहिले हामीले माइती घर मण्डला, कहिले हामीले भद्रकाली मा मान्छेहरू हिसांबाट पीडित भएर, घरेलु हिंसाबाट पीडित भएर संरक्षक नपाएर, गुहार नपाएर मान्छेहरूले अहिले पनि रुँदै हिंडेका छन् । त्यसैले गर्दा एउटा जिल्लामा कम से कम एउटा आवास जुन आवासमा

आएर हरेक दु:ख पाको मान्छेहरूले संरक्षण लिन सक्ने, आफ्नो कुरा भन्न सक्ने र आफ्नो कुरा राखेर सुरक्षित हिसाबले आफ्नो परिवारमा, समुदायमा पुनर्स्थापन हुन सक्ने गरी यो खालको योजनाका साथ आओस् । थप्न मिल्छ भन्ने कुरा मलाई लाग्छ ।

अगि माननीयज्यूहरूले भन्नुभएको थियो, यो बजेट आइसकेपछि जति भने पनि केही हुने होइन जस्ताको त्यस्तै हुन्छ भन्ने मैले सुनें । र मैले विज्ञहरूको मुखबाट के पनि सुनें भने अर्थमन्त्रीले ल्याको बजेट अर्थमन्त्रीले नै सुधार गरौं भनेर ल्याउनुभो' भने सुधार गर्न, थप्न, घटाउन मिल्छ भन्ने पनि मैले सुनें । त्यस्तो भ'को हुनाले केही ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय तुलसा कुमारी दाहाल । समय ८ मिनेट । त्यसपछि माननीय युवराज शर्मा ।

(१४:५७ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, हामी आर्थिक वर्ष २०८०/०८१ को बजेटको आय व्ययको वार्षिक अनुमानमाथि छलफल गरिरहेका छौं । म अध्यक्ष महोदयमार्फत माननीय अर्थमन्त्री प्रकाशशरण महतले प्रस्तुत गर्नुभएको बजेट वक्तव्यको सम्बन्धमा आधारित रहेर के आफ्ना भनाइहरू राख्न चाहन्छु ।

मैले यो बजेट वक्तव्यलाई निकैचोटि पल्टाएँ हेरें । अध्ययन गरें । यसको उद्देश्य प्राथमिकता, समग्र बजेट वक्तव्यलाई पनि हेरें तर कहीं पनि मैले यो समृद्ध नेपाल र सुखी नेपाली भन्ने देखिनँ । १५ औं पञ्चवर्षीय योजनामा समावेश गरिएको सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालले पनि प्रतिबद्धता गर्नुभएको तर किन हो नीति कार्यक्रम र बजेटमा कहीं पनि समृद्ध नेपाल र सुखी नेपाली भन्नी शब्द भेटिएन । गन्तव्य कतातिरको हो । यतिसम्म कि संविधानको मौलिक हकको कार्यान्वयनको विषयमा बजेट केन्द्रित छैन । प्रादेशिक सन्तुलन छैन । वित्तीय संघीयताको पनि ख्याल गरिएको छैन । आगामी आर्थिक वर्षको लागि १७ खर्ब ५१ अर्ब ३१ करोड बजेट विनियोजन भएको छ । बजेटको आकार ठुलो छ । स्रोतको विश्वसनीयता छैन । ऋण लिएर ऋण तिर्नुपर्ने अवस्था छ । नीति कार्यक्रम र बजेटमा तालमेल देखिँदैन । पुँजीगत खर्च घट्ने, साधारण खर्च बढ्ने सम्भावना देखिन्छ । यति धेरै नाराहरूले भरिएको बजेट सायद यो पहिलो होला २२ ओटा नाराहरू समावेश छन् । सरकारी आश्वासनको पोकोले पनि त्यतिकै भरिएको छ । अर्थतन्त्र रूपान्तरणको कुरा गरेको छ । गन्तव्य पुँजीवादतर्फको हो कि समाजवादतर्फ हो । बुझ्न अलि कठिन छ । अन्योलता छ । एउटा

राम्रो कुरो प्लास्टिकको झोला नियन्त्रण गर्ने कुरा आएको छ । यो राम्रो हो तर कसरी गर्ने भन्ने कुरो स्पष्ट छैन ।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत म अर्थमन्त्रीलाई प्रश्न राख्न चाहन्छु । सायद मैले भनेको कुरा गलत पनि हुन सक्छ होला । यसलाई सही गराइदिनुहोला । यो यातायात तथा भौतिक मन्त्रालयमार्फत खर्च हुने बजेट सहरी विकास मन्त्रालयसमेत गरेर वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम शीर्षकमा चाहिँ ५ अर्बको बजेट विनियोजन गरेको छ । ३ ओटा जिल्ला एकातर्फ छ । ७४ जिल्ला एकातर्फ छ । त्यसैले म अर्थमन्त्रीज्यूलाई के आग्रह गर्न चाहे भनेँ । यो डडेल्धुरा, गोरखा, नुवाकोटको लागि यहाँले छुट्टाउनुभएको रकम २ अरब ३२ करोड र ७४ जिल्लाको लागि छुट्याउनुभएको रकम  २ अरब ६८ करोड के यो समन्यायिक भयो? समानुपातिक छ? गठबन्धनको मोडल यही हो । यो विभेद नीति होइन म यो प्रश्न गर्न चाहन्छु अर्थमन्त्रीज्यूले जवाफ दिनुहोला ।

किसान पेन्सनको फड्को मारेर नागरिक पेन्सनको कुरा गरिएको छ । चालु आर्थिक वर्षमा कति जना किसानले पेन्सन पाए? त्यो नागरिक पेन्सन भनेको के थियो? आगामी वर्षमा कति नागरिकले चाहिँ कति पेन्सन पाउने हो? यो निक्र्योल छैन । यो बजेटको ११२
नम्बर बुँदामा चुरे फेदीको आसपासका नदीजन्य ढुङ्गा, बालुवा, गिट्टीहरू सङ्कलन गर्ने गरी कानुनी व्यवस्था गर्ने कुरा छ । नेकपा एमालेको सरकारले कानुन खानी विभागबाट प्रमाणित भएकामा निर्यात गर्ने कुरा थियो । अहिले नीतिगत रूपमै चुरे आसपासका नदी नालाहरू तहसनहस पार्ने गरी योजना ल्याइएको छ । चुरे आसपासका क्षेत्रका जलसायहरू सुकिरहेका छन् । चुरेको वन जङ्गलमा काठको तस्करी भैरहेको छ । मानव बस्तीको व्यवस्थापन हुन सकेको छैन । यदि चुरेमा जलसाय चाहिँ सुक्ने हो र चुरेलाई व्यवस्थित गर्न सकेनौं पानीको रिचार्ज गर्न सकेनौं भने मधेस सुख्खा हुन सक्छ । चुरेको दक्षिण भागको पानी सतह घटिरहेको छ । माननीयले यहाँ पनि व्यक्त गर्नुभयो यस्तो अवस्थामा स्थानीय तह पनि त्यो चुरे आसपासका वन जङ्गलका काठहरू त्यहाँका चाहिँ भएका गिट्टी, बालुवाहरूलाई चाहिँ ठेक्का लगाउनको निम्ति आतुर छौं त्यसैले चुरे संरक्षण गर्नुपर्छ भन्ने कुरालाई म जोड दिन चाहन्छु ।

यो बजेटले समेट्न नसकेको नीति कार्यक्रममा पनि राम्रो गरी आउन नसकेको अर्को एउटा विषय उठाउन चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, त्यो राष्ट्रिय महत्त्वको दस्तावेज व्यवस्थापनको कुरा हो । राष्ट्रिय अभिलेखालयको व्यवस्थापन र प्रवर्धनको विषय ऐतिहासिक मन्दिर, दरबार, गुम्बा, पुस्तकालयहरूको विषय चाहिँ ओझेलमा परेको छ । महत्त्वपूर्ण दस्तावेज अभिलेख लामो समयसम्म जोगाएर राख्नुपर्ने हुन्छ । अभिलेख व्यवस्थापन र संरक्षणका विषयमा

कानुन पनि समसामयिक बनाउनुपर्ने हुन्छ । पुरानो संरक्षण भवन पुराना हाम्रा संसद भवनको संरक्षण निर्माणको विषय पनि कहीं बोलिएको छैन । सङ्ग्रहालयको व्यवस्थापनको विषयमा नीति कार्यक्रम बजेट मौन छ । यसको बुँदा नम्बर २१८ यो बजेटको २१८ नम्बर बुँदामा पुस्तकालयको सुदृढ गर्ने कुरो छ । म एउटा प्रश्न राख्न चाहन्छु । अर्थमन्त्रीज्यूलाई यो केशर पुस्तकालयको भवन कहिले पूरा हुन्छ? राष्ट्रिय पुस्तकालय अस्थायी रूपमा व्यवस्था गरिएको छ । कहिले त्यसको स्थायी हुन्छ? डिल्लीरमण कल्याणी रेग्मी स्मारक पुस्तकालयको विवाद समाधान अहिले हुने हो । अनिश्चित छ । पुस्तकालयको सुदृढीकरण र डिजिटलको कुरा गरिएको छ । यो कसरी सम्भव छ । पुस्तकमा लागेको धुलो टक्टकाउने हामीसँग पैसा छैन । केही कर्मचारीहरूलाई करारमा राखिन्छ । त्यो पनि धेरै समय राख्न सकिँदैन । महत्त्वाकाङ्क्षी योजना बनाएर के गर्ने आवश्यकताको पहिचान गर्न सकेको देखिँदैन । त्यसैले इतिहासको संरक्षण सकेनौं भने भविष्य उज्यालो हुने छैन । यो चल्तेचलाते बजेटजस्तो लाग्यो । हाम्रो अभिलेखालय, पुस्तकालयहरूको समन्वय र सहकार्य पनि छैन । त्यसतर्फ सरकारको ध्यान गएको छैन न बजेटमा आएको छ न नीति कार्यक्रममा आएको छ ।

यसै गरी बुँदा नम्बर १९९ मा बाल शिक्षालाई व्यवस्थित र पहुँचयोग्य बनाउने कुरा गरिएको छ । प्रारम्भिक बाल विकास केन्द्रको नक्साङ्कन गरी पुनः वितरण गर्ने भनिएको छ । चालु आर्थिक वर्षमा बाल विकास केन्द्रका शिक्षिकाहरू कर्मचारीहरूलाई सङ्घले ८ हजार दिने र प्रतिव्यक्ति ८ हजार दिने र स्थानीय तहले थप गरेर १५ हजार पुऱ्याउने कुरा थियो तर धेरै पालिकाले त्यो उपलब्ध गराउन सकेनन् । सरकारले छानबिन गर्‍यो? कहाँ कहाँ दियो कहाँ कहाँ दिएन भन्ने कुरो थाहा छ? अब आगामी वर्षमा के हुन्छ? के उनीहरूले पारिश्रमिक पाउँछन्?

त्यसै गरी २०२ नम्बरमा सामाजिक विद्यालयको कुरा गरिएको छ । दिवा खाजाको रकम बढाइयो? रकम वृद्धि गरेको देखिएन । प्रतिव्यक्ति १५ रुपियाँ छ अनि सरकार भन्छ जङ्क फुड नदे । पौष्टिक आहार दे । पौष्टिक आहार दिनुपर्छ भन्ने कुरा यो कसरी सम्भव छ? विपन्नको छात्रवृत्ति बढाउने कुरा पनि छैन ।चासोहीन छ । उच्च शिक्षासम्बन्धी नीति पनि छैन । विश्वविद्यालयको शिक्षा कमजोर भएको कारणले आज वर्षेनी हजारौं विद्यार्थीहरू विदेशमा अध्ययनको लागि गएका छन् । के चालु आर्थिक वर्षमा सरकारले केही परिवर्तन गर्न सक्छ? महिला पहिला भन्ने कार्यक्रम अघिल्लो वर्ष आएको थियो । माननीयज्यूहरूलाई पनि याद हुनुपर्छ । स्थानीय तहको निर्वाचनमा यो गठबन्धनका दलले १२३ ठाउँमा पुरुषलाई उम्मेदवार बनाएर महिला पहिलो गराएको छ र अझै नजिकको उदाहरण भनौं राष्ट्रपति र उपराष्ट्रपतिलाई नै

दुइटै महिला दिएर अर्को उदाहरण पेस गरेको छ । कार्य कार्य तहमा ३३% महिला सहभागिताको सुनिश्चितता छैन । महिला विकास कार्यालयलाई स्थानीय तहमा रूपान्तरण गरिएको छ । अब सायद यो महिला पहिला भैसक्यो होलान् । आगामी वर्षलाई यो महिला पहिला भन्ने कार्यक्रम राखिएको छैन ।

सम्माननीय अध्यक्ष महोदय, चालु आर्थिक वर्षमा आर्थिक वृद्धि दर ८ प्रतिशत हुन्छ भनेको थियो तर २ पोइन्ट ६ मा सीमित रह्यो आगामी वर्षमा ६ प्रतिशत आर्थिक वृद्धि दर हुने अनुमान गरिएको छ । यो पूरा हुन्छ भन्ने कुरो सम्भावना छैन ।

(सम्माननीय अध्यक्षज्यू १ मिनेट थप दिनुहोला ।) अर्थमन्त्रीज्यूले सही समस्याको पहिचान गर्न सक्नुभएको छैन भन्ने कुरा म यहाँ जानकारी गराउन चाहन्छु । एउटा नमुनाको रूपमा चाहिँ हेरौं । स्वास्थ्य क्षेत्रको गुणस्तरीय सेवा गर्ने भन्ने कुरो छ । त्यो कागजमा मात्रै सीमित हुने हो कि भन्ने लागिएको छ । स्वास्थ्य क्षेत्रको बजेटलाई हेर्दा के देखिन्छ भने आर्थिक वर्ष ०७५/०७६ मा २ पोइन्ट २ प्रतिशत थियो । ०७६/०७७ मा ८ पोइन्ट ८ प्रतिशत थियो । ०७७/०७८ मा ७ पोइन्ट ३ प्रतिशत थियो र ०७८/०७९ मा ८ पोइन्ट ६ प्रतिशत थियो । ०७९/०८० मा ५ पोइन्ट ६ प्रतिशत थियो । ०८०/०८१ मा ४ पोइन्ट ८ रहेको छ । अझ अझ शिक्षाको स्थिति घट्दै गएको छ ।

विश्व स्वास्थ्य सङ्गठनले कुनै पनि मुलुकले आफ्नो बजेट बनाउँदा कम्तीमा १० प्रतिशत शिक्षा क्षेत्रमा राख्नुपर्छ भन्ने तय गरेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय तीन तहको लागि ८३ अरब ९९ करोड बजेट ८ लाख बजेट ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय युवराज शर्मा । समय ७ मिनेट । त्यसपछि माननीय विना कुमारी पोखरेल ।

(१५:०७ बजे) **माननीय श्री युवराज शर्मा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, आ. व. २०८०/०८१ को लागि माननीय अर्थमन्त्रीज्यूद्वारा प्रस्तुत बजेट जसमा चालु खर्चतर्फ ११ खरब ४१ अरब ७८ करोड पुँजीगत खर्चतर्फ ३ खरब २ अरब ७ करोड, वित्तीय व्यवस्थापनतर्फ ३ खरब ७ अरब ४५ करोड जम्मा विनियोजित रकम १७ खरब ५१ अरब ३१ करोडले स्वयम् आफ्नो दुखेसो आफै प्रकट गरिरहेको देखिन्छ । यो घाटाको बजेट हो । वैदेशिक ऋण अनुदान र आन्तरिक ऋणमाथि निर्भर रहेको बजेट हो तर पनि ६ प्रतिशत

आर्थिक वृद्धि दर हासिल गर्ने लक्ष्य बोकेको देखिन्छ । तदअनुरूप ६ ओटा लक्ष्य १० ओटा प्राथमिकता निर्धारणसमेत गरेको छ । मैले ती उद्देश्य र प्राथमिकतामा शिक्षा र स्वास्थ्य भन्ने शब्द परेको देखिनँ । गंगा जमुनाको सङ्गममा सरस्वती विलिप्त भए झैं । तर नदेखिए पनि आशाय त कुनै शब्द वा वाक्यले बोकेकै होला । मेरो अल्पज्ञताले नबुझेको हुनुपर्दछ ।

पहिला पहिला विद्यालयमा शिक्षा नै विकासको मूल आधार हो भनी पढाइन्थ्यो । त्यस्तै धनभन्दा स्वास्थ्यलाई बढी महत्त्व दिइन्थ्यो । मूर्ती पूजाका उपासक हामी अमूर्त शब्दलाई नबुझेको पनि हुन सक्दछ । बजेटको पाना पल्टाउँदै जाँदा बजेटको क्षेत्रगत कार्यक्रममा शिक्षा र स्वास्थ्य पछि नै परेको देखियो । ६६ बुँदाबाट सुरु भएको क्षेत्रगत कार्यक्रममा १९८ बुँदामा शिक्षा र २२४ बुँदाबाट स्वास्थ्य तथा जनसङ्ख्याको बुँदा सुरु भएको देखिन्छ । मानौ देश विकासमा शिक्षाको योगदान धेरै पछिको प्राथमिकतामा पर्दछ । शिक्षा नै विकास रोजगार नवप्रवर्धन अनुसन्धान, डिजिटलाइजेसन, मेडिकल, इन्जिनियरिङ र सम्पूर्ण देश विकासको माध्यम हो । मानव सभ्यताको रूपान्तरण पनि शिक्षाबाट नै सम्भव हुन्छ । यो बुझ्नु अझ आवश्यक छ तर शिक्षामा थोरै भए पनि लगानी बढेको देख्दा सन्तोष भएको छ । त्यसपछि स्वास्थ्य र कृषि हो जसको लागि पनि शिक्षा अनिवार्य छ । कृषि क्रान्ति नाराले मात्र सम्भव छैन । कृषि शिक्षा तदअनुरूप साधारण लगानी सबै आवश्यक पर्दछ । आजको घाटाको बजेटले उत्पादन वृद्धि सुशासन खर्च कटौती वित्तीय अनुशासन उद्योगधन्दामा लगानी मैत्री वातावरणको निर्माण व्यापारघाटा सम्बोधन गर्ने उपायका साथै कठोर नियमन अनुगमन र नियन्त्रणको माग गरेको छ । यद्यपि बजेटले यी कुरालाई सम्बोधन गर्ने प्रयास गरेको पनि छ । यसको कार्यान्वयन पक्ष हेर्न बाँकी छ र परिणाम पनि ।

आर्थिक मन्दीको सामना गर्न निर्मम भई कठोर कदम चाल्नु आवश्यक छ । सरकारले मात्र भ्याट कर, राजस्व करको दायरा र दरमा वृद्धिलाई निरन्तरता दिएको देखिन्छ लागि सकेका कर भ्याट, भन्सार राजस्व हन्ड्रेड पर्सेन्ट उठाउन सकेको देखिँदैन । आम्दानीको नयाँ स्रोत फैलाउन सक्नुपर्दछ आज । यद्यपि अहिलेको बजेटले वनको ढलापडा रुख गिट्टी, ढुङ्गा बालुवा निकासीको स्रोत पहिचान गरेको छ । बजेटले आयतित तरकारी र फलमा भ्याट लगाएको छ । जसले गर्दा बजार तत्काल यी वस्तुमा महङ्गिएका छन् । भ्याटको दोब्बर भएको छ । एउटा कुरा त प्रष्ट छ । यो गेम चेन्जिङ बजेट होइन । साधारण सुधारोन्मुख बजेट हो । त्यसैले बजेटले ९० पर्सेन्ट लक्ष्य हासिल गर्न सके पनि । सन्तोषजनक परिणाम निस्कने थियो । आजको अवस्था कुनै पनि अर्थमन्त्रीले गेम चेन्जिङ बजेट ल्याउन सम्भव पनि थिएन । त्यसैले यस बजेटका आलोचकहरूले दृष्टिविहीनले हात्तीको खुट्टा छाम्दा खाँबाजस्तो कान छाम्दा

सुपाजस्तो गरी व्याख्या गर्न उचित पनि हुँदैन । अर्थमन्त्रीको ठाउँमा आफूलाई राखी सोचिदिए पुग्छ । देशको आर्थिक स्थिति सकसपूर्ण छ । देशको राजनीति पनि अस्थिर छ । यद्यपि सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणमा भएको ऊर्जा र परिवाहन सम्झौता प्रतिबद्धता व्यापार र कनेक्टिभिटी रेलमार्गको विस्तार पेट्रोलियम पाइपलाइनको विस्तार इत्यादिले बजेटको लक्ष्यलाई पुऱ्याउने योगदान सकारात्मक नै देखिन्छ ।

हाल राष्ट्र बैङ्कका गभर्नरले दिएको मौद्रिक नीतिबारेको अभिव्यक्ति पनि सकारात्मक देखिन्छ । राजस्वले सरकार चलाउन नपुग्ने लिएको ऋण तलब भत्तामा खर्च हुने आजको यस कहाली लाग्दो अवस्थामा विकास खर्चको सदुपयोग, आर्थिक अनुशासन, पालिकाहरूलाई लगानीको माध्यमको रूपमा स्विकार गरी संविधानअनुसार उनका हक प्रदान गर्दै अघि बढ्नु आवश्यक छ । शिक्षाको क्षेत्रमा संवत् २०२८ को शिक्षा नीतिलाई खारेज गर्दै संघीय शिक्षा ऐन तर्जुमा गरी अहिलेको समयलाई सम्बोधन गरी बजेट विनियोजन गर्न सकेको भए बेस हुने थियो । तर त्यो हुन सकेन प्रतिबद्धताअनुसार यस क्षत्रमा कुल बजेटको २० प्रतिशत विनियोजन पनि हुन सकेन जुन आवश्यक थियो । राष्ट्रिय उत्पादनलाई निर्माणसँग जोड्ने, लाखौंलाई रोजगारी दिने, नचाहिँदा सङ्घसंस्थाको खारेजी यद्यपि अझै यस्ता सङ्घ संस्था त फेरि सलामै छ ।

प्रणाली र प्रक्रियामा परिवर्तन थोरै भए पनि कृषकका समस्यालाई सम्बोधन स्टाटअप मेड इन नेपाल इत्यादि बजेटले सम्बोधन गरेका कार्यक्रम राम्रा छन् । पर्यटन क्षेत्र, घरेलु ग्रामीण परम्परागत उद्योगमा बजेटले देखाएको चासो स्वागतयोग्य छ । सबै कुरा उल्लेख गर्न आवश्यक पनि छैन । सदनमा धेरै कुरा व्यक्त नै भैसकेका छन् । उत्पादन वृद्धि र निर्यात प्रवर्धनको नीति सफल हुनु नै पर्दछ । कतै कतै नीति र कार्यक्रममा उल्लेख भएको तर बजेटलाई सम्बोधन गर्न नसकेको कुरामा ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ । जस्तोः नेपालमा ३ लाख बालबालिकामा देखिएको अटिजमको समस्याको सम्बोधन बजेटमा भएको देखिन्न । त्यस्तै अरू पनि छन् ती सदनमा उठिसकेका छन् ।

हामीले अमेरिका, चीनको उदाहरण दिँदा भौगोलिक बनोट यसका स्रोत कुल ग्राहस्थ उत्पादन इत्यादिलाई मध्यनजर गरी मात्र विवेचना गर्न सक्नुपर्दछ । थोरै भए पनि बजेट आत्मनिर्भर नेपाल निर्माणतर्फ उन्मुख रहेको देखिन्छ । मलाई आफ्नो बचपनको एउटा कुरा । मेरो बुबाले प्रायः दशैंमा उदाहरण दिने गर्नुहुन्थ्यो र मङ्सिर महिना आएपछि त्यसलाई चुकाउनुहुन्थ्यो । यसरी हाम्रो घर परिवार खेतीमाथि निर्भर थियो र चलेको थियो तर हामीले ऋण मात्रै लिने त्यसको तिर्न नसक्ने अवस्थाको सिर्जना हुनु परिवार पनि सडकमा आउने

अवस्था हो र देश पनि । यसतर्फ हाम्रा सरकारले निश्चय पनि ध्यान दिनुपर्छ भन्ने आफ्नो भनाइ राख्दै म बिदा लिन्छु । धन्यवाद । जय नेपाल ।

**सम्माननीय अध्यक्ष**:- माननीय विना पोखरेल । समय ७ मिनेट । यसपछि माननीय इन्दिरा देवी गौतम ।

(१५:१४ बजे) **माननीय श्री विना पोखरेल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- अध्यक्ष महोदय, हामी बजेट छलफलमा छौं । म बजेट भित्रका कुरा गर्नुभन्दा अगाडि अरू एक दुई कुरा राख्न चाहन्छु ।

हामीले पुरानो व्यवस्था भत्कायौं । पुरानो राजनीतिक प्रणाली फेरौं । नयाँ संविधान बनायौं र लागु गर्दै छौं । नयाँ ऐन कानुनहरू पनि बनाउँदै छौं तर कतिपय परम्परा हाम्रा किन बदलिँदैनन् । जनताका सार्वभौम प्रतिनिधि संस्थाका सांसदले कतिपय सन्दर्भमा केवल कर्मकाण्ड पुऱ्याइदिने मात्र किन हुन्छ? २००८ सालबाट सुरु भएको हाम्रो बजेट प्रणालीको आयु ७२ वर्ष भैसक्दा पनि निक उस्तै? हामीले दिएका सुझावहरूको आधारमा नीति कार्यक्रम तथा बजेटको परिमार्जन या सम्बोधन कहिलेबाट हुने हो?

अध्यक्ष महोदय, सांसदलाई छलफलको लागि छुट्टाएको समय पर्याप्त छ त माननीय अर्थमन्त्रीज्यूले ३ घन्टा लगाएर दिनुभएको बजेट वक्तव्यमाथि ६/७ मिनेटमा के धारणा राख्ने हो? न लागेका कुरा चित्त बुझ्दो गरिराख्न पाइन्छ । नदिएका सुझाव समेटिने गरी बजेट सम्बोधन नै हुन्छ । सांसदले कसरी अपनत्व लिएर यो हाम्रो हो भन्ने? बजेटका सन्दर्भमा आउँदा राष्ट्रिय सभाका हामी सांसदहरू निरन्तर विभेदको सिकार हुँदै आइरहेका छौं । सरकारलाई बार बार ध्यानाकर्षण गराउँदा पनि हाम्रो कुराको कुनै सुनुवाइ भएको छैन । भनिरहनुपर्ने कुरा होइन । यो कि हाम्रो राजनीतिक प्रणाली दुई सदनात्मक छ । एउटा प्रतिनिधि सभा र अर्को राष्ट्रिय सभा निर्वाचन प्रणाली फरक फरक होलान् । तर हामी सबै कुनै न कुनै ढङ्गले निर्वाचित भएर नै सदनमा आइपुगेका छौं । एउटा सदनको सांसदलाई काख र अर्को सदनका सांसदलाई पाखाजस्तो गर्ने व्यवहार भयो सरकारको । प्रतिनिधि सभाका २७५ जना सांसद संसदीय विकास पूर्वाधार कार्यक्रममार्फत जनतासँग जोडिने जोडिन पाउने हामी राष्ट्रिय सभाका ५९ सांसद जोडिन नपाउने कि त क्षेत्र क्षेत्रबाट पहिलो हुने विजय हुने निर्वाचित प्रणालीबाट निर्वाचित १६५ जनालाई मात्र भनेर तोकिएको भए अलि चित्त बुझ्ने हुन्थ्यो । प्रतिनिधि सभाका समानुपातिक ११० जनाको समेत क्षेत्र हुने र उक्त कार्यक्रम पाउने तर हामीले

नपाउने कुरा नियम सङ्गत भएन । त्यसैले मैले उठाएका यी तीनओटा कुरा सरकारको ध्यान जाओस् भन्ने म अनुरोध गर्न चाहन्छु । हाम्रो हेराइ र बुझाइका आआफ्ना कोणहरू छँदै छन् । हामी लगाएका चस्मा नै अनौठा हुन कि राम्रोलाई राम्रोभन्दा बिग्रने र नराम्रोलाई पनि मन नलागी नलागी पनि राम्रो भन्नै पर्ने । सायद हामी त्यही गर्ने कुराको प्रतिस्पर्धा गर्दै छौं ।

अध्यक्ष महोदय, नीतिगत प्रणालीगत तथा प्रक्रियागत सुधार गरी धरासायी हुन लागेको हाम्रो अर्थतन्त्रलाई सुधार गरी लयमा फर्काउने सङ्कल्पका साथ माननीय अर्थमन्त्रीज्यूले आर्थिक वर्ष २०८०/०८१ को बजेट दुवै सदनको संयुक्त बैठकमा पेस गर्नुभएको छ । अर्थमन्त्रीज्यूको बजेट वक्तव्यअनुसार आर्थिक तथा सामाजिक विकासमार्फत समृद्धि हासिल गर्ने सुशासन कायम गर्ने र नागरिकलाई सामाजिक न्यायको प्रत्याभूति दिलाउने मूल उद्देश्य बजेटले लिएको देखिन्छ ।

भूकम्प, कोरोना, महामारी र रुसी युक्रेन युद्धले सिर्जना गरेको अवस्थाले राजस्व सङ्कलन र वैदेशिक अनुदानमा आएको कमीको कारण सङ्कटमा पर्दै गएको अर्थतन्त्रको अवस्थामा पनि १७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट ल्याउने साहस माननीय अर्थमन्त्रीज्यूलाई धन्यवाद चाहन्छु । बजेटमा थुप्रै नयाँ नारा नारा समेटिएका छन् । अनावश्यक खर्च कटौती गर्दै मितव्यय बन्ने प्रयास बजेटले गरेको छ । विभिन्न बाहनामा रमाइलोको लागि गरिने विदेश भ्रमणलाई नियन्त्रण गर्न खोजिएको छ । आयोजना कार्यान्वयन र अनुगमनको नीति संरचना स्वागतयोग्य छ । विद्यालयमा प्रयोगात्मक कृषि शिक्षाको अवधारणा कार्यक्रम हराउँदै गएको श्रम संस्कृतिलाई पुनः जाग्रित गर्ने र स्वेदशमा नै रहेर उत्पादनको कार्यमा लाग्न प्रेरित गर्ने देखिन्छ ।

डिजिटल बैङ्क, आविष्कार र नवप्रवर्धन कोष जनवायु कोष रैथाने उत्पादन ब्रान्डिङ महिला उद्यमग्राम हरित अर्थतन्त्र स्थानीय स्वयम् सेवक ब्यूरो, गाँजा खेती आदि कार्यक्रमले बजेटलाई नयाँपन दिएको छ ।

अध्यक्ष महोदय, यसै गरी ठुला र तत्काल प्रतिफल दिने आयोजनाहरूको छनोट गरिएको बजेट विनियोजन ठेक्का प्रक्रिया र समय तालिका निर्धारण विद्युतीकरणको कार्यक्रम औचित्य कम भएका संस्थाहरूको खारेजीलगायतका कुराहरू बजेट भित्रका अत्यन्तै प्रशंसनीय कार्यक्रम हुन भन्ने मलाई लागेको छ । मन्त्रालयगत हिसाबले आएका अरू नयाँ र निरन्तरताका थुप्रै आयोजनाहरू पनि बजेटमार्फत कार्यक्रममा समेटिएका छन् । मन्त्रालयगत छलफलको सन्दर्भमा तिनको चर्चा हुने नै छ ।

अध्यक्ष महोदय, अब म दुईओटा विषय बुँदागत हिसाबले उठाउन चाहन्छु । पहिलोः माननीय अर्थमन्त्रीज्यूले कृषि क्षेत्रको रूपान्तरणको कुरा बजेट वक्तव्यमा गर्नुभएको छ । जसको लागि केही नयाँ नारासहित थुप्रै योजनाहरू यसभित्र छन् । रसायनिक मलको अनुदान रकम दुई गुणा बढाएर ३० अर्ब पुऱ्याएको छ । कृषिको आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रिकीकरण बाँझो जमिनको उपयोग सिँचाइ सुविधाको विस्तार अनुदान, ऋण पुरस्कार बिमा प्रविधिसहित उत्पादकत्व र उत्पादन बढाउने कुरा बजेट वक्तव्यमा आएका छन् तर यही चालु आर्थिक वर्षमा पूर्वअर्थमन्त्री जनार्धन शर्माले ल्याउनुभएको किसान हित कोष र किसान पेन्सनको अवधारणा हराएको छ । किसान हित कोषको बिउ पुँजी एक अर्ब रकम कता गयो? अरू सबै कार्यक्रम निरन्तरतामा आउँदा यो कता हरायो? कि मैले मात्र नभेटेकी हुँ ।

हामी समाजवादी अर्थतन्त्रको जग हाल्ने कुरा गर्दै छौं । सामाजिक सुरक्षा कार्यक्रममार्फत हामी अरू क्षेत्रलाई जोड्दै छौं । किसान त्यहाँ छुटेको छ । किसान पेन्सनको अवधारणा सुन्दा किसानहरू अत्यन्तै उत्साहित हुँदै पनि गएका थिए । त्यसैले यो कार्यक्रम छुटेको हो भने समेटियोस् भनी म माननीय अर्थमन्त्रीजीको ध्यानाकर्षण गराउन चाहन्छु ।

अर्को कुराः संघीयताको सबलीकरणको कुरा बजेट वक्तव्यमा आएको छ । वित्तीय संघीयतालगायतका कुरा पनि आएकै छन् । कर्मचारीको कुरा निजामती ऐनले टुङ्गो लगाउँला मैले यहाँ उठाउन खोजेको कुरा चाहिँ खर्च गर्ने भएपछि प्रदेश..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय इन्दिरा देवी गौतम । समय ५ मिनेट । यसपछि माननीय तारामान स्वांर ।

(१५:२३ बजे) **माननीय श्री इन्दिरा देवी गौतम (नेपाली कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, माननीय अर्थमन्त्रीद्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेटका सम्बन्धमा केही विषय राख्न चाहन्छु ।

यस बजेटले अर्थतन्त्रका समग्र चुनौतीहरूलाई समेटिएको देखिएन । जति चुनौतीहरू बजेटमा उल्लेख भएका छन् । ती चुनौतीहरूको पनि समाधान गर्न स्पष्ट खाका र राणनीति उल्लेख गरेका कार्यक्रमहरू सम्पन्न गर्न आवश्यक स्रोतको सुनिश्चितता देखिँदैन । क्षणिक लोकप्रियता हासिल गर्न बजेटलाई आकर्षक बनाउन २२ ओटा नाराको साहारा लिएको छ तर भर पर्दो, विश्वासयोग्य आर्थिक व्यवस्थापन र कार्यक्रमविना ल्याइएका नारा केवल कागजी

नारामा मात्र सीमित हुने देखिन्छ । चालु आर्थिक २०७९/०८० मा १७ खरब ९३ अरबको बजेट ल्याए पनि खर्च गर्न नसकेर संशोधन गरी १५ खरब ४ अरब ९९ करोडमा झार्दा पनि संशोधित अनुमानितअनुसार खर्च नहुनु र राजस्व सङ्कलन हुन नसकेको परिप्रेक्षमा २०८०/०८१ को बजेट १७ खरब ९१ अरब ३१ करोड यथार्थमा आधारित देखिएन । यो बजेट बढी नै महत्त्वाकाङ्क्षी छ ।

न्यून आर्थिक गतिविधि लगानीमा स्थिरता उच्च मुद्रा स्मृतिका कारण अर्थतन्त्र मन्दीमा छ । उत्पादन, विकास निर्माण आदिमा पनि नकारात्मक वृद्धि व्यापार र चालु खाता सन्तुलनमा असन्तुलन कमजोर उपभोग पुँजीगत निर्माणका साथै राजस्व सङ्कलनमा ह्रास आएकोले चालु खर्च नै धान्न नसक्ने अवस्थालाई बजेटले स्वीकार गरेको छ तर त्यसका समाधानका उपाय के हुने भने बजेटले स्पष्ट निर्देशन गरेको छैन ।

अध्यक्ष महोदय, राजस्व प्रणालीलाई प्रविधि मैत्री स्वचालित, पारदर्शी, करदाता मैत्री बनाउने कुरा बजेटमा उल्लेख गरिएको छ तर करदाताले विवरण बुझाउने प्रणाली एकदमै सुस्त चलेर करदाता हैरान छन् । २० वर्ष पुरानो कर प्रणाली र झन्जटिलो प्रक्रिया सुधार गर्न अन्तर्राष्ट्रियस्तरको कर प्रणाली विकास गर्न कार्यक्रम र सोअनुसारको बजेट आउनुपर्ने थियो ।

अध्यक्ष महोदय, सरकारी, सामुदायिक र सहकारी अस्पतालबाट स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिने कुरा बजेटमा उल्लेख छ । बिमाको सङ्ख्या बढाएर मात्र त्यसबाट जनताले लाभ पाउँदैनन् । हाल बिमा सञ्चालनमा भएका जिल्ला भित्र पर्ने औषधि अस्पतालले सञ्चालन गरेका फार्मेसीबाट उपलब्ध नगराएकोले जनताले बाहिरबाट किन्नुपर्ने अवस्था छ । बिमाले तोकेका औषधि फार्मेसीमा अनिवार्य उपलब्ध गराउने व्यवस्था र सोहीअनुसार भए नभएको अनुगमन प्रणालीको विकास नगरी ल्याएको यो कार्यक्रमबाट जनता लाभान्वित कसरी हुन सक्लान्?

अध्यक्ष महोदय, आगामी दुई वर्ष भित्र सत प्रतिशत जनसङ्ख्यामा विद्युत पहुँच पुऱ्याइ । प्रतिव्यक्ति विद्युत् खपत ४५० किलोवाट पुऱ्याउने लक्ष्य बजेटमा देखिन्छ । भारतलाई ४/५ रुपियाँ प्रतियुनिटमा बिक्री गर्ने बिजुली नेपाली जनताले न्यूनतम ९/१० प्रतियुनिट किन्नुपर्ने र उत्पादन बढी र खपत कम भएर बिजुली खेर फाल्ने तर आफ्ना नागरिकलाई महङ्गीमा नै बेच्ने प्रवृत्तिले विद्युत् खपतमा वृद्धि हुन्छ भन्ने विश्वास गर्न आधार के हुन्छ? त्यस्तैः विद्युत्को खपत र विद्युत् सवारी साधनको प्रयोग वृद्धि गर्ने भनिएको छ । तर मध्यमस्तरका जनताले प्रयोग गर्ने १०० किलोवाटभन्दा कम क्षमताका सवारीसाधनमा अन्तशुल्क वृद्धि गरी निरुत्साहित गरिएको छ । के नेपालमा उच्च घरानाले मात्र निजी सवारीसाधन प्रयोग गर्ने? (अध्यक्ष महोदय, १

मिनेट मैले समय मागेँ ।) के नेपालमा उच्च घरानाले मात्र निजी सवारीसाधन प्रयोग गर्नुपर्ने हो? यदि वातावरणीय प्रदूषण कम गर्ने उद्देश्यले यसो गरिएको हो भने सार्वजनिक सवारी साधनको सोहीअनुसारको व्यवस्थापन गर्न सरकार किन चाहँदैन? अपाङ्ग मैत्री सुलभ व्यवस्थित सार्वजनिक यातायातको व्यवस्था गर्ने जिम्मेवारी पूरा गर्ने सरकारको कर्तव्य होइन र?

अध्यक्ष महोदय, न्यून आय भएका नागरिकदेखि उच्च भान्सा प्रयोग हुने आलु, प्याजजस्ता कृषि उत्पादन फलफूल आदिमा मूल्य वृद्धि कर लगाएर सरकारले महङ्गीको मारमा परेका समस्या भोगिरहेका आम नागरिकलाई थप पीडा दिने काम गरेको छ । अर्को तर्फ किसानले उत्पादन गरेका कृषि उपजले उचित बजार नपाएर फाल्नुपर्ने अवस्थालाई सम्बोधन गर्न कृषि उपजको बजार सुनिश्चितताको बजेट प्रस्तुतिले मात्र विश्वास गर्ने अवस्था छैन । वैज्ञानिक आधारमा खेतीयोग्य र अन्य प्रयोजनका लागि जग्गा वर्गीकरण गर्न जग्गाको कित्ताकाट रोक्का गरेकोमा जग्गाको वर्गीकरण नगरी किन र कसको प्रभावमा परेर यो बजेटले जग्गाको कित्ताकात फुकुवा गरेको छ? यस कार्यले .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय तारामान स्वांर । समय ८ मिनेट । यसपछि माननीय सुमित्रा वि.सी. ।

(१५:२९ बजे) **<u>माननीय श्री तारामान स्वांर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सरकारका तर्फबाट माननीय अर्थमन्त्रीज्यूले यही जेठ १५ गते प्रस्तुत गर्नुभएको आर्थिक वर्ष ०८०/०८१ को बजेटमाथि हिजोदेखि हामी छलफल गरिरहेका छौं । हरेक वर्षजस्तै चित्त नबुझे पनि सत्तापक्षका ले राम्रो भन्ने र प्रतिपक्षका ले चित्त बुझे पनि नराम्रो भन्ने परम्परा यो वर्ष पनि दोहोरिरहेको छ । के हामी यसलाई परिवर्तन गर्न सक्दैनौं? सबैलाई गम्भीर भएर सोच्न आग्रह गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, देशको अर्थतन्त्र सङ्कट उन्मुख रहेको असाधारण अवस्थामा आएको यो बजेट विगतका वर्षहरू भन्दा अलिक व्यवहारिक, यथार्थपरक र जमिनमा टेकेर आएको छ । विगतको भन्दा फरक हुँदै सरकारले अर्थतन्त्र सङ्कटमा रहेको वास्तविकतालाई स्वीकार गरेको छ । तसर्थ, यो बजेटले देशको अवस्था चिनेर, देखेर र बुझेर समस्या समाधान गर्न खोजेको छ । बजेटले बुँदागत रूपमा उद्देश्य र प्राथमिकता निर्धारण गरेको छ । बजेट प्रणाली सुधार र पुँजीगत खर्चको प्रभावकारिता तथा आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्धन सम्बन्धमा केही प्रस्तावहरू प्रस्तुत गरेको छ । बजेट धेरै महत्त्वकाङ्क्षी छैन । सबै पक्षलाई

समेट्ने गरी सन्तुलित रहेको छ । कृषि, उर्जा र पर्यटन क्षेत्रको विकासलाई प्राथमिकतामा राखेको छ । राष्ट्रिय उत्पादन बढाउने, रैथाने उत्पादनको बजारीकरण र अन्तर्राष्ट्रिय स्तरमा ब्रान्डिङ गर्ने, कृषि उत्पादनमा बजेटलाई केन्द्रित गर्ने, कृषि उत्पादन बिक्रीको सीमित क्षेत्रमा भए पनि सुनिश्चितताको जिम्मा सरकारले लिने, सिँचाइ क्षेत्रको विकास गर्ने, लगानी प्रवर्धन, सामाजिक क्षेत्रको विकास, डिजिटल प्रणालीको विकास, औद्योगिक विकास र व्यापार सन्तुलन गर्ने अतिरिक्त भत्तालगायतका खर्चमा नियन्त्रण गरी मितव्ययिता अपनाउने, भौतिक पूर्वाधारको कामलाई गति दिन एकद्वार प्रणाली लागु गर्ने, ठेक्का पट्टालाई व्यवस्थित गर्ने, सार्वजनिक खरिद ऐनलाई परिमार्जित गर्ने, उपलब्ध स्रोत कार्यक्रम र खर्च गर्न सक्ने क्षमतामा तादम्यता एवम् समन्वय गर्ने तथा योजना आयोगलाई थप प्रभावकारी बनाई विकास निर्माणको कामको अनुगमन गर्ने जिम्मा दिनेजस्ता विषय उल्लेख गरिएका छन् । निश्चय नै यी बजेटका सकारात्मक र सबल पक्ष हुन् । केही जिज्ञासा र केही सुझावहरूसहित म यो बजेटलाई समर्थन गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, नीति तथा कार्यक्रममा घोषणा भएका कतिपय विषयहरू बजेटमा किन समावेश गरिएनन्? अर्थतन्त्रको निर्माणमा महत्त्वपूर्ण भूमिका रहेका उर्जा र पर्यटन क्षेत्र तथा भौतिक पूर्वाधार एवम् सञ्चार क्षेत्रमा बजेट कम विनियोजित हुनुको कारणबारे स्पष्ट पारिनुपर्दछ । चालु बजेट बढी र विकास बजेट न्यून रहेको अवस्थामा लक्ष्यअनुरूप विकास निर्माणका कामहरू सरकारले कसरी सम्पन्न गर्ने हो? आन्तरिक राजस्व र बाह्य ऋण एवम् अनुदान सोचेअनुरूप सङ्कलन भएन भने बजेटले लिएको लक्ष्य पूरा गर्न के गर्ने? नेपालका बैङ्कहरूले ऋण प्रवाहमा लगाउने ब्याजदर संसारकै महङ्गोमा पर्दछ । सानादेखि ठुला उद्योगहरू क्रमशः धराशायी हुँदै गइरहेका बेला बजेटले बैङ्क तथा वित्तीय संस्थाहरूले लिँदै आएको ब्याजदरमा कुनै हेरफेर गरेको छैन । मर्कामा परेका साना तथा मझौला व्यवसायीहरूलाई प्रत्यक्ष राहत प्रदान पुग्ने थप कार्यक्रमबारे केही उल्लेख छैन । सामुदायिक विद्यालय, कलेज र सरकारी विश्वविद्यालय सुधारका कार्यक्रम आएका छैनन् । आयमा वृद्धि गर्ने, दोलखाको म्याग्नेसाइड र गोरखाको मार्बल खानीबारे तथा जलवायु परिवर्तनबाट सिर्जित चुनौती कम गर्नेबारे बजेट मौन छ । संविधान, संघीयताको मर्म र जनताको मनोभावनाविपरीत संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमको कुनै औचित्य छैन । निर्माण क्षेत्रमा देखिएको भुक्तानीको समस्या, निर्माण सामाग्रीको मूल्य वृद्धि, चर्को ब्याजदरलगायतका समस्याहरू समाधान गरिनुपर्दछ । सामाजिक सञ्जालमार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याइनुपर्दछ । ठुलो मात्रामा बढाइएको अप्रत्यक्ष करको दायराले आमनागरिकलाई प्रत्यक्ष मार पर्नेतर्फ सरकार गम्भीर हुनुपर्दछ । वित्तीय नीति र मौद्रिक नीतिका बिच अन्तरविरोधजस्तो देखिने स्थितिको अन्त्य गरिनुपर्दछ ।

सम्माननीय अध्यक्ष महोदय, सुदूरपश्चिमलाई पहिलोपटक नीति तथा कार्यक्रम र बजेटमा प्राथमिकतामा राखिएकोमा सरकारलाई धन्यवाद दिँदै प्राथमिकताअनुसार बजेट भने विनियोजित नभएको तर्फ सरकारको ध्यान आकर्षण गर्न चाहन्छु । औद्योगिक क्षेत्रको पूर्वाधार विकास र सञ्चालनको कुरा गर्दा सुदूरपश्चिमको दैजी औद्योगिक क्षेत्रका सम्बन्धमा बजेटमा केही पनि उल्लेख छैन । खानीजन्य उद्योगको प्रवर्धनको अन्तर्गत दारचुलाको मार्मा र बझाङको तामाखानी, बझाङकै अवरक र अछामको बार्ला एवम् खपतडको ....... र ....... खानी सम्बन्धमा केही पनि उल्लेख गरिएको छैन । पर्यटनको सम्भावना उच्च भएका धार्मिक, सांस्कृतिक र ऐतिहासिक स्थलको संरक्षण र पूर्वाधार विकास एवम् सौन्दरीकरण गर्ने कार्यक्रमअन्तर्गत नेपालको प्रसिद्ध धामको रूपमा रहेको अछामको बैद्यनाथ धाम, बझाङको सुर्मादेवी, डोटीको बढिकेदार, बैतडीको पातालभूमेश्वर र दारचुलाको मालिकार्जुन क्षेत्र तथा कैलालीको टिकापुर पार्क र घोडाघोडी ताल, डढेलधुराको अजयमेरुकोट एवम् अछामको रामारोशन पर्यटकीय क्षेत्रलाई समेटिएको छैनन् ।

पूर्व-पश्चिम राजमार्गलाई चार लेनमा विस्तार गर्ने कार्यक्रमअन्तर्गत कर्णाली चिसा पानी गड्डा चौकी खण्ड नपर्नु र मध्यपहाडी राजमार्गअन्तर्गत निर्माण तथा स्तरोन्नतिमा सुदूरपश्चिमको कुनै पनि खण्ड नपर्नुको कारण के हो? सेती लोकमार्ग र महाकाली करिडोर र खुटिया दिपायल खण्डको बारेमा पूर्वक्ता माननीय महेश कुमार महराले पनि भनिसक्नुभएको छ । म त्यसैलाई थप गर्दै त्यसमा बजेट बढाउन सरकारसँग आग्रह गर्दछु । अछामको बुढीगंगा जलविद्युत् परियोजना सम्बन्धमा पनि बजेट किन मौन छ? सुदूरपश्चिम प्रदेश राजधानीको पूर्वाधार विकास सम्बन्धमा बजेटमा किन उल्लेख हुन सकेन? सुदूरपश्चिमका जनताहरू जान्न चाहन्छन् ।

सम्माननीय अध्क्ष महोदय, कालो बजारी, कमिसन खोरी र भ्रष्टाचारलाई नियन्त्रण गर्दै बजेटमा रहेका कमीकमजोरीहरूलाई सच्याउने विधिको खोजी गरी दृढतापूर्वक कार्यान्वयन गर्ने हो भने यो बजेट अर्थतन्त्रमा सुधार गर्ने आशा गर्न सकिन्छ । अन्त्यमा बजेट भनेको देशको आय व्ययको आर्थिक विधेयक भएकोले अन्य विधेयकजस्तै यसलाई पनि छलफल गरी परिमार्जन गर्ने विधिको विकास गर्न आग्रह गर्दै आफ्नो भनाइ यहीँ अन्त गर्दछु । हवस् त, धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>ः- माननीय सुमित्रा वि.सी. । समय ७ मिनेट । यसपछि माननीय राधेश्याम पासवान ।

**(१५:३७ बजे) मानननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत म यस आर्थिक वर्ष २०८०/०८१ आर्थिक वर्षको बजेटमा केही आफूलाई लागेका कुराहरू भन्न चाहन्छु । डाक्टर अर्थमन्त्रीले बढो मिहिनेत गरेर ९१ पेजमा ४९६ बुँदामा १० ओटा यसका प्राथमिकता र ६ ओटा उद्देश्यमा लिपीबद्ध गरेर ल्याउनुभएको बजेटलाई १७ खर्व ५१ अर्ब ३१ करोडको यो बजेट सरसर्ती सबै बुँदाहरू हेर्दाखेरि यो त एकदमै झिलिमिली हुन्छ कि जस्तो पनि छ । र यसो सोच्दै जाँदा वहाँले आफैले स्विकार्नुभएको छ । यो बजेट चुनौतीपूर्ण अवस्थामा आएको छ र यो चुनौती भनेको राजस्व अहिलेसम्म ५५ पर्सेन्ट पनि उठ्न गाह्रो छ र हामीले बजेटको तर्जुमा गर्दा नीति र कार्यक्रममा तालमेल गर्दै आर्थिक आय स्रोतलाई ध्यान दिँदै बजेट ल्याउनुपर्थ्यो । र यो तमाम् माननीयज्यूहरूले भनिसक्नुभ'को छ । सत्तापक्षले एकदमै राम्रो देख्ने कस्तुरी देख्ने र विपक्षले विरोध गर्नुपर्ने यो एउटा परम्परागतको कर्मकाण्डीजस्तो मलाई महसुस भएको छ । यो बजेट आफैमा महत्त्वाकाङ्क्षी छ र यहाँहरू सबैले भन्नुभ'को छ । बजेटको आय घटाउनुको निम्ति बजेटको फजुल खर्च कटौती गर्नुपर्ने फजुल खर्च कटौती गर्ने नाममा यो देशका आधा हिस्सामा रहेका महिलाहरूको संस्था नै कटौती गर्नुपर्ने र हिजका दिनहरूमा स्थानीय तहमा अब फेरि पनि गठबन्धनका कुरा आउँछ । सरकार गठबन्धनकै छ । गठबन्धन गर्दाखेरि एउटा कुनै दुई पार्टीको भएपछि महिला हुन नपर्ने कुराहरूलाई लगाएर ३३ पर्सेन्टका निम्ति लडाइँ लडेर ल्याएको अधिकारलाई कुण्ठित गरेर घटाएजस्तै यो बजेटमा पनि फेरि खोजी खोजी महिला विकास नै खारेज गर्नुपर्ने यदि खारेजै गर्नुपर्ने हो भने उस्तै उस्तै काम गर्ने खालका संस्थाहरूलाई खोजेर पर्यटन बोर्ड वा पर्यटन विभागलाई गाब्न पनि सकिन्थ्यो होला ।

र यहाँ माननीयज्यूहरूले कुरा उठाउनुभ'को छ । यो हिजका दिनसम्म एकदमै राम्रो थियो र आज एकाएक के नराम्रो भयो र यहाँहरूले विरोध गरिरहनुभ'को भन्नुभ'को छ । नेकपा एमालेको सरकारले सरकारको पालामा सरकार छोड्दाखेरि ६ पोइन्ट ८ थियो भने अहिले आएर २ पोइन्ट १६ हुँदा के यो फरक परेन र? म यहाँहरूलाई सोध्न चाहन्छु । थुप्रै कार्यक्रमहरू ल्याउने क्रममा सरकारले वन्यजन्तु नियन्त्रण गर्ने क्रममा बाँदरलाई नियन्त्रण गर्ने क्रममा तारबार लगाउने कुरा कार्यक्रम ल्याएछ । यहाँहरू सबैलाई थाहा छ । बाँदर तारबारले के रोकिन्छ र? अब यसलाई पनि ठिक छ भनेर हामी ताली पड्काउनुपर्ने होर? त्यसकारणले बाँदर कहाँ कहाँ जान्छ भन्ने कुरो हामी सबैलाई थाहा छ । र यस्तै गरेर ढुङ्गा, गिट्टीकै कुरा ढुङ्गा, गिट्टीको कुरा गर्दा नेकपा एमालेको पालामा खानी विभागसँग स्वीकृति लिएर बगेर जाने ढुङ्गा, गिट्टीलाई नियन्त्रण गरेर नेपालमा उपभोग गरी नसकेकाहरूलाई मात्रै वितरण गर्ने कुराहरूलाई

बङ्ग्याएर धुवाँधार विरोध भयो । र आज त्यही कुरो अहिलेको सरकारले गर्दाखेरि अझ स्वीकृति पनि नलिएर गर्दाखेरि के त्यसलाई राम्रो भनेर ताली पड्काउनुपर्ने हो । मैले विशेषज्ञहरूसँग एउटा छलफलमा सुनेथैं । यो चुरे दोहोन भयो भने चुरे पहाड बन्नका निम्ति २० हजार वर्ष एउटा पहाड बन्नका निम्ति २० हजार वर्ष लाग्छ रे । अब यो चुरे दोहोन भयो भनेदेखि हामी स्वाभाविक रूपले हाम्रो स्थिति के हुन्छ? भन्ने कुरो हामी सबैलाई थाहा छ ।

अध्यक्ष महोदय, मैले पनि अलिकति एउटा कुरा भन्नै पर्ने भयो । (मलाई १ मिनेट समय थप दिनका लागि म अनुरोध गर्न चाहन्छु ।) र यो वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रमअन्तर्गत हाम्रा तीन जना नेताहरू मिल्नु भएछ सम्माननीय प्रधानमन्त्री, अर्थमन्त्री र माननीय नेपाली काँग्रेसका सभापति वहाँहरूले यो ५ अर्बको कुल बजेटमा आधा त आफूहरू तीन जनाकोमा छुट्याएर ७४ जिल्लालाई आधा बजेटले विकास गर्ने भनेर भाग लगाउनुभएछ । के हो यो, यो पनि एकदम राम्रो कुरा हो भनेर प्रतिपक्षले ताली पड्काइदिनुपर्ने हो? म यहाँहरूलाई सोध्न चाहन्छु । यो कुनै पनि कुराहरू हाम्रा न सुझाव चल्छन् । यो छलफल अगाडि हुनुपर्थ्यो र सुझाव लिनुपर्थ्यो र त्योअनुसारको साँचिकै .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय राधे श्याम पासवान । समय ८ मिनेट । यसपछि माननीय सुरेश कुमार आलेमगर ।

(१५:४५ बजे) **माननीय श्री राधे श्याम पासवान (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, संसदको संयुक्त बैठकमा अर्थमन्त्रीज्यूले ६ ओटा उद्देश्य १० ओटा मूलभूत कार्यक्रमलाई प्राथमिकतामा राख्दै गत सोमवार ०८०/०८१ को बजेट संसदमा पेस गर्नुभएको छ र दुई दिनदेखि हामी यो बजेटमाथि छलफलमा छौं । र हाम्रा यो बजेट वक्तव्य ४९६ बुँदामा छन् । यो ४९६ बुँदामा सरकारले ल्याएको आर्थिक बजेट हाम्रो यो बजेट १७ खर्ब ९१ अर्ब ३१ करोडको बजेट विनियोजन गरिएको छ । आगामी हाम्रो नीति राजस्व सङ्कलनबाट हामीले १२ खर्ब ४८ अर्ब ६२ करोडको नीति लिएको छौं । यसले हामीले सरकारले एउटा हिम्मत गरेको छ कि हामी राजस्व सङ्कलन गर्न सक्छौं र यसले हाम्रो बजेट पूर्णता पाउन सक्छ । धेरै हाम्रा माननीयज्यूहरूले अघि पनि कुरा चलाए कि हाम्रा अर्थतन्त्र शिथिल छन् । अर्थतन्त्र कमजोर भएको छन् । यो अर्थतन्त्र कमजोर र हाम्रा जन्मनेबित्तिकै हाम्रो बच्चाहरूमाथि ऋण बोकेको छ । यो हामी यो सरकारले मात्र पनि हाम्रो अर्थतन्त्र कमजोर भएको धेरै पहिलादेखि नै यो अर्थतन्त्र हाम्रो कमजोर भएको हो । यसलाई हामी सबै

जना स्विकार्नुपर्छ । र हाम्रो भगवती माननीयज्यूले एउटा कुरा भन्नुभा' थियो त्यसमा म सहमत छु । कि हामी सबै मिलेर यो अर्थतन्त्र कसरी सुधार हुन्छ र सरकार र अन्य बुद्धिजिवीहरू मिलेर अर्थतन्त्र सुधारको प्रक्रियाहरू के के हो यो अपनाउनु जरुरी हुन्छ । मात्रै हामी यसमा म पनि सहमत छु कि यो सही विषय हो । अर्थतन्त्र सुधारका विषयमा हामी छलफल गर्न जरुरी छ र हाम्रो अहिलेका उद्देश्यहरू ६ ओटा छन् । जुन अर्थतन्त्र गतिशील बनाइ फराकिलो दिगो र समावेशी आर्थिक वृद्धि कसरी हुन्छ? यसमा ध्यान दिएका छम् । दोस्रोमा गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूति कसरी गर्ने हो । तेस्रोमा लगानीमैत्री वातावरण निर्माण गरी निजी क्षेत्रको मनोबल उच्च पार्ने हामी निजी क्षेत्रलाई पनि कसरी हामी अगाडि बढाउने हो त? यसलाई कसरी हामी विश्वासको वातावरण बनाइ र अगाडि बढाउने हो । यसको सरकारले नीति लिएको छ र आय तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण कसरी गर्ने त? हामीले रोजगारीलाई कसरी न्यूनीकरण गर्ने त? सधैं हामी हाउसमा बोल्छौं । कि युवाहरू विदेश जान्छन् । विदेश जान्छ तर यसका उपायहरू के के हुन् त हामीले खै त्यो टुल्सहरू दिएका छौं त यो रोजगारी हामी बढाउनको लागि त्यसकारण यो सरकारले रोजगारी पनि हामी कसरी बढाउने र गरिबी कसरी न्यूनीकरण गर्ने हो? यसको लक्ष्य लिएको छन् । यदि लक्ष्य लिएन भने त्यो काम त हुन सक्दैन त्यसकारणले यो लक्ष्य राख्नु स्वाभाविक कुरा हो । चौथोमा समष्टिगत आर्थिक स्वामित्व कायम गर्ने । पाँचौंमा संघीयता सबलीकरण र सुशासन कायम गर्ने । संघीयताको सबलीकरण पनि कसरी गर्ने हो तर संघीयताको सबलीकरण गर्ने तर यस बजेटमा अलिकति तपाईंहरूले पहिला पनि कुरा उठाउनुभो' अलिकति त्रुटि देखिएको छ । यो केन्द्रीकृत बजेटजस्तो देखियो । स्थानीय र प्रदेशलाई जुन बजेट दिनुपर्ने हो । त्यसमा अलिकति कमजोरी देखिएको छ । भन्नको लागि त हामीले संघीयतालाई सबलीकरण गर्ने हो तर यसमा त्रुटि छ । यसलाई सुधार गर्नुपर्छ । अर्को बजेट प्रणाली सुधार गरी सार्वजनिक खर्च प्रभावकारिता अभिवृद्धि कसरी गर्ने हो? बजेट जुन प्रणालीहरू छ । यसलाई कसरी सुधार गर्ने हो? अर्को हाम्रो बजेटका प्राथमिकताहरू कृषि, ऊर्जा, पर्यटन क्षेत्रलाई विकास । खास गरी हामी पटक पटक हाउसमा उठाएका छौं कि कृषि, ऊर्जा, पर्यटनहरू कसरी विकास गर्ने हो । यसको लक्ष्य लिएको छन् । कृषिमा पनि लक्ष्य लिएको छन् । ऊर्जामा पनि लक्ष्य लिएको छ । पर्यटनमा । यो तीनटै लक्ष्यलाई के हो भन्ने हाम्रो देशको अर्थतन्त्र बलियो हुन्छ र हामी अगाडि दिनमा राम्रोसँग अर्थतन्त्रमा सुधारका लक्ष्यणहरू देखा पर्छन् । जुन हिजो पनि हाउसमा प्रधानमन्त्रीजीले आफ्नो वक्तव्य दिनुभो' कि ऊर्जाको क्षेत्रमा जुन भारतको चार दिने भ्रमण गरेर वहाँ आएपछि हाम्रो हिजो नै सार्वजनिक महत्त्वको विषयमा वहाँ आफ्नो संसदमा भनाइ पनि राख्नुभो' यही विषयमा जुन अहिले बजेट आएको छ । यही विषयमा वहाँले भारतमा तपाईंको

भ्रमणको क्रममा व्यापारको क्षेत्रमा ऊर्जाको क्षेत्रमा, जलस्रोतको क्षेत्रमा, सिँचाइको क्षेत्रमा र कृषिको क्षेत्रमा रेल्वे र हवाइ क्षेत्रलगायत हामीले जुन आत्मनिर्भरका लक्ष्य लिएका छौँ । त्यो विषयमा समझदारी गरेको छौँ तर माननीयजीहरूले यहाँ बोल्दा पनि भन्नुभो' हामीले विगतका अनुभवहरू कोटाएका छौँ । विगत ककसले के के सम्झौता गरे र ककले क कस्को सम्झौताहरू सबै माननीयज्यूलाई थाहा छ । कि कुन कुन सम्झौताहरू कमी कमजोरी भ'को छ । केही सम्झौता कहीं यो पुष्पकमल दाहालले पनि त गर्यो कि या गल्ती गर्या छ कि त्यो तपाईंहरूले ल्याउनुभएको छ यहाँ तर ऊर्जाको क्षेत्रमा हाम्रो ..... गएर आउनुभएको छ ।

जुन १० हजार मेघावाट भारतको तपाईंले १० वर्षमा लिने र भारतको रास्ता हुँदै बङ्गलादेश हामी निर्यात गर्ने जुन लक्ष्य लिएका छौँ । त्यसले के आत्मनिर्भर हामी बन्न सक्दैनौं? पटक पटक हामी यो कुरा संसदमा उठाएका छौँ । के हामी कसरी आत्मनिर्भर हुने? र हाम्रै माननीयज्यूहरूले संसदमा भन्नुहुन्छ कि विद्युत् किन बोच्न खोज्छन् । हामी आफै किन न खपत गर्ने हो । हामी आफै पनि खपत गर्ने हो भनाइ सही हो तर हामी निर्यात गरेर पनि हामीले आत्मनिर्भर कसरी बन्ने हो? यो पनि त लक्ष्य लिएर जान के गलत हो त? त्यसकारणले धेरै मिडियाहरूमा धेरै प्रतिनिधि सभामा यो कुराहरू उठे र कमेन्टहरूजस्तो हाम्रा कतिपय माननीयज्यूहरूले यो उचित होइन । यसलाई हामीले सहजतापूर्ण वातावरणमा र सौहार्द वातावरणमा यसलाई सकारात्मक लिनुपर्छ । र यदि त्रुटिहरू छन् भने यसलाई औंल्याउन पनि पर्छ विपक्षी सांसदहरूको धर्म पनि हो औंल्याउने । त्यसकारणले सही बाटो देखिन्छ । यो विषयमा हामीले धेरै धेरै नै सकारात्मक हामीले लिएका छौँ र हाम्रा प्रधानमन्त्रीजीले जुन चार दिन भ्रमणमा गएर आउनुभो' एउटा राजनीतिको विश्वासको वातावरण बनाउनुभएको छ । जुन एउटा हाम्रो विश्वासको वातावरण थिएन । त्यो एउटा विश्वासको पनि वातावरण बन्यो त्यसलाई हामीले यसलाई सकारात्मक हामीले लिएका छौँ र हाम्रो बजेटहरूमा सबभन्दा हामी बजेटमा अलिकति कहाँ त्रुटिहरू छन् भने । हाम्रा मृगेन्द्र माननीयज्यूले पनि कुरा राखुभो' । (१ मिनेट अझै माननीयज्यू समय चाहिन्छ ।) जुन हामीले बजेटहरू निर्माण गर्दाखेरि बजेट पिछडिएको क्षेत्र र मानव सूचकाङ्कमा पछि परेका व्यक्तिहरूको लागि बजेट बनाइन्छन् तर कतै न कतै यसमा पनि त्रुटि छन् । जुन मधेस प्रदेशमा तपाईंको ६१ लाख जनसङ्ख्या छन् । त्यसमा १३ अर्ब छन् । बागमतीमा ६० लाख जनसङ्ख्या छन् । त्यसमा १५ अर्ब छन् । लुम्बिनीमा ५१ लाख जनसङ्ख्या छन् । त्यसमा १५ अर्ब छन् । प्रदेश १ मा ३९ लाख जनसङ्ख्या छन् । त्यसमा १६ अर्ब छन् । सुदूरपश्चिममा २७ लाख छन् । त्यसमा १४ अर्ब बजेट छुट्याएको छ । गण्डकीमा २४ लाख छन् । त्यसमा १३ अर्ब छुट्याएको छ र कर्णालीमा १६ लाख

छन् भने त्यसमा १६ अर्ब बजेट छुट्याएको छ । यसमा पनि हामीले ध्यान दिनुपर्ने कुराहरू थियो तर यसमा हामी ध्यान दिएनौं खास गरेर .....(समय सकिएको) ।

**सम्माननीय अध्यक्षः**- माननीय सुरेश कुमार आलेमगर । समय ८ मिनेट । यसपछि माननीय सोनाम गेल्जने शेर्पा ।

(१५:५४ बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, हिजो आफूले भनेको कुरा जस्ताको तस्तै आज अरूले भन्दा पनि बखडा झिक्ने, विरोध गर्ने र एउटा त्रोनिक समस्याको रूपमा देखा परेको समस्यालाई, विज्ञहरूले भनेको एउटा विकल्पलाई समाधानको रूपमा हुन्छ कि भनेर राख्दा पनि त्यसमा राष्ट्रघात देख्ने, त्यसमा विरोध गर्ने, हुँदा हुँदा यहाँसम्म कि सदन अवरोध गर्नेसम्म पनि जाने रोग छिमेकमा देखा परेको अवस्था र एकजना नेताज्यूले तिमीहरू त नुन खाको कुखराजस्तो भयौ भनेर भन्नुभएको हुनाले आज उहाँका कार्यकर्ताहरू रगत खाएको बाघजस्तो बनेर आउनुहुने हो कि भन्ने आशङ्काका बिचमा यो १३५ पृष्ठको यो बजेट वक्तव्य अध्ययन गरेर, अध्यापान्त गरेर ७, ८ मिनेटमा प्रस्तुत गरेर केही बुँदाहरू यहाँ लिएर आएको छु । त्यो पेस गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, यो बजेट जस्तो गठबन्धन सरकार छ, त्यस्तै छ । नीति कार्यक्रम जस्तो थियो, यो त्यस्तै छ । यो गठबन्धन सरकार हो । यो चिल र कुखराको सम्मिश्रण हो । नयाँ र पुरानोको सम्मिश्रण हो । कुखरा स्वभावतः अन्तत आकाशमा चिलजस्तै उठ्न सक्ने थिएन । चिल तल झर्न सक्ने थियो तर कुखराजस्तै फुत्त फुत्त उफ्रन र हिँड्न त्यो उचित थिएन । त्यसैले यो कुखरा र चिलको सम्मिश्रणजस्तै यो बजेट आएको छ भन्ने मलाई लाग्दछ । त्यसैले यो बजेट यथार्थपरक छ । यो बजेट सन्तुलन छ । यसले समस्याको पहिचान गरेको छ । यसले समाधान पनि दिएको छ । यसले साधारण खर्चमा वृद्धि र पुँजीगत खर्च क्रममा प्रभावकारिता नबढेको भनेर स्वीकार्य गरेको छ । र त्योभन्दा पनि अर्को मुख्य कुरा सम्माननीय अध्यक्षज्यू, मुलुक अर्थतन्त्र र बजेट प्रणालीमा देखिएका समस्या र चुनौतीहरूको समाधान तत्कालै र एकैपटक सम्भव छैन । तर सुधारका लागि इमान्दारी सुरुवात हो भनेर स्वीकार गरेको छ । त्यसकारणले यो बजेटलाई म समर्थन गर्न चाहन्छु ।

यसलाई प्राथमिकतालाई पनि विल्कुल सही किसिमले वर्गीकरण गरेको छ । कृषि, उर्जा, पर्यटन, लगानी प्रवर्धन, औद्योगिक विकास, व्यापार सन्तुलन आदि । अगि मैले भनेको थिएँ,

यसमा नयाँ कुराहरू पनि छन्, पुराना कुराहरू पनि छन् । नयाँ मात्रै लिएर अगाडि बढ्न सक्ने थिएन यो बजेट । पुराना कुरामा मात्रै अडेर पनि उचित हुने थिएन । त्यसैले दुइटै कुराहरूको सम्मिश्रण, दुइटै कुराको सन्तुलन यो बजेटमा पाइन्छ । जस्तैः प्रधानमन्त्री कृषि आधुनिकीकरण, प्रधानमन्त्री रोजगार कार्यक्रम आदि इत्यादि । यो सबै कायम राखेको छ । त्यसै गरी जडिबुटीको व्यवसाय गर्ने कुरालाई पनि यसलाई चैं के छ भन्दाखेरि ध्यान दिएको छ । रैथानेमा गर्व गरौं भन्ने नाराका साथ जुम्लाको मार्सीधान, पाल्पा सल्यानको अधुवा, गुल्मीको कफी, मुस्ताङको आलुलाई ब्रान्डिङ गरेर अगाडि बढाउने कुरामा पनि यसले ध्यान दिएको छ ।

र अर्को महत्त्वपूर्ण कुरा भनेको दुर्गम, पिछडिएको क्षेत्रको आयोजना र कार्यक्रममा जुन रकम विनियोजित गरेको छ, त्यसलाई अन्यत्र सार्ने प्रवृत्तिलाई कडाइका साथ निरुत्साहन गर्ने कुरा पनि यसले गरेको छ । अर्को महत्त्वपूर्ण कुरा भनेको मलाई के लाग्छ भन्दाखेरि सम्माननीय अध्यक्षज्यू, वास्तविक सुकुम्बासीको वैकल्पिक व्यवस्था गर्ने र बाग्मती, विष्णुलगायत नदी किनारमा बसेका अनधिकृत बस्ती हटाउने भन्ने कुरा पनि गरेको छ । र नयाँ र सकारात्मक कुराहरू यसमा छ ।

प्रतिपक्षका माननीयज्यूहरूले जुन भन्ने गर्नुहुन्थ्यो नयाँ कुरा छैन भनेर । म केही दृष्टान्त राख्न चाहन्छु । सबभन्दा पहिले कूल पुँजीगत बजेटको एक प्रतिशत अनुसन्धान नर्वप्रवर्तन आविष्कारमा खर्च गर्ने र सोको लागि छुट्टै कोष स्थापना गर्ने, एक अर्ब विनियोजन गर्ने । यो नयाँ नै हो क्यारे । योभन्दा अगाडि त मैले कुनै पनि बजेटमा पाएको थिएनँ त । यो पनि नयाँ होइन र? त्यसै गरी सम्माननीय अध्यक्ष महोदय, water fount himalayas geta medical college लाई सहिद दशरथचन्द स्वास्थ्य बिमा प्रतिष्ठानको रूपमा सञ्चालन गर्ने, यो पनि नयाँ हो । यसो गर्दाखेरि के हुन्छ भने आदरणीय सहिदको सम्मान पनि हुन्छ । दशरथचन्द सहिदको स्मृतिमा त्यो मेडिकल कलेज नामाकरण र त्यसलाई एउटा स्वास्थ्य विज्ञान प्रतिष्ठानको रूपमा चैं लैजाने कुरा, अर्को नयाँ कुरा मलाई के लाग्यो भने सम्माननीय अध्यक्ष महोदय, हिंसा पीडित महिलाको पुनः स्थापना गर्न भक्तपुरको सूर्यविनायकमा मङ्गला साहना पुनः स्थापना गर्ने । यो कार्यक्रम, यो योजना पहिला पहिलाको बजेटमा थियो र? सम्माननीय अध्यक्ष महोदय, मैले त हेरें । कुनै पनि बजेटमा थिएन त?

त्यसै गरी काठमाडौं र बुढानिलकण्ठमा रहेका काठमाडौंको बुढानिलकण्ठ, पोखराको गण्डकी स्कुलको मोडालिटीमा अरू स्कुल स्थापना गर्ने । कहाँ कहाँ भन्दाखेरि धनकुटा, बर्दीबास, तानसेन, सुर्खेत र डरेलधुरा । एक एकवटा नमुनासमेत विद्यालय स्थापन गर्ने, यी

कुराहरू छन् । Great himalayan trail पूर्वको ताप्लेजुङदेखि पश्चिमको दार्चुलासम्म Great himalayan trail हिन्दु सांस्कृतिक सर्किट, किराँत सांस्कृतिक सर्किट, लुम्बिनी सांस्कृतिक सर्किटहरू बनाउने कुरा खुल्ला सांस्कृतिक सङ्ग्रहलाई खोटाङको तुवाचुङ क्षेत्र, मधेसको मिथिला क्षेत्र र बाजुराको बडीमालिका यी सबै मिलाएर एउटा विभिन्न सांस्कृतिक सर्किट निर्माण गर्ने कुरा पनि महत्त्वपूर्ण र नयाँ कुरा हुन् जस्तो मलाई लाग्छ, यो बजेटमा ।

त्यसै गरी गोरखामा जनजातिको संस्कृति झल्कने यो जीवन्त सङ्ग्राहलय राख्ने भन्ने कुरा छ । बरु यो जीवन्त सङ्ग्राहलय गोरखामा नै किन छानियो? यसमा मेरो चैं अलिकति जिज्ञासा छ । नेपालको तथाकथित एकीकरणकर्ता पृथ्वी नारायण शाहको नामको हिसाबले हो भने त्यहाँ हाम्रो आपत्ति छ । अरू कारणले हो भने त्यो फेरि स्वीकार्य नहोला ।

(१५:५९ बजे) <u>पुनःपीठासीन</u>:- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिना ।

**<u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- त्यसै गरी मगर संस्कृति पर्यटन आदि इत्यादि गर्ने कुरा जो छन्, यी सबै कुराहरू धेरै महत्त्वपूर्ण छन् । नयाँ पनि छन् । र यो यस बजेटका एउटा धेरै महत्त्वपूर्ण खालका चैं योजनाका रूप छन् भन्ने मलाई लाग्दछ । र केही कुराहरू छन् । जस्तै अब यो संसदीय क्षेत्र पूर्वाधार विकास क्षेत्र भन्ने जुन छ, यो बारेमा हाम्रो पनि केही एक प्रकारले असहमति रहेको छ । यदि प्रत्यक्ष निर्वाचित, प्रतिनिधि सभाका प्रत्यक्ष निर्वाचित माननीयज्यूहरू प्रत्यक्ष निर्वाचित हुन् भने हामी पनि त प्रत्यक्ष निर्वाचित हौं । अझ उहाँहरूको भन्दा ठुलो निर्वाचन क्षेत्र हाम्रो रहेको छ । उहाँहरूको त एउटा जिल्लाको एउटा क्षेत्र मात्रै होला, हाम्रो त सिङ्गो प्रदेश रहेको छ । के हामी निर्वाचित होइनौं र? त्यसरी यसलाई ध्यान दिनुपर्ने हुन्छ होला । र यस बारेमा पुनः विचार गर्नुपर्ने हुन्छ होला ।

र यो क्यान । यो क्यानलाई प्रतिस्थापना गर्ने कुरा आएको छ । यसलाई नियमक र सेवाप्रदायक दुइटा बनाउने कुरा आएको छ । त्यसै गरी paperless government को धारणा पनि छ । यो कुरा प्रविधिको विकासको हिसाबले ठिकै छ । तर नेपालमा चैं कस्तो छ भन्दाखेरि सिङ्गो प्रविधि, whole technology नै ह्याक हुने, त्यस्तो खालको अवस्था पनि छ । त्यसले गर्दा यसमा विचार गर्नुपर्ने हुन्छ जस्तो मलाई लाग्छ ।

नेपाल विद्युत् प्राधिकरणलाई पुनः संरचना गरी व्यावसायिक निकायको रूपमा लैजाने भन्ने कुरा छ । त्यसै गरी सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत यो भुस परालको छानालाई, यो जस्तापाता छानाले विस्थापित गर्ने भन्ने कुरा छ । त्यसमा स्लेट ढुङ्गाले प्रस्तावित गर्दा ठिक होला भन्ने लाग्छ । जसलाई ..... कुरा यसमा छैन । त्यसै गरी भानुभक्त प्रणाली उद्यनको कुरा पनि यो बजेटमा छैन ।

अर्को सम्माननीय अध्यक्ष महोदय, यो प्रतिष्ठान आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान खारेज गर्ने कुरा छ । हुनत यो सूचीमा छैन । हल्का मैले त्यस्तो सुनेको छु । आदिवासी जनजाति आयोग भएको हुनाले आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठान खारेज गर्नुपर्छ भन्ने हल्ला चल्यो भन्ने सुनेको छु । त्यो दुइटै निकायको प्रकृति बेग्लाबेग्लै छ । त्यसैले आदिवासी उत्थान र राष्ट्रिय प्रतिष्ठान खारेज नगरियोस् । म यो माग गर्न चाहन्छु ।

र अन्तमा फेरि पनि यो बजेट कुखरा र चिलको सम्मिश्रण छ । नयाँ र पुरानाको सम्मिश्रण छ । त्यसैले यो सन्तुलित छ । यो यथार्थपरक छ भनेर ...... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सोनाम गेल्जेन शेर्पा । समय ६ मिनेट । यसपछि माननीय गंगा कुमारी वेलबासे ।

(१६:०२ बजे) **माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, आर्थिक वर्ष २०८०/०८१ बजेटको सम्बन्धमा म केही कुरा राख्न चाहन्छु । सबैभन्दा ठूलो कुरो हामी विभिन्न दलबाट आ'को छौं । भिन्दा भिन्दै सिद्धान्त छ । तर हामीले यहाँ प्रयोग गर्ने भनेको एउटै मुल मन्त्र छ, नेपालको संविधान । त्यो संविधानलाई शिरमा राखेर हामी बजेट बनाउनुपर्छ भन्ने मान्यता म राख्छु । हाम्रो संविधानले के भनेको छ त? समतामुलक समाज, समाजवादी अर्थतन्त्र त्यस्ता कुरालाई ध्यानमा राखेर हामीले बजेटलाई ल्याउनुपर्छ । हामी यहाँ पक्ष छौं । प्रतिपक्ष छौं । एक अर्कामा आरोप प्रति आरोप गरिरा'को छौं । मान्छेको मुख हेरेर थपडी बजाइरा'को छौं । तर हाम्रो मुल गन्तव्य स्थान र हाम्रो मिलन बिन्दु भनेको नेपालको संविधान नै हो जस्तो मलाई लाग्दछ । यहाँ विभिन्न विचारधाराका छौं । त्यसमा पनि हामीले विभिन्न तिथिहरूमा सम्झौताहरू गऱ्या छौं । हस्ताक्षरहरू गऱ्या छौं । दिगो विकासको लक्ष्य २०३० लाई हामीले अनुमोदन गरिसकेका छौं । त्यसै गरेर हाम्रै आन्तरिकभित्र पनि हामी पञ्चवर्षिय योजनाहरू पन्ध्रौ पञ्चवर्षिय योजना अब सोह्रौ पञ्चवर्षिय योजनातिर लागिरहेका छौं । हाम्रो अर्थतन्त्रलाई कसरी त्योसम्म पुऱ्याउने त? हामीले एउटा

गोल त निर्धारण गरेका छौं नि त त्यो गोलमा जानको लागि हामीले हाम्रो अर्थतन्त्रहरू कसरी पुऱ्याउने भन्ने कुरामा बजेटले प्रमुख भूमिका खेलेको हुन्छ । मलाई यहाँ उभिएर भन्नुपर्दाखेरि म यहाँ प्रतिनिधि भएर आ'को छु । म नेपालको संविधानको संविधानलाई परिपालना गर्छु भनेर प्रतिनिधि भएर आ'को छु । मैले हिजो चुनाव लड्दा पनि संविधानमार्फत नै चुनाव लडेको हुँ । त्यसकारण यहाँ प्रतिपक्ष, पक्षभन्दा पनि हाम्रो मिलन बिन्दु चाहिँ कहाँ हुन सक्छ त? हाम्रो देशलाई समृद्ध कसरी बनाउन सकिन्छ भन्नेतिर सोंच्न जरुरी छ जस्तो मलाई लाग्दछ ।

आर्थिक वर्ष २०८०/०८१ को बजेटले जम्मा हाम्रो यो ११ खरब ४१ अरब ८८ करोडको बजेट छ हाम्रो यसमा पूँजीगततर्फ ३ खरबको यो जुन किसिमको बजेट छ । त्यसमा हामीले वित्तीय व्यवस्थापनतर्फ ३ खरब ३ अरब ७ करोडको चाहिँ १७ पोइन्ट २५ छ । खर्च अनुमान हामीले चालु आर्थिक वर्षको विनियोजन तुलनामा  २ पोइन्ट तीन सात कम र संशोधित अनुमान वर्षको विनियोजित तुलनामा सोह्र पोइन्ट तीन सात कम गऱ्या छौं । र प्रदेश र स्थानीय हस्तान्तरण भनेर ४ खरब ८ करोड गर्या छौं । अब यसमा अनुमानित बजेट हामीले राजस्वबाट १२ खरब ४८ अरब ६२ करोड उठाउने भन्या छौं । त्यो हामी सम्भव देख्दैनौं । त्यसले के गर्छ भन्दाखेरि हामीले वैदेशिक ऋणलाई प्राथमिकता दिएका छौं । र आन्तरिक ऋण उठाँउने हामीले चाँजोपाँजो मिलाका'छौं । त्यसमा पनि वैदेशिक ऋणहरू आउने सम्भावना देखिँदैन । त्यसमा हामीले आन्तरिक ऋणहरू उठाइसकेपछि त्यो आन्तरिक ऋण एउटा कुरो आन्तरिक ऋण उठाइसकेपछि बजारमा हाम्रो मौद्रिक नीति कस्तो हुन्छ? बजारमा तरलता हाम्रो कस्तो हुन्छ? त्यसकारण हामी सिङ्गल डिजिटमा चाहिँ बैङ्कका ब्याजहरूलाई चाहिँ घटाउँछौं भनिरहेका छौं । सिङ्गल ब्याजहरू हामीले ल्याउन सक्छौं कि सक्दैनौं? वान डिजिटमा बैङ्कका ब्याजहरू ल्याउन सक्दैनौं? यसले गर्दाखेरि बैङ्कका ब्याजहरू बढ्ने उद्योगधन्दा धरासायी हुने हिजो एक जना माननीयज्यूले भन्नुभो' हामी व्यापारी जस्तो कुरा नगरौं । ट्याक्स तिरौं हामी । हामी चाहिँ यो आदर्शको कुरा हो । अर्थतन्त्र चलायमान हुन सक्दैन भने कसरी यो ट्याक्स तिर्ने? जब अर्थतन्त्र चलायमान हुन्छ । मान्छेले व्यापार गर्न पाउछन् । व्यावसाय राम्रोसँग चल्छ अनि सरकारलाई ट्याक्स आउछ । त्यसकारण देशमा अर्थतन्त्र चलाएमान बनाउनुपऱ्यो ।

अब हामीले पर्यटन क्षेत्रबाट २३ सम्म २०२३ सम्म हामीले १० लाख चाहिँ विदेशी पर्यटक ल्याउछौं भनिरा'को छौं ।  विदेशी पर्यटक भनेको सिजनल हुन्छ । उनीहरूको देशमा पनि कहिले बिदा हुन्छ के हुन्छ । त्यहीअनुसार उनीहरूले चाहिँ नेपाल घुम्न आउछ । हामी १० लाख ल्याउन सक्छौं त? सानो उदाहरण म भन्छु । हाम्रो संरचनाहरू कस्तो छ? त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको चाहिँ संरचनाहरू कस्तो छ? मेरै गाउँ सगरमाथाको क्षेत्र लुक्ला जहाँ

६५ फ्लाइट दिनमा हुन्छ । उढ्न सक्यो भने ७०/८० फ्लाइट हुन्छ । यहाँ काठमाडौंबाट उढ्न चाह्यो भने ट्राफिक जाम्ममा फसेर उसले १० फ्लाइट पनि गर्न सक्दैन । तर त्यही पर्यटकलाई चाहिँ रामेछाप भएर रामेछापबाट उढ्दा बल्ल तल्ल ६५ फ्लाइट गर्छ । भन्दाखेरि हाम्रा संरचनाहरू कस्तो छन् त? हामीले क्यारिङ्ग क्यापासिटी थेग्न सक्छौं? हाम्रो होटलको संरचनाहरू कस्ता छन्? हाम्रा यातायातका सुविधाका संरचनाहरू कस्ता छन? हवाइ सुधारका संरचनाहरू कस्तो छन्? त्यसतर्फ सरकारले विचार नगरीकन एकै चोटी १० लाख टुरिष्ट ल्याउछु भन्नु चाहिँ दिवासपना जस्तो हो भन्ने मलाई लाग्दछ । म पर्यटन क्षेत्रमै काम गरेको हुनाले त्यसकारण धरातलमा बसेर सोध्नुपऱ्यो? धरातलको यथार्थ के हो? आकाशमा बजेट बनाउनुभएन । त्यसकारण भन्न सजिलो छ । गर्न गाह्रो छ । त्यसकारण यसतर्फ पनि सरकारको ध्यान जाओस् भन्ने म अध्यक्षमार्फत सरकारको ध्यान आकृष्ट गर्न चाहन्छु ।

र अन्तमा यो बजेटको एउटा मिलन विन्दु भनेको मैले अघिनै भने सबैले संविधान च्यापौं सङ्घीयता बुझेको कोहि पनि रहेनछ यो बजेट बनाउनेमा । यो समाजवादी अर्थतन्त्र बुझेको कोही पनि रहेनछ । त्यसकारण यो समाजवादी अर्थतन्त्र, यो सङ्घीताको बजेट ल्याउने अर्को वर्ष चाहिँ प्रयास होस् भनेर म अर्थ मन्त्रालयका कर्मचारी मित्रहरू, सचिवज्यूहरू सबैलाई यहीँबाट आग्रह गर्न चाहन्छु । र राष्ट्रपतिज्यूको नीति र कार्यक्रम र अहिलेको जुन किसिमको बजेट आयो ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गंगा कुमारी वेलबासे । समय ८ मिनेट ।

(१६:०९ बजे) **<u>माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष २०८०/०८१ को राजस्व व्ययको आर्थिक अनुमानमाथि हामी छलफल गर्दै छौं । बजेट ठुलो ल्याइयो । यस्तो सङ्कटको बेलामा भन्ने विषयहरू उठेका छन् । यी विभिन्न क्षेत्रमा बजेट पुगेन हाम्रो क्षेत्रमा गएन भन्ने विषयहरू उठेका छन् र बजेट भाषण गरिराख्दाखेरि मलाई के लागिरहेको थियो भने जहाँ जहाँ अप्ठ्यारो स्थिति सिर्जना भ'को अथवा प्राथमिकतामा परेको छैन । त्यस्तोमा ताली बजिरहेकोजस्तो पनि लागेको थियो । जङ्गललाई काट्न मिल्ने र अर्को ठाउँमा प्रतिस्थापन गर्ने भन्ने ठाउँमा ताली बज्थ्यो । गाँजा खेतीलाई प्रोत्साहन गर्ने अथवा त्यसको चाहिँ अनुसन्धान गर्ने भन्ने विषयमा ताली बज्थ्यो र जहाँ बजेट व्यवस्था गरिएको छैन । नीति कार्यक्रममा ल्याइएको छैन भनेर यहाँ उठेका विषयहरू थिए । ती विषयहरू आउँदाखेरि ताली बजिराखेको थिएन । त्यो हेर्दाखेरिको कस्तो

लागिरहेको छ भने एकदमै एकाङ्की ढङ्गले समर्थन वा विरोध भएको मलाई महसुस भएको छ । र यहाँसम्म आइपुग्दाखेरि हामी लगभग यो राष्ट्रिय सभाको यो छलफलको अन्तिम अन्तिम समयमा आइपुगेका छौं र त्यही ढङ्गले छलफल भैराखेको छ र मलाई के लागिरहेको छ भने अहिले जुन ढङ्गको बजेट ल्याइएको छ । यो नयाँ निर्वाचनपछि नयाँ सरकार बनिसकेपछिको जुन नीति कार्यक्रम र बजेट आएको अहिले समय सान्दर्भिक छ र अहिले यसरी ल्याएको बजेट लागु गरेर जानुपर्छ र लागु गर्दाखेरि हामी अर्को वर्षको बजेट नीति कार्यक्रममा अहिलेको आर्थिक स्थितिबाट माथि उठ्ने छौं र हामीले बजेटको अहिलेको सङ्कटलाई पार गरेर हामीले एउटा अगाडि बढ्ने छौं भन्ने एउटा विश्वास लिएको छु र यो बजेटलाई म यसरी नै समर्थन गर्दछु ।

यसमा आएका सबै पक्षहरू ठिक छन् र सबै पक्षहरू गलत छन् भन्ने कोणबाट हामी मुक्त हुनपर्छ र नीति र कार्यक्रम बजेटले ल्याउने एउटा प्रक्रिया हो । हामी सबैले जानेका छौं । पुँजीगत क्षेत्रमा बजेट किन बढाउन सकिँदैन र अरू बजेट किन बढेर आउँछ यी सबै विषयहरू हामीले जानिसकेका छौं । हामीसँग भएका कर्मचारीहरू, हामीसँग भएका संस्थाहरू, हामीसँग भएका संरचनाहरूलाई हामी बजेट छुट्याउनुपर्छ भन्ने कुराहरू पनि हामीले बुझिसकेका छौं । त्यसो भ'को हुनाले यो नीति कार्यक्रम र बजेटमा हामी आइपुग्दाखेरि आजको ठाउँबाट उठेर हामी अगाडि बढ्नुपर्छ भन्ने मलाई लाग्दछ ।

अर्थतन्त्रमा देखिएको समस्या चुनौतीलाई सम्बोधन गर्दै अर्थतन्त्रलाई गतिशील बनाउने, निजी क्षेत्रको मनोबल उच्च बनाउने, दिगो एवम् फराकिलो वृद्धिसहितको सबल अर्थतन्त्र निर्माण गर्ने आम जनताको विकास र समृद्धिको चाहानालाई सम्बोधन गर्ने भनेर बजेटले अगाडि नै सम्बोधन गरेको छ । सीमान्तकृत, पिछडिएका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुऱ्याउनेतर्फ बजेट कार्यक्रम लक्षित हुनुपर्थ्यो भएको छ । कृषि हाम्रो प्राथमिकताको क्षेत्र हो धेरै वर्ष भयो कृषिमा प्रविधि भित्र्याउनुपर्छ भनेका छौं । स्थानीय उत्पादनको संरक्षण गर्ने भनेका छौं । गुणस्तरीय बिउ उत्पादन गर्ने आत्मनिर्भर बनाउने योजनाको सुरु गर्ने योजना अहिले आएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लागु गर्न जोन, सुपरजोन, ब्लक र स्थानीय तहहरूलाई सम्बोधन गरिएको छ ।

योजना झोलामा उद्योगधन्दाहरु झोलामा बोल्ने ठाउँबाट अहिले फरक भएर अहिले उत्पादन भैसकेपछि उत्पादनमा अनुदान दिने नीति सरकारले ल्याएको छ र बजेटले त्यसलाई सम्बोधन गरेको छ । त्यसरी फलफूल जोनहरू बनाउने नगदेबालीलाई प्रवर्धन गर्ने नीति सरकारले ल्याएको छ । देशको विभिन्न ठाउँमा कृषि थोक बजारको व्यवस्था गर्न सरकारले

योजनाहरू ल्याएको छ । किसानलाई आफ्नो उत्पादनको उचित मूल्य दिन खाद्यान्न, धान, गहुँलगायतका प्रमुख खाद्यान्न बालीमा भित्र्याउनुपर्ने समर्थन मूल्य तोक्ने नीति ल्याएको छ । यसमा मुख्य खाद्यान्नहरू के के हुन् भनेर सरकारले तोक्ने छ । र यसमा तेलहन र दलहनहरूलाई पनि सम्बोधन हुने छ भन्ने कुरा म राख्न चाहन्छु । नेपालको वन जनताको धन भन्ने कुरालाई पुष्टि गरेर जानुपर्दछ । वन पाल्ने तर समस्यामा चाहिँ नेपाली जनताहरू जगडिने यो ठाउँबाट हामी मुक्त हुनपर्छ ।जङ्गलको आसपासमा रहेका सुकुमवासीहरू गौचरण भनेर जहाँ गौचरण पनि छैन । मान्छे बसिराखेको छ । बिसौं वर्षदेखि बसिराखेका सुकुमवासीहरूलाई जुन कुनै नीतिअन्तर्गत सम्बोधन गर्न सकिन्छ नियम र कानुनमा संशोधन गरेर भए पनि एकपटकलाई सुकुमवासीहरूलाई सम्बोधन गरेर बसेको ठाउँमा लालपूर्जा दिने नीति सरकारले लिनुपर्दछ ।

यस्तै गरेर शिक्षामा केही सम्बोधन गरिएको छ । विगतमा पनि शिक्षालाई सम्बोधन गर्ने गरिएको थियो । यसपटक बजेट बढाएर ल्याइएको छ । यो एउटा राम्रो कुरा छ । विद्यालयमा खाने जङ्क फुडहरूलाई यो पत्रु खानालाई निषेध गरिएको छ र विद्यालय क्षेत्रैबाट विद्यार्थीहरूलाई जानकारी गराउनुपर्छ कि यो पत्रु खानाको विकल्प छ र पौष्टिक आहारहरू चाहिँ घरभित्र पनि त्यसरी नै खानुपर्छ भन्ने कुराहरूलाई हामीले जानकारी गराउनको लागि पाठ्यपुस्तकमा पनि पौष्टिक खानाहरू के के हुन् भन्ने कुरालाई अझै स्पष्ट पारेर जानुपर्दछ । बच्चाहरूलाई सरकारी स्कुलमा पढ्न राख्न र त्यहाँबाट अगाडि बढ्दाखेरि जनतालाई हुने सुविधाहरूको बारेमा अझै स्पष्ट सरकारले नीति बनाओस् र ल्यायोस् भन्ने कुराहरूमा म जोड दिन चाहन्छु । बाल शिक्षाका बाल विकासमा काम गरिराख्नुभएका शिक्षिकाहरूलाई दरबन्दीअन्तर्गत ल्याउनका लागि म सरकारलाई अनुरोध गर्न चाहन्छु । विद्यालयमा लामो समयदेखि काम गरिराखेका कर्मचारीहरू लेखा र सहयोगीको रूपमा काम गरिरहनुभएका कर्मचारीहरूलाई दरबन्दीमा ल्याउनको लागि म सरकारलाई अनुरोध गर्न चाहन्छु । विश्वविद्यालयमा पढ्दै कमाउँदै गर्ने नीतिलाई अगाडि बढाइयोस् भन्ने कुराहरू भन्न चाहन्छु । दिगो विकासका लक्ष्यलाई पूरा गर्न जलवायु परिवर्तनमा देखिएको समस्याहरूलाई हल गर्न सरकारले नीति ल्याएको छ । यस्तै गरेर बन्द अवस्थामा रहेका उद्योगधन्दाहरूलाई खोल्न र सूचना प्रविधिका साधनहरूमा कर नलगाउन र आधारभूत वस्तुहरू र दैनिक उपभोगका वस्तुहरूमा कर घटाउन म सरकारसँग अनुरोध गर्दछु । यस्तै गरेर महिला विभाग चाहिँ जुन खारेज गरेको छ । यस्तै गरेर निर्वाचन आयोग खारेज गरेको छ । यी आवश्यक संस्थाहरू हुन् र यिनीहरूलाई खारेज गर्नहुँदैन भन्ने कुराहरू म राख्न चाहन्छु । .....(समय सकिएको) ।

(१६:१७ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम नसकिएकोले आगामी बैठकमा समेत छलफल जारी रहने र माननीय सदस्यहरूले उठाउनुभएका विषयका सम्बन्धमा माननीय अर्थमन्त्रीले जवाफ दिनुहुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल जेठ २६ गते शुक्रवार बिहान ११ बजेर ३१ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल जेठ २६ गते शुक्रवार बिहान ११ बजेर ३१ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १६:१८ बजे ।**